सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१० वैशाख २०८१, सोमबार (22 April 2024, Monday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १८ ■ अंक १० ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

अख्तियारको हिरासतमा रहेका पौडेलद्वय विकल र सुनीलविरुद्ध दोस्रो मुद्दा

नयाँ पत्रिका

■ सुनीलको २५ करोड सम्पत्तिमा २३ करोड अवैध, विकलले पदमै रहँदा अमेरिकी पिआर लिएको पुष्टि



सुनील पौडेल

विकल पौडेल

सूचना प्रविधि क्षेत्रका शृंखलाबद्ध भ्रष्टाचारमा मुछिएका विकल पौडेल र सुनील पौडेलविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले दोस्रो मुद्दा दायर गरेको छ। नेपाल टेलिकमका निलम्बित प्रबन्ध निर्देशक सुनीलविरुद्ध गैरकानुनी सम्पत्ति आर्जन र सुरक्षण मुद्रण केन्द्रका पूर्वकार्यकारी निर्देशन विकलविरुद्ध सरकारी ओहोदामा रहँदा विदेशी पिआर लिएको अभियोगमा आइतबार मुद्दा दायर भएको हो। पौडेलद्वय तीन महिनादेखि अख्तियारको हिरासतमा छन्।

यसअघि सुनीलविरुद्ध नेसनल पेमेन्ट गेटवे तथा विकलविरुद्ध सेक्युरिटी प्रेस खरिदसम्बन्धी भ्रष्टाचार मुद्दा दायर भइसकेको छ। जसमा सुनीललाई विशेष अदालतले दोषी ठहर गरेको छ भने विकलविरुद्धको मुद्दा विचाराधीन छ। उनीहरू थप भ्रष्टाचारमा संलग्न रहेको, अकुत सम्पत्ति आर्जन गरेको, विदेशमा सम्पत्ति लुकाएकोलगायत गम्भीर किसिमका उजुरी परेपछि आयोगले गत १० माघमा पक्राउ गरी हिरासतमै राखेर अनुसन्धान गरिरहेको छ।

देशका ठूला 'आइटी माफिया'का रूपमा बदनाम रहेका सुनील र विकल एक-अर्कामा निकटस्थ व्यक्ति हुन्। उनीहरूविरुद्ध आयोगले थप भ्रष्टाचार घटनामा अनुसन्धान गरिरहेको छ।

सुनील ०६१ जेठदेखि सरकारी सेवामा आबद्ध भएका हुन्। सुरुमा उनी राष्ट्रिय सूचना प्रविधि केन्द्र सिंहदरबारमा प्रशासकीय अधिकृतको रूपमा प्रवेश गरेका थिए। त्यति वेला एक वर्ष आठ महिना मात्र काम गरेका उनी ०६५ मा पुनः केन्द्रमा कम्प्युटर इन्जिनियर पदमा करारमा भर्ना हुँदा १० वर्ष काम गरे। ०७५ साउनदेखि ०७८ चैतसम्म काम गरेका उनी त्यसपछि नेपाल टेलिकमको प्रबन्धक निर्देशक नियुक्त भएका थिए। पदमा कार्यरत नै रहेको वेला उनीविरुद्ध भ्रष्टाचार मुद्दा दायर भएपछि गत असोजमा निलम्बनमा परेका हुन्।

सूचना प्रविधि केन्द्रको कार्यकारी निर्देशक रहँदा आफैंले टेन्डरको कोटेसन बनाई आफूनिकट कम्पनीलाई ठेक्का दिएर अकुत सम्पत्ति कमाएको अख्तियारको दाबी छ। इन्टासेफ इन्कर्पोरेसन तथा ब्यानकोटेकजस्ता अन्तर्राष्ट्रिय कम्पनीसँग मिलेर सामान खरिद गरेको र सिंगापुरमा रहेको युनाइटेड ओभरसिज बैंकमा कमिसन रकम जम्मा गरेको प्रमाणसमेत अख्तियारले फेला पारेको छ। सिंगापुरकै प्रुडेन्सियल कम्पनीमा जीवन बिमाको प्रिमियमसमेत तिर्दै आएको भेटिएको छ।

उनलाई आयोगले गत १० माघमा पक्राउ गरेको थियो। उनीविरुद्ध अन्य भ्रष्टाचार मुद्दामा पनि अनुसन्धान भइरहेको आयोगले जनाएको छ। नेसनल पेमेन्ट गेटवेसम्बन्धी भ्रष्टाचार मुद्दामा गत शुक्रबार मात्र विशेष अदालतले उनलाई दोषी ठहर गरेको थियो। सम्पत्ति जफतको प्रयोजनका लागि उनका दाइ अनिललाई समेत आयोगले प्रतिवादी बनाएको छ। तीन महिना लामो अनुसन्धानबाट आयोगले सुनीलको विदेश भ्रमण र विदेशी होटेलमा गरेको खर्चसमेत निकालेको छ।

मोबाइलमा ठेक्कामा उनले गरेका सेटिङका प्रमाणहरू आयोगले फेला पारेको छ। जसमा छुट्टै अनुसन्धान भइरहेको छ। विभिन्न ठेकदारहरूसँग टेन्डर डकुमेन्टमा सेटिङ मिलाएको छानबिनबाट पुष्टि भएको छ।

नेपाल टेलिकमका निलम्बित प्रबन्ध निर्देशक सुनीलसँग २४ करोड ९४ लाख कुल सम्पत्ति रहेकोमा त्यसमध्ये एक करोड १९ लाख रुपैयाँबराबरको मात्र स्रोत खुलेको छ। बाँकी २३ करोड ७५ लाख गैरकानुनी सम्पत्ति आर्जन गरेको अभियोगमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालतमा मुद्दा दायर गरेको छ। उनले गैरकानुनी रूपमा आर्जन गरेको सम्पत्ति विदेशमा समेत लुकाएको र दाइ अनिल पौडेलको नाममा घरजग्गामा लगानी गरेको आयोगको आरोपपत्रमा उल्लेख छ। आफूमाथि छानबिन हुन सक्ने भएकाले उनले आफ्नो नाममा खासै सम्पत्ति राखेका छैनन्। दाइको नाममा काठमाडौं, भक्तपुरलगायतका ठाउँमा घरजग्गा जोडेका छन्। सुनीलको अवैध रकममध्ये १३ करोड ५३ लाख सिंगापुरको बैंकमा छ।

आयोगले सुनील राष्ट्रिय सूचना प्रविधि केन्द्रको कार्यकारी निर्देशक हुँदाका सबैजसो ठूला ठेक्काको विश्लेषण गरेको थियो। स्वदेशी आपूर्तिकर्ताहरू वर्ल्ड डिस्ट्रिब्युसन नेपाल, ओम्नी बिजनेस कर्पोरेसन इन्टरनेसनल, म्याक्स इन्टरनेसनल र जेनेरेसन नेक्सजस्ता कम्पनीलाई ठेक्का दिएका थिए। अन्तर्राष्ट्रिय आपूर्तिकर्तामा अमेरिकाको ब्यानकोटेक र इन्टासेफ कम्पनीसँग उनको मिलेमतो देखिन्छ। ती कम्पनीले ठेक्काको कमिसन रकम सिंगापुरमा रहेको युनाइटेड ओभरसिज बैंकमा रेमिट्यान्सका रूपमा जम्मा गरेको अख्तियारको छानबिनको निष्कर्ष छ। सो बैंकमा उनको खातामा ब्यानकोटेक कम्पनीले मात्र नौ करोड ३० लाख ९७ हजार सात सय २२ रुपैयाँबराबरको अमेरिकी डलर जम्मा गरेको छ। त्यस्तै, इन्टासेफले चार करोड दुई लाख ७२ हजार रुपैयाँबराबर डलर जम्मा गरेको छ। सुनील आफैंले २० लाख १५ हजार रुपैयाँबराबर जम्मा गरेका थिए। पारस्परिक कानुन सहायता ऐनअनुसार उनको विदेशमा रहेको सम्पत्तिसमेत जफतको मागदाबी आयोगले गरेको छ।

त्यस्तै, सुरक्षण मुद्रण केन्द्रका पूर्वकार्यकारी निर्देशक विकल पौडेलले अमेरिकाको स्थायी आवासीय अनुमति (पिआर) लिएको पुष्टि भएको छ। सार्वजनिक पदमा रहँदा कानुनविपरीत पिआर लिएर भ्रष्टाचार गरेको भन्दै आयोगले उनीविरुद्ध आइतबार विशेष अदालतमा मुद्दा दायर गरेको छ।

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) को कसुरअनुसार उनीविरुद्ध मुद्दा दायर गरिएको अख्तियारका प्रवक्ता नरहरि घिमिरेले बताए। सो दफामा राष्ट्रसेवकको ओहोदामा रहँदा झुटा विवरण दिन नहुने उल्लेख छ। उनले अमेरिकाको पिआर नरहेको भनेर झुटा विवरण दिएका थिए। यस्तो कसुरमा ६ महिनादेखि एक वर्षसम्म कैद र १० हजारदेखि २० हजार रुपैयाँसम्म जरिवाना हुने प्रावधान छ। उनीविरुद्ध थप तीन वर्ष कैद सजायको समेत माग गरिएको छ। भ्रष्टाचार निवारण ऐनको दफा २४ मा विशिष्ट श्रेणीका पदाधिकारीलाई भ्रष्टाचार मुद्दामा थप तीन वर्ष सजाय हुने प्रावधान

» पृष्ठ २ मा क्रमशः

पूर्वराष्ट्रपति भण्डारीलाई सक्रिय राजनीतिको ढोका खोल्दै एमाले

२९ फागुन ०७९ मा शीतलनिवासबाट बाहिरिएपछि पार्टीका कुनै पनि कार्यक्रममा सहभागी नभएकी पूर्वराष्ट्रपति भण्डारीलाई १६ र १७ जेठमा हुने राष्ट्रिय महिला भेलाको प्रमुख अतिथि बनाउने एमालेको निर्णय

■ भण्डारी राजनीतिमा फर्किन सक्ने संकेत गरेको छ



● झलक सुवेदी
राजनीतिक विश्लेषक

एमालेले गर्ने सम्मानको कार्यक्रमले पूर्वराष्ट्रपतिको इतिहास, नेपालको लोकतान्त्रिक गणतन्त्र र महिला आन्दोलनमा उहाँ (विद्या भण्डारी)ले खेलेको योगदानको कदर गर्दै त्यसको स्वामित्व लिन खोजेको अर्थमा बुझ्न सकिन्छ। तर, पार्टीको भेलामा उहाँको सहभागिता हुँदा राजनीतिमा स्पेस छ भन्ने सन्देश दिन्छ। जे-जे उद्देश्यले गरेको भए पनि त्यसले उहाँ निकट भविष्यमा राजनीतिमा आउन सक्ने संकेत गर्छ। यसले उहाँलाई राजनीतिमा ल्याउन खोजेको वा उहाँ आफैं आउन खोजेको दुवै सन्देश दिन्छ।

शुरोजंग पाण्डे/नयाँ पत्रिका

एमालेले पूर्वराष्ट्रपति विद्या भण्डारीको सक्रिय राजनीतिको ढोका खुला गर्दै छ। सोमबार कम्युनिस्ट पार्टी स्थापनाको ७५औं वर्षगाँठको अवसरमा 'गणतन्त्र गौरव' पदकबाट सम्मान गर्दै छ भने लगत्तै मध्यजेठमा हुने राष्ट्रिय महिला भेलामा प्रमुख अतिथि बनाउँदै छ। औपचारिक निर्णय नै गरेर एमालेले त्यसको सन्देश दिइसकेको छ।

पार्टीको हीरक महोत्सवका अवसरमा आज 'गणतन्त्र गौरव' पदकबाट सम्मान गरिँदै

शनिबार उद्घाटन भएर आइतबार समापन भएको राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद्

» पृष्ठ २ मा क्रमशः

■ भण्डारीले पुनरागमन गर्ने यस्ता आधार



नवौं महाधिवेशनपछि अध्यक्ष केपी ओलीपछिको शक्तिशाली उपाध्यक्षका रूपमा विद्यादेवी भण्डारीले राष्ट्रपति निर्वाचित हुनुअघि अलगै समूह निर्माणको कसरत गरेकी थिइन्। नवौं महाधिवेशनमा थोरै मतले ईश्वर पोखरेलसँग महासचिवमा पराजित सुरेन्द्र पाण्डेलाई आफ्नो समूहमा सामेल गराउने गरी दशौं महाधिवेशनलक्षित उनको तयारी थियो। तर, ओलीको परामर्श र प्रस्तावमा भण्डारी दुईपटक राष्ट्रपति बनिन्। सिनियर नेताहरू झलनाथ खनाल र सुवास नेम्वाङ राष्ट्रपतिको आकांक्षी भए पनि वरिष्ठ नेता माधवकुमार नेपालको समेत साथ लिएर ओली भण्डारीलाई दोस्रोपटक पनि राष्ट्रपति बनाउन सफल भएका थिए।

तत्कालीन महासचिव मदन भण्डारी र जनताको बहुदलीय जनवादको विरासतका कारण पनि भण्डारी सक्रिय राजनीतिमा आउने थुप्रै नेता-कार्यकर्ताको अनुमान छ। जबजको सिद्धान्तको जगमा एमाले संसदीय राजनीतिमा ठूलो दलका रूपमा स्थापित भएकाले राष्ट्रपति भइसकेपछि पनि विरासतका रूपमा भण्डारीलाई प्रमुख नेतृत्व स्विकार्न र पार्टीलाई स्थापित गर्न सहज हुने बुझाइ भएका नेता-कार्यकर्ताको पंक्ति पनि ठूलो छ।

६१ वर्ष हाराहारी मात्र पुगेकाले पार्टी विधानअनुसार अझै सक्रिय राजनीतिका लागि भण्डारीको १० वर्ष उमेर बाँकी नै छ। जब कि अहिले अध्यक्ष ओली ७२ वर्ष टेकेका छन् भने बहुसंख्यक पदाधिकारी ६० वर्षभन्दा माथिका छन्। त्यस्तै, भण्डारीसँग पार्टीभित्र पदाधिकारी, स्थायी समिति, पोलिटब्युरोदेखि केन्द्रीय सदस्य र सांसदहरूको ठूलो पंक्ति पनि छ। जसका कारण मुख्यमन्त्री, मन्त्री, सांसदको टिकट, मनोनीत सांसद, संवैधानिक नियुक्तिदेखि पार्टीमा केन्द्रीय सदस्य मनोनीत गर्नेसम्ममा अध्यक्ष ओली भण्डारीको कुरा सुन्नैपर्ने बाध्यतामा छन्। भण्डारी सक्रिय राजनीतिमा आउँदा पनि शक्तिशाली नेताकै रूपमा स्थापित हुन सक्ने बुझाइ एकथरी नेता-कार्यकर्तामा छ।

नेपाली महिलाका लागि खुसीको कुरा हो

● गोकुल बाँस्कोटा, पूर्वसञ्चारमन्त्री तथा पोलिटब्युरो सदस्य



पार्टीले राम्रै गऱ्यो। पूर्वराष्ट्रपतिलाई पार्टी कार्यक्रममा प्रमुख अतिथि बनाउने कुरा आश्चर्यको विषय होइन। स्थापना दिवसमा सम्मान र राष्ट्रिय महिला भेलामा उहाँलाई प्रमुख अतिथि बनाउँदा सिंगो गणतान्त्रिक आन्दोलन, महिला आन्दोलनको सम्मान भएको छ। यो नेपाली महिलाका लागि पनि धेरै खुसीको कुरा हो।

पार्टी कार्यक्रममा आउनुहुन्छ जस्तो लाग्दैन


● राजेन्द्र गौतम, स्थायी समिति सदस्य तथा प्रचार विभाग प्रमुख



उहाँलाई पार्टीले गणतन्त्रको प्रतीकका रूपमा राष्ट्रिय गौरव पदकका रूपमा सम्मान गर्न लागेको हो। त्यही कुरालाई लिएर ढोका खोलेको भन्न मिल्दैन, अहिलेसम्म उहाँ पार्टीको कार्यक्रममा सहभागी हुनुभएको पनि छैन, मलाई उहाँ पार्टी कार्यक्रममा आउनुहुन्छ जस्तो पनि लाग्दैन, सहभागी हुनुभएछ भन्ने बेग्लै अर्थ लाग्ने कुरा अलग हो।



NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.



देशभर तापक्रम बढ्यो, तराईमा 'लु'

यम बम/नयाँ पत्रिका

■ ३३.५ डिग्री सेल्सियस पुग्यो काठमाडौंको तापक्रम



तस्बिर : संजित परियार/नयाँ पत्रिका

तराईका विभिन्न जिल्लामा 'लु' (तातो हावा) चल्न थालेको छ। एक सातायता वर्षा नहुँदा र वनजंगलमा डढेलो बढेसँगै भैरहवा, सिमरा, जनकपुरलगायत क्षेत्रको तापक्रम 'लु'को अवस्थामा पुगेको हो।

आइतबार तराईका पाँच ठाउँको अधिकतम तापक्रम ३८ डिग्री नाघेको छ। भैरहवामा अधिकतम तापक्रम ४०.६ डिग्री सेल्सियस मापन हुँदा जनकपुरमा ४०.२ डिग्री पुगेको छ। धनगढीमा ३८.५, नेपालगन्जमा ३८.४ र सिमरामा ३९.२ डिग्री सेल्सियस मापन भएको छ। अघिल्लो दिन शनिबार भैरहवामा ४३.६, नेपालगन्जमा ४२.२ र धनगढीमा ४१.२ डिग्री सेल्सियस अधिकतम तापक्रम मापन भएको थियो।

'तराईमा केही दिनदेखि तापक्रम बढेको छ, बादल लाग्दा आइतबार केही घटे पनि सोमबारबाट फेरि बढ्ने देखिन्छ,' जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाका मौसमविद् गोविन्द झाले भने, 'तत्काल वर्षाको सम्भावना पनि देखिँदैन।'

तर, मौसम विभागले तराईमा 'लु' चलेको आधिकारिक घोषणा भने गरेको छैन। जल तथा मौसम विज्ञान विभाग जलवायु महाशाखाका मौसमविद् सुदर्शन हुमागाईंले मधेश प्रदेशको पश्चिम क्षेत्र (रौतहट, पर्सा र लुम्बनीको भैरहवा)मा 'हिट-वे'को मापदण्ड नाघेको बताए। 'तर, यो सानो क्षेत्रमा मात्र देखिएको छ, पूरै तराईमा हिट-वे छैन,' उनले भने, 'त्यही भएर हामीले लु

» पृष्ठ २ मा क्रमशः

देशभरको अधिकतम तापक्रम बढेको छ। काठमाडौं उपत्यकामा पनि दिउँसो चर्को गर्मी हुन थालेको छ। त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल क्षेत्रमा शनिबार अधिकतम तापक्रम ३२.८ डिग्री सेल्सियस पुगेकामा आइतबार बढेर ३३.५ पुग्यो। न्यूनतम तापक्रम पनि १४.७ पुगेको छ। मौसम पूर्वानुमान महाशाखाका मौसमविद् गोविन्द झाका अनुसार काठमाडौंमा वर्षा गराउने प्रणाली निष्क्रिय बन्दा तापक्रम बढेको हो। त्यस्तै, आइतबारै दिपायलमा अधिकतम तापक्रम ३६.२, वीरेन्द्रनगरमा ३६, घोराहीमा ३५.४, पोखरामा ३२.६, ओखलढुंगामा २७.५, धनकुटामा २९.५, विराटनगरमा ३७.७ र धरानमा ३७.४ डिग्री सेल्सियस मापन भएको छ।

१५बुँदे प्रस्ताव पारित गर्दै सकियो राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद्

नयाँ पत्रिका

नयाँ सत्तासमीकरणलाई सफल, परिणामुखी र दिगो बनाउने प्रतिबद्धता व्यक्त गर्दै १५बुँदे प्रस्ताव पारित गरेर एमालेको राष्ट्रिय महाधिवेशन परिषद् बैठक सकिएको छ।

२१ फागुनमा बनेको नयाँ समीकरणप्रति सन्तुष्ट व्यक्त गर्दै त्यसलाई सफल, परिणामुखी र दिगो बनाउने प्रतिबद्धता व्यक्त गर्दै बैठक सकिएको हो। उपमहासचिव विष्णु रिमालले पाँच दलले जारी गरेको गरेको साझा संकल्प तथा कार्यक्रमले मुख्य समस्या सम्बोधन गर्न र मुलुकलाई अघि बढाउन तालिकाबद्ध र प्रभावकारी रूपमा कार्यान्वयन गर्न बैठकले आग्रह गरेको बताए। बैठकले दलहरूबीचको नयाँ समीकरणलाई कमजोर बनाउने कुनै काम नगर्न र मुलुकलाई थप अस्थिर र अन्योलतर्फ धकेल्ने कामप्रति सजक रहन तथा राष्ट्रियता लोकतन्त्र र जनताको हितलाई थप जोखिममा पर्ने काम हुन नदिन आह्वान पनि गरेको छ।

पार्टीलाई बलियो र निर्णायक राष्ट्रिय शक्तिको निर्माण गर्ने १२ बुँदे कार्ययोजना पास गरेको छ। आगामी ०८४ को निर्वाचनमा पार्टीलाई निर्णायक बलियो राष्ट्रिय शक्ति स्थापित गर्न १२बुँदे कार्ययोजना बैठकले पास गरेको छ। पार्टीको संगठनात्मक ढाँचालाई चुस्त र दुरुस्त बनाउने, सदस्यता नवीकरण तथा सदस्यता विस्तार, पार्टी स्कुलको कामलाई वार्षिक कार्ययोजना बनाई व्यवस्थित गर्ने, प्रचारको कामलाई थप प्रभावकारी बनाउने विषय कार्ययोजनामा समेटिएको छ।

त्यस्तै, जनप्रतिनिधिको कामलाई प्रभावकारी बनाउने, पार्टी कार्यालय व्यवस्थापन गर्ने, अनैतिक तथा भ्रष्ट आचरण र अनुशासनहीन क्रियाकलापमाथि नियन्त्रण गर्ने, राष्ट्रिय हित र जनसरोकारका मुद्दा आधारित जनपरिचालन गर्ने, नयाँ पुस्ताका बीचमा पार्टी कामलाई प्रभावकारी बनाउने, कार्यकर्ता व्यवस्थापन, प्रवासको पार्टी काम विस्तार र केन्द्रीय कार्यालय भवन निर्माणको विषयसमेत समेटिएको कार्ययोजना पास भएको छ।

'पार्टीलाई बलियो र निर्णायक शक्तिका रूपमा विकास गर्ने उद्देश्यअनुरूप पार्टी केन्द्रीय कमिटीको सातौँ बैठकले पार्टी निर्माणका सन्दर्भमा तीन विशेष एजेन्डामा छलफल अघि बढाएको छ। पहिलो, शुद्धीकरण र सुदृढीकरणबारे, दोस्रो, जनआधारित कार्यकर्ता पार्टी निर्माणका सन्दर्भमा र तेस्रो, राष्ट्रिय हित र जनसरोकारका विषयमा जनपरिचालन गर्ने सन्दर्भमा,' संगठनात्मक प्रतिवेदनमा भनिएको छ, 'आगामी कार्ययोजनाले उपरोक्त विषयलाई गहिरो गरी आत्मसात् गर्नुपर्छ। मिसन ग्रासरुट र समृद्धिका लागि संकल्प यात्राको सफलताले पार्टीपंक्ति योजनाबद्ध रूपमा परिचालित हुने हो भने सफलता सुनिश्चित छ भन्ने देखाएको छ। तर, हाम्रो काम गराई भने अभियानमुखीजस्तो बन्न पुगेको छ। जसबसम्म हामीले पार्टीको नियमित कामलाई नै प्रभावकारी बनाउन सक्दैनौँ, तबसम्म बलियो र निर्णायक शक्तिका रूपमा पार्टीलाई सुदृढ गर्ने उद्देश्य पूरा हुँदैन। तर्सथ अब हाम्रो ध्यान नियमित संगठनात्मक ढाँचाबाट निर्णायक भूमिकामा पार्टीलाई स्थापित गर्ने गरी अहिलेदेखि नै तयारीको काममा जुट्नुपर्दछ।'

पूर्वराष्ट्रपति...

पृष्ठ १ बाट क्रमशः

बैठकमा वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलले सोमबार हीरक महोत्सवमा राष्ट्रिय गौरव 'गणतन्त्र गौरव' पदकबाट पूर्वराष्ट्रपति भण्डारीलाई सम्मान गर्ने घोषणासहित राखेको प्रस्तावलाई सर्वसम्मतिले पारित गरेको छ। त्यस्तै, १६ र १७ जेठमा हुने २३ जनवर्गीय संगठनको राष्ट्रिय महिला भेला पूर्वराष्ट्रपति भण्डारीको प्रमुख आतिथ्यमा गर्ने निर्णय ५ वैशाखमा बसेको जनवर्गीय संगठन समन्वय संयन्त्रको बैठकले गरिसकेको छ।

२९ फागुन ०७९ मा राष्ट्रपतिबाट अवकाश भएपछि भण्डारी पार्टीले आयोजना गरेका कार्यक्रममा सहभागी भएकी छैनन्। उनी प्रमुख अतिथि रहने महिला भेलाको समापन भने अध्यक्ष केपी ओलीले गर्ने तय भएको छ। दुई कार्यकाल राष्ट्रपति भएर देशको अभिभावकत्व गरेकी भण्डारी त्यसअघि एमालेको उपाध्यक्ष र अखिल नेपाल महिला संघको अध्यक्ष थिइन्।

समग्र महिला आन्दोलनको इतिहास, नेतृत्व र उपलब्धिलाई स्मरणसहित स्थापित गराउन राष्ट्रिय महिला भेलामा भण्डारीलाई प्रमुख अतिथि बनाउने निर्णय जनवर्गीय संगठन समन्वय संयन्त्रले गरेको थियो।

राष्ट्रिय महिला भेलाको व्यवस्थापनका लागि अनेमसंघका अध्यक्ष टुका हमालको संयोजकत्वमा ११ सदस्यीय व्यवस्थापन कमिटी गठन भइसकेको छ। समितिको सचिवमा एमाले केन्द्रीय सदस्य तथा बागमती प्रदेश जनसंगठन संयोजक रचना खड्का छिन्। भेलामा सबै जनसंगठनमा रहेका महिला पदाधिकारी, केन्द्रीय सदस्य, प्रदेश पदाधिकारी र जिल्ला तहसम्मका महिला विभाग प्रमुखलाई सहभागी गराउने मापदण्ड तय गरिएको छ।

पार्टीसम्बद्ध नेता-कार्यकर्ता, शुभेच्छुक र सञ्चारमाध्यमका प्रतिनिधिहरूसँगको भेटघाटमा पूर्वराष्ट्रपति भण्डारीले पनि तत्काल पार्टी राजनीतिमा फर्किने सोच नभए पनि तत्कालीन आवश्यकताले नै सबै निर्धारण गर्ने बताएर विकल्प खुला रहेको जनाउ दिँदै आएकी छिन्।

पूर्वराष्ट्रपति भण्डारीनिकट एक एमाले स्थायी समिति सदस्यले पनि परिस्थितिले नै पार्टीभित्र अभिभावकीय भूमिका निर्वाह गर्ने समन्वयकारी व्यक्तिको पनि खोजी गरिरहेकाले भण्डारीलाई पार्टीको सक्रिय राजनीतितिर उन्मुख गराउन खोजेको बताए। 'परिस्थितिले नै ढोका खोलेजस्तो देखिन्छ, किनभने पार्टीमा नेतृत्वले नचाहे पनि प्रदेश, जिल्लाका अधिवेशनहरूमा प्यानल निर्वाचन भएको छ,' ती नेताले भने, 'त्यसैले पार्टीलाई अर्को महाधिवेशनसम्म एक ढिक्का बनाएर लैजान र बलियो निर्णायक राष्ट्रिय पार्टी बनाउन पनि उहाँजस्तो व्यक्तित्वको भूमिकाको खोजी हुँदै गएको छ।'

राजनीतिक विश्लेषक झलक सुवेदी पार्टीको भेलामा पूर्वराष्ट्रपति भण्डारीको उपस्थितिले राजनीतिमा उहाँको स्पेस छ भन्ने सन्देश दिने बताउँछन्। 'एमालेले गर्ने सम्मानको कार्यक्रमले पूर्वराष्ट्रपतिको इतिहास, नेपालको लोकतान्त्रिक गणतन्त्र र महिला आन्दोलनमा उहाँ (विद्या भण्डारी)ले खेलेको योगदानको कदर गर्दै त्यसको स्वामित्व लिन खोजेको अर्थमा बुझ्न सकिन्छ,' उनले भने, 'तर, पार्टीको भेलामा उहाँको सहभागिता हुँदा राजनीतिमा स्पेस छ भन्ने सन्देश दिन्छ। जे-जे उद्देश्यले गरेको भए पनि त्यसले उहाँ निकट भविष्यमा राजनीतिमा आउन सक्ने संकेत गर्छ। यसले उहाँलाई राजनीतिमा ल्याउन खोजेको वा उहाँ आफैँ आउन खोजेको दुवै सन्देश दिन्छ।'

पूर्वसञ्चारमन्त्री तथा पोलिटब्युरो सदस्य गोकुल बाँस्कोटाले पार्टी स्थापना दिवसमा गणतन्त्र गौरव राष्ट्रिय सम्मान र पार्टीको राष्ट्रिय भेलामा पूर्वराष्ट्रपति भण्डारीलाई प्रमुख अतिथि बनाउने निर्णय गरेर पार्टीले राम्रो निर्णय गरेको बताए। 'पार्टीले जे निर्णय गर्‍यो, राम्रै गर्‍यो। पूर्व र वर्तमानको कुरा होइन, वर्तमान हैसियतमा उहाँलाई पार्टीको कार्यक्रममा प्रमुख अतिथि बनाउने कुरा कुनै आश्चर्य मान्नुपर्ने विषय होइन,' बाँस्कोटाले भने, 'पार्टी स्थापना दिवसमा सम्मान र महिलाको राष्ट्रिय भेलामा उहाँलाई प्रमुख अतिथि बनाउँदा सिंगो गणतान्त्रिक आन्दोलन, महिला आन्दोलनको ठूलो सम्मान भएको छ र यो आमनेपाली महिलाका लागि पनि धेरै खुसीको कुरा हो। अब राजनीतिक आँखाले हेर्ने हो भने त के-के देखिन्छ, देखिन्छ।'

स्थायी समिति सदस्य तथा प्रचार विभाग प्रमुख राजेन्द्र गौतमले पूर्वराष्ट्रपति भण्डारीलाई गणतन्त्रको प्रतीकका रूपमा पार्टीले सम्मान गर्न लागेको जानकारी दिँदै पार्टी कार्यक्रममा सहभागी भएको अवस्थामा मात्र अलग अर्थ लगाउन सकिने बताए।

'उहाँलाई पार्टीले गणतन्त्रको प्रतीकका रूपमा राष्ट्रिय गौरव पदकका रूपमा सम्मान गर्न लागेको हो,' गौतमले भने, 'त्यही कुरालाई लिएर ढोका खोलेको भन्न मिल्दैन, अहिलेसम्म उहाँ पार्टीको कार्यक्रममा सहभागी हुनुभएको पनि छैन, मलाई उहाँ पार्टी कार्यक्रममा आउनुहुन्छ जस्तो पनि लाग्दैन, सहभागी हुनुभएछ भन्ने बेग्लै अर्थ लाग्ने कुरा अलग हो।'

राजनीतिक विश्लेषक कृष्ण पोखरेलले भने सम्मान र कार्यक्रमको प्रमुख अतिथि बनाउनुको अर्थ सक्रिय राजनीतिमा नभएर सम्मानित भूमिकामै बस्दा उपयुक्त हुने सन्देशकै रूपमा बुझ्न सकिने बताए।

३ असोज ०७२ मा संविधान जारी भएपछि ११ कात्तिकमा पहिलोपटक राष्ट्रपति निर्वाचित भण्डारीले करिब दुई वर्ष चार महिना कार्यकाल सम्हालिन्। ०७४ को निर्वाचनपछि २९ फागुन ०७४ मा दोस्रोपटक राष्ट्रपतिमा निर्वाचित उनले २८ फागुन ०७९ मा पाँचवर्षे कार्यकाल पूरा गरेकी थिइन्।

अख्तियारको...

पृष्ठ १ बाट क्रमशः

छ। सोही आधारमा उनीविरुद्ध सो दफा आकर्षित भएको आयोगले जनाएको छ।

सेक्युरिटी प्रेस खरिदको भ्रष्टाचारमा यसअघि विकलविरुद्ध आयोगले भ्रष्टाचार मुद्दा दायर गरिसकेको छ। ६९ करोड ८ लाख ८१ हजार बिगो कायम गरी ३ वैशाख ०८० मा उनीसहित नौजनाविरुद्ध मुद्दा दायर भएको थियो। उक्त मुद्दा विशेष अदालतमा विचाराधीन छ। अकुत सम्पत्ति आर्जनलगायतका अन्य भ्रष्टाचारसम्बन्धी कसुरमा आयोगले विकललाई विगत तीन महिनादेखि थुनामा राखेर अनुसन्धान गर्दै आएको छ। गत १० माघमा उनी पक्राउ परेका थिए। उनीमाथि गैरकानुनी सम्पत्ति आर्जन सम्बन्धमा अनुसन्धान चलिरहेको आयोगले जनाएको छ। जसमा थप २१ दिन थुनामा राख्न विशेष अदालतले आइतबार म्याद थप गरेको छ।

देशभर...

पृष्ठ १ बाट क्रमशः

भनिसकेका छैनौँ।' सामान्यतया लगातार तीन दिन वा त्योभन्दा धेरै समयसम्म असामान्य रूपमा तापक्रम बढ्दा 'लु' चल्न थाल्छ। कुन क्षेत्रमा कति डिग्री तापक्रम पुग्दा 'लु' चलेको मानिने भनेर छुट्टै मापदण्ड तय भएको छ। विभागले बनाएको मापदण्ड हेर्दा पनि तराईमा हल्का र मध्यमस्तरको लु (तातो हावाको बहाव) देखिएको छ। जल तथा मौसम विज्ञान विभाग, भैरहवाका वरिष्ठ मौसमविद् वरुण पौडेलले तराई क्षेत्रको धनगढीदेखि सिमरासम्म तापक्रम बढ्दै गएको बताए। 'भैरहवामा गर्मी निकै बढेको छ, एक साता भयो पानी नपरेको, त्यही भएर पनि तापक्रम बढेको हो,' उनले भने।

हरेक वर्ष लम्बिँदै लु

गत वर्ष वैशाख पहिलो सातादेखि असार दोस्रो सातासम्म तीनपटक (एकदेखि डेढ साता लामो अवधि)को लु चलेको थियो। जसकारण तराईका कयौँ जिल्लामा विद्यालय बन्द गरिएका थिए।

वैशाख-जेठमा विराटनगर, वीरगन्ज, जनकपुर, सिमरा, भैरहवा, नेपालगन्ज र धनगढीमा तापक्रम ४०-४४ डिग्री सेल्सियस पुग्ने गरेको छ। विश्वव्यापी तापक्रम वृद्धिका कारण पनि नेपालमा पछिल्ला दशकमा लु बढिरहेको ठानिन्छ। तर, कुन स्तरमा लु बढिरहेको छ भनेर सरकारी अध्ययन छैन। जल तथा मौसम विज्ञान विभागका मौसमविद् सुदर्शन हुमागाईं भने नेपालमा लु चलेको लेखाजोखा गत वर्षबाट मात्र गरिएकाले विश्वव्यापी तापक्रम वृद्धिसँग जोडेर हेर्न नमिल्ने बताउँछन्।

'यसअघि पनि लु के थियो भनेर हेरिएको छैन, त्यही भएर एक वर्षको तथ्यांकलाई नै आधार बनाउन मिल्दैन,' उनले भने, 'प्रि-मनसुनमा कम पानी पर्नु, वर्षा, बादल र हावाका मौसमी गतिविधि कम हुँदा तराईमा लु चल्ने गर्छ।' छिमेकी भारतमा भने लु अर्थात् तातो हावाको घटना प्रतिदशक ०.६ घटनाका दरले बढिरहेको पाइएको छ। तर, शीतलहर भने हरेक दशकमा ०.४ घटनाले कमी आइरहेको छ।

हैदराबाद विश्वविद्यालयका अध्ययनकर्ताले गरेको अध्ययनअनुसार लु शुष्क र अर्धशुष्क जलवायु क्षेत्रमा अधिक पाइएको छ। पूर्वऔद्योगिक युगपश्चात् विश्वको औसत तापमान करिब एक डिग्रीले वृद्धि भइसकेको छ। जल तथा मौसम विज्ञान विभागका अनुसार नेपालको तापक्रम वृद्धिको दर वार्षिक अधिकतम ०.०५६ डिग्री र न्यूनतम ०.००२ डिग्री छ।

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११७७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

NIC ASIA
एन आई सी एशिया बैंक लि.

ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित चल अचल सम्पत्ति सुरक्षण बापत धितो राखी तपसिलका ऋणीले लिनुभएको ऋण कर्जाको साँवा, व्याज लगायतका अन्य रकम समेत यस बैंकसँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा सो नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएकोले कर्जा चुक्ता भुक्तानी गर्न अनुरोध गरी पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत कुनै चासो नदेखाई बेवास्ता गर्नु भएकोले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी बैंकबाट लिनुभएको ऋण कर्जाको सम्पूर्ण साँवा, व्याज र अन्य दैं-दस्तुर चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन कानुन तथा यस बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको आफ्नो लेना रकम असुल उपर गरिनुका साथै नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम ऋणी लगायत सम्बद्ध सबैलाई कर्जा सूचना केन्द्र लि.को कालोसूचीमा नाम समावेश गर्ने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ । साथै तपसिलमा रहेको धितोबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा नेपाल राष्ट्र बैंकको निर्देशनमा रहेको व्यवस्था बमोजिम जमानीकर्तालाई कर्जा चुक्ता गर्न समय प्रदान गर्दा समेत कर्जा चुक्ता भुक्तानी नगरेमा जमानतकर्तालाई समेत कालोसूचीमा समावेश गरी बाँकी रहेको कर्जा असुल उपर गर्न बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली, २०५९ तथा प्रचलित कानुन अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण
१)	१) नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, भरतपुर चितवनमा प्रा.फ.र.नं. १३३०/०७४/७५ स्थानीय व्यापार अन्तर्गत मिति २०७४/११/२३ मा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भएको चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. ६ स्थित विवेक सगरमाथा सप्लायर्स । प्रोप्राईटर तथा जमानीकर्ता: धनकला सापकोटा कडेल ठेगाना: चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. ६ बाबु: चिन्तामणि सापकोटा ससुरा: हरि प्रसाद कडेल पति: विष्णु प्रसाद कडेल

धितोको विवरण

१) दुल्लप सापकोटाकी छोरी, पृथ्वी प्रसाद कडेलकी बुहारी, हरि प्रसाद कडेलकी पत्नी, बागलुङ्ग जिल्ला, विदुकोट गा.वि.स वडा नं. १ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. ६ बस्ने लक्ष्मी कुमारी कडेलको नाममा मालपोत कार्यालय चितवनको लगतमा दर्ता कायम रहेको चितवन जिल्ला, गीतानगर गा.वि.स. ४ ख (हाल भरतपुर म.न.पा. वडा नं. ६) स्थित कित्ता नं. ९७७ को क्षेत्रफल ०-८-४.५ (विगाहा)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।

२) विवेक सगरमाथा सप्लायर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

जमानीकर्ताहरुको विवरण

१) विष्णु प्रसाद कडेल स्थायी ठेगाना: बागलुङ्ग जिल्ला, विहु गा.वि.स. वडा नं. १ हालको ठेगाना: चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. ६ बाबु: हरि प्रसाद कडेल बाजे: पृथ्वी प्रसाद कडेल	२) लक्ष्मी कुमारी कडेल स्थायी ठेगाना: बागलुङ्ग जिल्ला, विदुकोट गाउँ पञ्चायत वडा नं. १ हालको ठेगाना: चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. ६ बाबु: दुल्लप सापकोटा ससुरा: पृथ्वी प्रसाद कडेल पति: हरि प्रसाद कडेल	३) पार्वती सापकोटा स्थायी ठेगाना: बागलुङ्ग जिल्ला, दमेक गा.वि.स. वडा नं. २ हालको ठेगाना: चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. ६ बाबु: विष्णु प्रसाद सापकोटा ससुरा: हरि प्रसाद कडेल पति: विष्णु प्रसाद कडेल
४) दयाराम कडेल स्थायी ठेगाना: चितवन जिल्ला, गीतानगर गा.वि.स. वडा नं. ४ हालको ठेगाना: चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. ६ बाबु: हरि प्रसाद कडेल बाजे: पृथ्वी प्रसाद कडेल	५) विशाल कडेल ठेगाना: चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. ६ बाबु: विष्णु प्रसाद कडेल बाजे: हरि प्रसाद कडेल	

ऋणीको विवरण	धितोको विवरण
२) विष्णु प्रसाद कडेल स्थायी ठेगाना: बागलुङ्ग जिल्ला, विहु गा.वि.स. वडा नं. १ हालको ठेगाना: चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. ६ बाबु: हरि प्रसाद कडेल बाजे: पृथ्वी प्रसाद कडेल	सवारी साधनको विवरण: सवारीको मोडेल: Ford Ecosport Ambience Petrol च्यासीस नं.: MAJAXXMRKAHK16571 इन्जिन नं.: HK16571 सवारी दर्ता नं.: बा १८ च ७७२९

जमानीकर्ताहरुको विवरण

१) धनकला सापकोटा कडेल ठेगाना: चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. ६ बाबु: चिन्तामणि सापकोटा ससुरा: हरि प्रसाद कडेल पति: विष्णु प्रसाद कडेल	२) पार्वती सापकोटा स्थायी ठेगाना: बागलुङ्ग जिल्ला, दमेक गा.वि.स. वडा नं. २ हालको ठेगाना: चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. ६ बाबु: विष्णु प्रसाद सापकोटा ससुरा: हरि प्रसाद कडेल पति: विष्णु प्रसाद कडेल	३) विशाल कडेल ठेगाना: चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. ६ बाबु: विष्णु प्रसाद कडेल बाजे: हरि प्रसाद कडेल

क्र.सं.	ऋणीको विवरण
२)	सुजन मुडवरी स्थायी ठेगाना: धादिङ जिल्ला, धुनीबेशी न.पा. वडा नं. ०४ हालको ठेगाना: धादिङ जिल्ला, धुनीबेशी न.पा. वडा नं. ०५ बाबु: देव नाथ मुडवरी बाजे: देव राज मुडवरी

धितोको विवरण

१) ईश्वरी प्रसाद मुडवरीको नाती, देव राज मुडवरीको छोरा, धादिङ जिल्ला, जीवनपुर गाँउ पञ्चायत वडा नं. ०२ स्थायी ठेगाना भई हाल धादिङ जिल्ला, धुनीबेशी न.पा. वडा नं. ०५ बस्ने देव नाथ मुडवरीको नाममा मालपोत कार्यालय धादिङको लगतमा दर्ता कायम रहेको धादिङ जिल्ला, जीवनपुर गा.वि.स. वडा नं. ०२ (हाल धुनीबेशी न.पा. वडा नं. ०४) स्थित कित्ता नं. ३२९ को क्षेत्रफल ३-१५-३-२ (रोपनी)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।

२) लिला नाथ लुइटेलकी छोरी, देव राज मुडवरीकी बुहारी, देव नाथ मुडवरीकी पत्नि, धादिङ जिल्ला, जीवनपुर गा.वि.स. वडा नं. ०२ स्थायी ठेगाना भई हाल धादिङ जिल्ला, धुनीबेशी न.पा. वडा नं. ०५ बस्ने विन्दा मुडवरीको नाममा मालपोत कार्यालय धादिङको लगतमा दर्ता कायम रहेको धादिङ जिल्ला, जीवनपुर गा.वि.स. वडा नं. ०२ (हाल धुनीबेशी न.पा. वडा नं. ०४) स्थित कित्ता नं. ३३२ को क्षेत्रफल १-०-०-० (रोपनी)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।

जमानीकर्ताहरुको विवरण

१) विन्दा मुडवरी स्थायी ठेगाना: धादिङ जिल्ला, जीवनपुर गा.वि.स. वडा नं. ०२ हालको ठेगाना: धादिङ जिल्ला, धुनीबेशी न.पा. वडा नं. ०५ बाबु: लिला नाथ लुइटेल ससुरा: देव राज मुडवरी पति: देव नाथ मुडवरी	२) देव नाथ मुडवरी स्थायी ठेगाना: धादिङ जिल्ला, जीवनपुर गाँउ पञ्चायत वडा नं. ०२ हालको ठेगाना: धादिङ जिल्ला, धुनीबेशी न.पा. वडा नं. ०५ बाबु: देव राज मुडवरी बाजे: ईश्वरी प्रसाद मुडवरी

नोट: ऋणी तथा जमानीकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११७७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

NIC ASIA
एन आई सी एशिया बैंक लि.

ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित चल अचल सम्पत्ति सुरक्षण बापत धितो राखी तपसिलका ऋणीले लिनुभएको ऋण कर्जाको साँवा, व्याज लगायतका अन्य रकम समेत यस बैंकसँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा सो नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएकोले कर्जा चुक्ता भुक्तानी गर्न अनुरोध गरी पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत कुनै चासो नदेखाई बेवास्ता गर्नु भएकोले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी बैंकबाट लिनुभएको ऋण कर्जाको सम्पूर्ण साँवा, व्याज र अन्य दैं-दस्तुर चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन कानुन तथा यस बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको आफ्नो लेना रकम असुल उपर गरिनुका साथै नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम ऋणी लगायत सम्बद्ध सबैलाई कर्जा सूचना केन्द्र लि.को कालोसूचीमा नाम समावेश गर्ने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ । साथै तपसिलमा रहेको धितोबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा नेपाल राष्ट्र बैंकको निर्देशनमा रहेको व्यवस्था बमोजिम जमानीकर्तालाई कर्जा चुक्ता गर्न समय प्रदान गर्दा समेत कर्जा चुक्ता भुक्तानी नगरेमा जमानतकर्तालाई समेत कालोसूचीमा समावेश गरी बाँकी रहेको कर्जा असुल उपर गर्न बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली, २०५९ तथा प्रचलित कानुन अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण	धितोको विवरण
१)	**१)** नेपाल सरकार, उद्योग मन्त्रालय कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर काठमाण्डौ मा दर्ता नं. १७६३२३/०७४/७५ अन्तर्गत मिति २०७४/०६/२४ मा कम्पनी ऐन २०६३ बमोजिम दर्ता भएको सिरहा जिल्ला, लहान न.पा. वडा नं. ३, स्थित **शाह ब्रदर्स अटो इन्टरप्राइजेज प्रा.लि.** **सञ्चालक तथा जमानीकर्ता: श्याम कुमार साह**	१) सुवलाल साहकी छोरी, अवध साहकी बुहारी, विल्टु साह तेली की पत्नि, सिरहा जिल्ला, लालपुर गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल सिरहा जिल्ला गोलबजार न.पा. वडा नं. ६ बस्ने रतन साहु तेलीको नाममा मालपोत कार्यालय लहान, सिरहाको लगतमा दर्ता कायम रहेको सिरहा, जिल्ला असनपुर गा.वि.स. वडा नं. ७ क स्थित कित्ता नं. १९०५ र १९०७ को क्षेत्रफल क्रमशः ०-०-५ र ०-०-१० (विगाह) को घरजग्गा सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) जितेन साहको नाती, अवध साहको छोरा, सिरहा जिल्ला लालपुर गा.वि.स वडा नं. ५ स्थायी ठेगाना भई हाल सिरहा जिल्ला गोलबजार न.पा. वडा नं. ६ बस्ने विल्टु साह तेलीको नाममा मालपोत कार्यालय लहान, सिरहाको लगतमा दर्ता कायम रहेको सिरहा जिल्ला, लालपुर गा.वि.स. ५ ख (हाल गोलबजार न.पा. वडा नं. २) स्थित कित्ता नं. १२१ र ३२७ को क्षेत्रफल क्रमशः ०-३-१५ र ०-३-१६ (विगाह) को जग्गा सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । ३) शाह ब्रदर्स अटो इन्टरप्राइजेज प्रा. लि.को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
	२) प्रदेश सरकार, प्रदेश २, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय लहान, सिरहामा सा.फ.प्रा. फ.न.घ.उ.सि. १०८८२/०७६/७७ अन्तर्गत मिति २०७७/०३/०२ मा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भएको सिरहा जिल्ला, गोलबजार न.पा. वडा नं. ६, स्थित **ग्रिनल्याण्ड थकाली होटल एण्ड लज** **प्रोप्राइटर तथा जमानीकर्ता: रिना देवी साह**	१) सुवलाल साहकी छोरी, अवध साहकी बुहारी, विल्टु साहकी पत्नि, सिरहा जिल्ला, लालपुर गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल सिरहा जिल्ला गोलबजार न.पा. वडा नं. ६ बस्ने रतन साहु तेलीको नाममा मालपोत कार्यालय लहान, सिरहाको लगतमा दर्ता कायम रहेको सिरहा, जिल्ला असनपुर गा.वि.स. वडा नं. ७ क स्थित कित्ता नं. १९०५ र १९०७ को क्षेत्रफल क्रमशः ०-०-५ र ०-०-१० (विगाह) को जग्गा सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) ग्रिनल्याण्ड थकाली होटल एण्ड लजको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

जमानीकर्ताहरुको विवरण

१) श्याम कुमार साह स्थायी ठेगाना : सिरहा जिल्ला, लालपुर गा.वि.स. वडा नं. ६ हालको ठेगाना: सिरहा जिल्ला, गोलबजार न.पा. वडा नं. ६ बाबु : विल्टु साह तेली बाजे : अवध साह	**२) रिना देवी साह** स्थायी ठेगाना : सिरहा जिल्ला, लालपुर गा.वि.स. वडा नं. ६ हालको ठेगाना: सिरहा जिल्ला, गोलबजार न.पा. वडा नं. ६ बाबु : बैजनाथ साह ससुरा : विल्टु साह तेली पति : श्याम कुमार साह	**३) रतन साहु तेली** स्थायी ठेगाना : सिरहा जिल्ला लालपुर गा.वि.स वडा नं. ५ हालको ठेगाना: सिरहा, जिल्ला, गोलबजार न.पा. वडा नं. ६ बाबु : सुवलाल ससुरा : अवध साह तेली पति : विल्टु साह तेली	**४) विल्टु साह तेली** स्थायी ठेगाना : सिरहा जिल्ला लालपुर गा.वि.स वडा नं.५ हालको ठेगाना:सिरहा, जिल्ला, गोलबजार न.पा. वडा नं.६ बाबु : अवध साह तेली बाजे : जितेन साह

ऋणीको विवरण	धितोको विवरण
३) श्याम कुमार साह स्थायी ठेगाना : सिरहा जिल्ला, लालपुर गा.वि.स. वडा नं. ६ हालको ठेगाना : सिरहा जिल्ला, गोलबजार न.पा. वडा नं. ६ बाबु : विल्टु साह तेली बाजे : अवध साह	१) जितेन साहको नाती, अवध साहको छोरा, सिरहा जिल्ला लालपुर गा.वि.स वडा नं. ५ स्थायी ठेगाना भई हाल सिरहा जिल्ला गोलबजार न.पा. वडा नं. ६ बस्ने विल्टु साह तेलीको नाममा मालपोत कार्यालय लहान, सिरहाको लगतमा दर्ता कायम रहेको सिरहा जिल्ला, लालपुर गा.वि.स. ५ ख (हाल गोलबजार न.पा. वडा नं. २) स्थित कित्ता नं. १२१ र ३२७ को क्षेत्रफल क्रमशः ०-३-१५ र ०-३-१६ (विगाह) को जग्गा सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) सुवलाल साहकी छोरी, अवध साहकी बुहारी, विल्टु साहकी पत्नि, सिरहा जिल्ला, लालपुर गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल सिराह जिल्ला गोलबजार न.पा. वडा नं. ६ बस्ने रतन साहु तेलीको नाममा मालपोत कार्यालय लहान, सिरहाको लगतमा दर्ता कायम रहेको सिरहा, जिल्ला असनपुर गा.वि.स. वडा नं. ७ क स्थित कित्ता नं. १९०५ र १९०७ को क्षेत्रफल क्रमशः ०-०-५ र ०-०-१० (विगाहा) को घरजग्गा सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।

जमानीकर्ताहरुको विवरण

१) प्रवेश कुमार साह स्थायी ठेगाना : सिरहा जिल्ला लालपुर गा.वि.स वडा नं. ६ हालको ठेगाना: सिरहा, जिल्ला, गोलबजार न.पा. वडा नं. ६ बाबु : विल्टु साह तेली बाजे : अवध साह	**२) रिना देवी साह** स्थायी ठेगाना : सिरहा जिल्ला, लालपुर गा.वि.स. वडा नं. ६ हालको ठेगाना: सिरहा जिल्ला, गोलबजार न.पा. वडा नं. ६ बाबु : बैजनाथ साह ससुरा : विल्टु साह तेली पति : श्याम कुमार साह	**३) रतन साहु तेली** स्थायी ठेगाना : सिरहा जिल्ला लालपुर गा.वि.स वडा नं. ५ हालको ठेगाना: सिरहा, जिल्ला, गोलबजार न.पा. वडा नं. ६ बाबु : सुवलाल ससुरा : अवध साह तेली पति : विल्टु साह तेली	**४) विल्टु साह तेली** स्थायी ठेगाना : सिरहा जिल्ला लालपुर गा.वि.स वडा नं. ५ हालको ठेगाना:सिरहा, जिल्ला, गोलबजार न.पा. वडा नं. ६ बाबु : अवध साह तेली बाजे : जितेन साह

नोट: ऋणी तथा जमानीकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

■ इलाम २ उपनिर्वाचन

साढे दुई दशकयता सधैं चुनावी एजेन्डा बन्ने दमक–चिसापानी सडक



● **राममाया सम्बाहाम्फे**, स्थानीय माङसेबुङ गाउँपालिका- २

दमक-चिसापानी सडक त चुनावी नारा मात्र बन्यो। चुनावका वेला जोडतोडका साथ उठ्छ। तर, सडक निर्माणको काम कहिल्यै सकिँदैन। चुनाव जित्नेले जितेर जान्छन्। तर, हाम्रो दुःख जहिल्यै उस्तै हुन्छ।

■ दुई महिनाअघि मात्र ३३ किमि सडकको ठेक्का तोडिएपछि नागरिकमा थपियो चिन्ता



धुलाम्य दमक-चिसापानी सडक।

माङसेबुङ (इलाम)मा **चिरञ्जीवी धिमिरे**

०५६ को निर्वाचनपछि झापाको दमकबाट इलामको माङसेबुङ- ६ स्थित चिसोपानी बजार जोड्ने दमक-चिसापानी सडक चुनावी एजेन्डा बन्दै आएको छ। दमकदेखि इलामको चुलाचुली हुँदै माङसेबुङ गाउँपालिका पुग्ने सडकलाई इलाम २ को निर्वाचनमा प्रतिस्पर्धा गर्ने हरेक उम्मेदवारले चुनावी एजेन्डा बनाउँदै आएका छन्। दमक-चिसापानी सडक (फाल्गुनन्द मार्ग) स्थानीय तह, प्रदेश सभा सदस्य र प्रतिनिधिसभा सदस्यका उम्मेदवारको स्थायी एजेन्डा बनेको छ।

यो सडकलाई १५ वैशाखमा इलाम २ मा हुन लागेको उपनिर्वाचनमा सबैजसो उम्मेदवारले पहिलो एजेन्डा बनाएका छन्। तर, निर्माण थालनीको अढाई दशकसम्म यो सडक निर्माण पूरा हुन सकेको छैन। उपनिर्वाचनमा मत माग्न आउनेले फेरि दमक-चिसापानी सडकलाई मुख्य एजेन्डा बनाउँदा मतदाताले भने विश्वास गरेका छैनन्।

दमकदेखि चिसापानीसम्मको ३३ किलोमिटर सडक ट्र्याक खुलेको अढाई दशकसम्म पनि सहज यात्रा गर्न सक्ने नहुँदा नागरिकमा निराशा छ। 'दमक-चिसापानी सडक त चुनावी नारा मात्र बन्यो। चुनावका वेला जोडतोडका साथ उठ्छ। तर, सडक निर्माणको काम कहिल्यै सकिँदैन। चुनाव जित्नेले जितेर जान्छन्। तर, हाम्रो दुःख जहिल्यै उस्तै हुन्छ,' माङसेबुङ- २ की राममाया सम्बाहाम्फे भन्छिन्, 'यसपटकको उपनिर्वाचनमा पनि यो मुद्दालाई दलहरूले घोषणापत्रको पहिलो नम्बरमै लेखेको देखिन्छ। भाषणमा पनि जोड गरेर उठाएका छन्। तर, यसरी उठाएको अढाई दशक भयो। नेताको ध्यान चुनावी एजेन्डा बनाउनेतर्फ मात्र गयो। बाटो बनाउनेतर्फ गएन। अब दमक-चिसापानी सडक नेताको चुनावी एजेन्डा नबनोस्।'

अढाई दशकदेखि दमक-चिसापानी सडककै मुद्दा सुनेर भोट हाल्दै आएका माङसेबुङ- ६ का गजेन्द्र कार्की यसपटक भने निराश छन्। दलहरूको पूरा नहुने यो सडक बनाउने उम्मेदवारको आश्वासन सुनेर उनी दिक्दार छन्। 'अढाई दशकअघि बाटो बनाउँछौं भन्दै भाषण गरेर नेताले भोट माग्थे। आज पनि यही भनेर भोट माग्छन्। जो आए पनि बाटो फिलिली बनाउँछौं भन्छन्। तर, हाम्रा नातिनातिनाको पालामा पनि पक्की सडकमा हिँड्ने सपना पूरा होलाजस्तो छैन,' उनले भने, 'बाटो बनाउँदै छौं भन्छन्। तर, बर्खा लागेपछि गाडी कुदाउनै सकिँदैन।'

माङसेबुङ- ३ लाक्तपाका प्रसाद राईले यसपटक उम्मेदवारका भाषण र एजेन्डामा खासै चासो देखाएका छैनन्। घरसम्म आएका उम्मेदवारसँग पनि उनको भेट भएको छैन। नजिकैको चतुरे बजारमा भोट माग्दै भाषण गरेको टाढैबाट सुन्छन्। तर, उनको ध्यान त्यो भाषणतिर गएको छैन। 'पहिला त चतुरे बजारमा भाषण गर्दै छन् भन्ने चाल पाइयो भने त्यहीं पुगेर सुनिन्थ्यो। अहिले उम्मेदवारका कुरा सुन्ने जाँगर नै छैन। उनीहरूले यही दमक-चिसापानीको बाटोको कुरा उठाउँछन्। यो कुरा २० वर्षभन्दा अगाडिदेखि नै सुनेको हो,' उनले भने, 'यो सडकबारे उम्मेदवारले उठाएको एजेन्डामध्ये पूरा नहुने एजेन्डामा पर्छ। हामी बर्खामा हिलो र हिउँदमा धुलोले पुरिएर बाँचेका छौं।'

०५४ ताका सडक बन्ने हल्लाले उत्साहित भएर दमक-चिसापानी सडकको ट्र्याक खन्न झम्पल र कोदाली बोकेर पुनेमध्येका एक हुन् माङसेबुङ- २ डोलटारका धनबहादुर मुकारुङ। त्यसवेला ४० रुपैयाँ मिटरले सडक खनेको स्मरण उनलाई ताजै छ। अढाई दशक बितिसक्दा पनि धुलाम्मे र हिलाम्मे सडकमै हिँड्नुपर्दा धनबहादुर पनि निराश छन्। 'हामीले बाटो खन्न थालेको केही वर्षमा चुनाव आयो। त्यसवेला उठ्ने उम्मेदवारले पनि यो बाटो बनाइदिन्छु भन्थे। अहिले भोट माग्न आउने सबै उम्मेदवारले यही बाटो बनाइदिन्छु भन्दै छन्। त्यति ठूलो नेता (सुवासचन्द्र नेम्वाङ) हुँदा त बनेन। अब त के बन्ला र!' उनले भने।

दमक-चिसापानी सडकको ३३ किलोमिटर ट्र्याक चौडा गर्ने र कालोपत्रे गर्ने गरी सडक डिभिजन कार्यालय दमकले तीन खण्डमा लगाएको थियो। तर, निर्माण कम्पनीले काम गर्न नसकेपछि सडक विभागले एक महिनाअघि मात्र दुईवटा खण्डको ठेक्का तोड्ने निर्णय गरेको छ। जसले दमक-चिसापानी सडक निर्माणमा झनै अन्योल थपिएको छ। सडक विभागले दोस्रो र तेस्रो खण्डको ठेक्का तोड्ने निर्णय गरिसकेको सडक डिभिजन कार्यालय दमकका सूचना अधिकारी इन्जिनियर गौतमकुमार देवले जानकारी दिए।

दमक-चिसापानी सडकको दोस्रो र तेस्रो खण्ड गरी २६ किलोमिटर सडक निर्माणको जिम्मा लुम्बिनी-गणपति जेभीले पाएको छ। दुवै खण्ड एकैपटक ठेक्का लागेको हो। दोस्रो र तेस्रो खण्ड सडक कालोपत्रे गर्ने काम २ फागुन ०७६ मा ठेक्का लागेको हो। दोस्रो ५४ करोड ४४ लाख ८७ हजार र तेस्रो ५९ करोड १५ लाख ३५ हजारमा ठेक्का लागेको हो। यो दुई खण्डको म्याद २ फागुन ०७९ मै सकिएको थियो। त्यसपछि थपिएको दश महिनाको समय गत पुस सकियो। तर, त्यो अवधिमा दोस्रो खण्डको काम ६२ प्रतिशत र तेस्रोमा ३० प्रतिशत मात्र काम सकिएको सडक डिभिजन कार्यालय दमकका सूचना अधिकारी देवले बताए।

'काम अघि बढ्ने आधार नदेखिएपछि ठेक्का तोडिएको हो। म्याद थप्दा पनि काम नै अघि बढेन। तेस्रो खण्डको काम चार वर्षमा ३० प्रतिशत मात्र भयो। यस्तै तरिकाले काम सक्न १२ वर्ष लाग्ने भयो। बाध्य भएर ठेक्का तोड्यौं,' उनले भने, 'अब विभागले निर्णय गरेर फेरि ठेक्का लगाउँछ। अहिले निर्माण व्यवसायी यो निर्णयविरुद्ध उच्च अदालत पाटन गएका छन्।'

सडक कालोपत्रे गर्ने भनेर ठेक्का लगाइए पनि निर्माण व्यवसायीको लापरबाहीले ठेक्का तोड्नुपर्दा स्थानीयमा निराशा छाएको छ। 'ठेक्का नै हटाइयो (तोडियो) भन्ने हल्ला सुनिँदै छ। यसले त झन् अब बाटो कालोपत्रे हुन्छ भन्ने त आशा नै रहेन,' माङसेबुङ- २ का धनबहादुर मुकारुङ भन्छन्, 'ठेकेदारले काम नगर्दा काम लगाउनुपर्ने वेलामा कोही नेता देखिएनन्। अहिले चुनावमा बाटो बनाउँछु भन्दै भोट माग्न आएका छन्। अब कसरी विश्वास गर्ने ?'

पहिलो खण्डको सात किलोमिटर सडकको ठेक्का भने तोडिएको छैन। तर, काम भने सन्तोषजनक नभएको सडक डिभिजन कार्यालय दमकका सूचना अधिकारी इन्जिनियर देवले बताए। खण्डअन्तर्गत दमकको प्वाइन्टदेखि सात किलोमिटर सडक निर्माणका ३० महिनाभित्र सक्ने गरी २९ साउन ०७५ मा २२ करोड ५९ लाख ६४ हजारमा ठेक्का लागेको थियो। कालोपत्रेसहितको ठेक्का महालक्ष्मी-किराँतेश्वर जेभीले लिएको थियो। तर, चौथोपटक थपिएको म्याद गत पुसमै सकियो। म्याद सकिए पनि काम भने भइरहेको छ। करिब ६५ प्रतिशत काम भएको सूचना अधिकारी देवले बताए।

सुदूरपश्चिमका मुख्यमन्त्रीको बर्खास्ती माग्दै सर्वोच्चमा रिट, आज सुनुवाइ

नयाँ पत्रिका

सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री दीर्घ सोडारीको बर्खास्ती माग्दै सर्वोच्च अदालतमा रिट दर्ता भएको छ। आइतबार दायर रिटमाथि सोमबार सुनुवाइ हुने सर्वोच्च प्रशासनले जनाएको छ।

प्रदेश सभा सदस्य लक्ष्मणकिशोर चौधरीका वारेस गोविन्द चौधरीले चार विपक्षी कायम गर्दै रिट दायर गरेका हुन्। सुदूरपश्चिम प्रदेश प्रमुख र उनको कार्यालय तथा मुख्यमन्त्री सोडारी र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयविरुद्ध रिट दायर भएको हो। प्रदेशका मुख्यमन्त्री कमलबहादुर शाहले २२ चैतमा राजीनामा दिएपछि संविधानको धारा १६८ (२) बमोजिम सरकार गठनका लागि प्रदेश प्रमुखले आह्वान गरेका थिए। २ वैशाखभित्र दाबी पेस गर्न सूचना प्रकाशित भएअनुसार नागरिक उन्मुक्तिका तर्फबाट लक्ष्मणकिशोर चौधरीले दाबी पेस गरेका थिए। ४ वैशाख पुनः दाबी पेस गर्न प्रदेश प्रमुख नजिर मियाँले आह्वान गरेका थिए। एकीकृत समाजवादीका तर्फबाट सोडारीको दाबी परेपछि उनको नियुक्ति भएको थियो।

अहिले सुदूरपश्चिम प्रदेशमा प्रतिनिधित्व गरेको उन्मुक्ति पार्टीमा संसदीय दलको नेताकै विषयमा विवाद छ। पार्टीको नेतृत्वकै विषय पनि सर्वोच्चमा विचाराधीन छ। रेशम चौधरी र रञ्जिता श्रेष्ठबीचको पार्टीको अध्यक्षता तथा निर्णयको वैधानिकताको परीक्षण सर्वोच्चले टुंग्याइसकेको छैन। यो रिट पनि उक्त विवादकै एक पाटो हो।

निवेदक चौधरीले रिटमा भनेका छन्, 'म निवेदकलाई मुख्यमन्त्रीमा नियुक्त गर्न मेरो दलले लेखेको पत्रबाट मेरो बहुमत पुगी सोमा नियुक्त हुन संवैधानिक योग्यता पुगिसकेको र सोले कानुनी आकार ग्रहण गरिसकेको स्पष्ट सिद्ध भइसकेको अवस्थामा कथित अन्य कुनै दाबीले संशय पैदा गरेको अवस्था थियो भने संसदीय दलको नेता वा सम्पूर्ण सभासदहरूलाई आफूसमक्ष उपस्थित गराई समर्थनको सनाखत गराउनुपर्ने हुन्थ्यो, विपक्षीले सो कार्य गर्नुभएन। आत्मनिष्ठ आधारमा निष्कर्षमा पुग्न सकिएन भन्दै अर्को आह्वान प्रकाशित गर्नुभएको छ। यसप्रकार प्रारम्भ गरिएको संवैधानिक प्रक्रिया बीचैमा अवरुद्ध गरी अजमाइसी आधारमा अर्को आह्वान प्रकाशित गर्ने र मुख्यमन्त्रीमा नियुक्त गर्ने एकै हुने अधिकार संविधानतः विपक्षीहरूलाई प्रदत्त छैन। विपक्षी प्रदेश प्रमुखले संवैधानिक सीमाको अतिक्रमण गर्नुभएको छ।' संविधानअनुसार दुईपटक उही धाराअनुसार मुख्यमन्त्री पदमा आह्वान गर्ने अधिकार प्रदेश प्रमुखलाई नरहेको भन्दै सोडारीको नियुक्ति खारेज गर्न रिटमा माग गरिएको छ।



● **दीर्घ सोडारी**, मुख्यमन्त्री सुदूरपश्चिम प्रदेश

दुईवटा मन्त्रालय नपाएपछि लुम्बिनीमा जसपाका मन्त्रीले दिए राजीनामा

बुटवल/ लुम्बिनी प्रदेश सरकार गठन गर्दा भएको सहमति कार्यान्वयन नभएको भन्दै जनता समाजवादी पार्टीका मन्त्रीले राजीनामा दिएका छन्। जोखबहादुर महरा नेतृत्वको लुम्बिनी सरकारमा सहभागी मन्त्री भण्डारीलाल अहिरले आइतबार पदबाट राजीनामा दिएका हुन्। कृषि तथा भूमि व्यवस्था मन्त्रालय सम्हालेका उनले पार्टीले निर्देशन दिएपछि मन्त्री पदबाट राजीनामा दिएको बताए।

अहिरले मुख्यमन्त्रीलाई सम्बोधन गरेर पठाएको पत्रमा सरकारको नेतृत्व गरेर मन्त्री बन्ने अवसर दिएकोमा धन्यवाद दिएका छन्। २३ चैतमा मुख्यमन्त्रीमा नियुक्त भएका महराले अहिरलाई विनाविभागीय मन्त्री नियुक्त गरेकोमा ६ वैशाखमा कृषिमन्त्रीको जिम्मेवारी दिएका थिए।

सत्तागठबन्धनमा २२ चैतमा भएको सहमतिमा जसपालाई दुई मन्त्रालय दिने लिखित सहमति भएको, तर मन्त्रिपरिषद् विस्तार गर्दा जसपाबाट थप एकजना मन्त्री नियुक्त नगरेपछि राजीनामा दिएको जसपाले जनाएको छ। सरकारबाट फिर्ता भए पनि समर्थन भने कायम रहेको अहिरले बताए। लुम्बिनीमा जसपाका तीन सांसद छन्। मुख्यमन्त्री महराले ४८ जना सांसदको विश्वासको मत पाएका थिए।

'कतारका शेखसँग विपिन रिहाइको पहलका लागि विशेष अनुरोध गर्छौं'



कञ्चनपुर/ प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले प्यालेस्टाइनी विद्रोहीको कब्जामा रहेका नेपाली विद्यार्थी विपिन जोशीको रिहाइको पहलका लागि कतारका राजा अमिर शेख तमिन बिन हमाल अलथानीसँग विशेष अनुरोध गर्ने बताएका छन्। आइतबार कञ्चनपुरको महेन्द्रनगरस्थित सुदूरपश्चिम विश्वविद्यालयको चौथो दीक्षान्त समारोहमा उनले कतारका राजा मंगलबार नेपाल आउँदा विपिनको रिहाइको पहल मुख्य एजेन्डा बनाउने बताएका हुन्। प्रधानमन्त्री प्रचण्डले कुवेतको एक टेलिभिजनमा आफूले अन्तर्वार्ता दिँदै विपिनकै विषयमा एजेन्डा अघि सारेको जानकारी दिए।

प्यालेस्टाइनी विद्रोहीको कब्जामा रहेका विपिनलाई सकुशल नेपाल फर्काउन सरकारले गम्भीरतापूर्वक कूटनीतिक पहल गरेको उनको भनाइ छ। 'सुदूरपश्चिम विश्वविद्यालयको कृषि विज्ञान संकायबाट 'सिक्दै कमाउँदै' कार्यक्रमअन्तर्गत इजरायल गएर काम गरिरहेको अवस्थामा हाम्रा विद्यार्थीले प्यालेस्टाइनी विद्रोहीको आक्रमणमा परेर ज्यान गुमाउनुपरेको घटनाले निकै दुःखी तुल्याएको छ,' उनले भने, 'घटनामा परेर ज्यान गुमाउनुहुने विद्यार्थीप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछु। उहाँका परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछु।' आक्रमणमा परेर घाइते भएका तथा अन्य प्रभावित विद्यार्थीलाई यथाशीघ्र स्वदेश फिर्ता ल्याउन र ज्यान गुमाउने विद्यार्थीको शव फिर्ता ल्याउन सरकारले निर्वाह गर्नुपर्ने भूमिका तदारुकतापूर्वक गरेको उनले बताए। प्रधानमन्त्री प्रचण्डलाई विभिन्न विद्यार्थी संघसंगठनले विपिनको रिहाइको माग गर्दै ज्ञापनपत्र बुझाएका छन्।

२९१ ठाउँमा डढेलो

नयाँ पत्रिका

वर्षा नहुँदा वनजंगलमा डढेलो बढेको छ। पूर्वी क्षेत्रभन्दा मध्य र तराई, पहाडमा डढेलो बढेको हो। नासाले भूउपग्रहबाट लिएको तस्बिरलाई आधार मानेर विश्लेषण गरेको तथ्यांकअनुसार नेपालमा २४ घण्टामा दुई सय ९१ ठाउँमा डढेलो लागेको छ। यो तथ्यांक कम्तीमा एक किलोमिटरमा फैलिएको डढेलोको हो। सबैभन्दा बढी सुर्खेतमा ३१ ठाउँमा डढेलो लागेको छ। त्यस्तै, सल्यानमा २८, दाङमा २४, बाँकेमा २१, डडेल्धुरामा १९ र बर्दियामा १७ ठाउँमा डढेलो लागेको छ। गुल्मी र पाल्पामा १६-१६, कपिलवस्तुमा १० तथा डोटी र कैलालीमा नौ-नौ ठाउँमा डढेलो लागेको छ। आइतबार कैलालीको चिसापानी क्षेत्रको वनमा ठूलो डढेलो सल्किएको थियो, त्यहाँको चुरे क्षेत्रमा केही दिनदेखि डढेलो लागेको छ।

■ डढेलो बस्तीमा पस्दा वृद्धाको मृत्यु, नौ घर जले

रुकुम पश्चिम र रामेछापमा वन डढेलो बस्तीमा पसेको छ। नौ घर जलेका छन्। रुकुम पश्चिम बाँफीकोट गाउँपालिका- ३ स्थित ढारपाखा सामुदायिक वनको डढेलो नेपाने टोलमा पस्दा ७० वर्षीया बुदी कामीको मृत्यु भएको छ। घरमा आगो सल्किएपछि सरसामान निकाल्ने क्रममा जलेर कामीको मृत्यु भएको वडाध्यक्ष तिलवीर केसीले जानकारी दिए। आगलागीबाट बुदीसहित युवराज विक र अनन्ते सार्कीको घर जलेका छन्।

त्यस्तै, रामेछाप नगरपालिका- ३ साँघुटारस्थित ठाडाखोलानजिकै जंगलको डढेलो बस्तीमा पस्दा ६ घर जलेका छन्। स्थानीय दीर्घमान श्रेष्ठको तीन, खड्गबहादुर कुमालको दुईवटा घर र एउटा वस्तु बाँध्ने मतान गरी ६ वटा घर जलेर नष्ट भएको रामेछाप नगरपालिका- ३ का वडाध्यक्ष दलबहादुर प्रधानले जानकारी दिए। बस्तीनजिकै रहेको जंगलमा लागेको आगो हावाको वेगसँगै बस्तीमा पस्दा घर जल्न पुगेको हो। आगो निभाउने क्रममा दीर्घमान श्रेष्ठ घाइते भएका छन्। आगलागीमा परी खड्गबहादुरले पालेका ६० वटा बोइलर कुखुरा पनि जलेर नष्ट भएका छन्। आगलागीबाट घरमा भएको सबै लत्ताकपडा, खाद्यान्न, भाँडाकुँडा, नगद सबै जलेर नष्ट भएको छ।

■ आगलागीले एकै गाउँका २४ घर जले

सप्तरीको कञ्चनरूप नगरपालिका- ५ पडेमारामा आइतबार दिउँसो आगलागी हुँदा १२ परिवारका २४ घर जलेका छन्। आइतबार अपराह्न लालमोहन सरदारको गोठमा रहेको चुलोमा बालेको आगोबाट सल्किएको आगोले टोलभरका घर जलाएको हो। हावा चलेपछि आगो सल्किएको हो। आगलागीबाट लालमोहनको टिनको छाना भएको चारवटा घर, बिजुली सरदारको तीनवटा, आशा सरदार, लालबहादुर सरदार, सुधीर सरदार, वीरबहादुर सरदार, श्यामबहादुर सरदार, रामबहादुर सरदार र बुटु सरदारका दुई-दुईवटा तथा त्रिभुवन सरदार, करण चौधरी र समुद्री सरदारका एक-एकवटा गरी २४ वटा घर जलेर नष्ट भएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डिएसपी ढुण्डीराज नेउपानेले जानकारी दिए। कञ्चनरूप, हनुमाननगर र राजविराज नगरपालिका तथा नेपाल प्रहरीका गरी चारवटा दमकल, नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेना र स्थानीयको सहयोगमा दिउँसो करिब साढे ४ बजे आगलागी नियन्त्रणमा आएको थियो।

कुमारी बैंक लिमिटेड शाखा कार्यालय चरिकोट, दोलखाको तपसिलमा उल्लेखित ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०८१/०१/१० गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेडको शाखा कार्यालय चरिकोट, दोलखाबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय-समयमा तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज लगायतका रकम चुक्ता-भुक्तान गर्न पटक-पटक मौखिक एवं लिखित रुपमा सूचित गरी तर-ताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र यस बैंकको शाखा कार्यालयमा सम्पर्क गरी उपभोग गरिरहेको ऋणकर्जाको साँवा, ब्याज लगायतका बैंकलाई तिर्नु/बुझाउनुपर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन, कानून, राष्ट्र बैंकबाट जारी निर्देशनहरु एवं यस बैंक कर्जा असुली विनियमावली बमोजिम धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रि वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षलाई **कर्जा सूचना केन्द्रको कालोसूचि**मा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचना मार्फत अवगत गराउँदै, ऋणकर्जा चुक्ता भुक्तान गर्न/गराउनुहुन सम्बन्धित सबै पक्षलाई यसै सूचना मार्फत जानकारी समेत गराउँदछौं। **उल्लेखित ऋणकर्जाको लागि सुरक्षण बापत रहेको धितोबाट बैंकको सम्पूर्ण लेना रकम असुलउपर नभएमा बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन, २०७३ तथा अन्य प्रचलित नियम, कानून तथा कर्जा सम्झौता अनुसार ऋणी, संचालक तथा जमानीकर्ताहरुको अन्य चल/अचल जायजेथा तथा श्रीसम्पत्तिहरुबाट बैंकको बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा समेत ऋणी, जमानतकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सुचित गरीन्छ।**

तपसिल

ऋणीको विवरण	धितो सुरक्षणको विवरण
नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, दोलखामा मिति २०७६/०५/०४ मा प्रा.फ.र.नं. २०५९/०७६/०७७ कायम भई दर्ता रहेको दोलखा जिल्ला, भिमेश्वर न.पा. वडा नं ६ स्थित रजिष्टर्ड कार्यालय रहेको **कोसिस होटल एण्ड खाजा घर। प्रोप्राईटर - तारा कार्की**	१. **गणेश बहादुर कार्की**को नाममा मालपोत कार्यालय, दोलखामा दर्ता कायम रहेको दोलखा जिल्ला, चरिकोट गाविस वडा नं. ४ स्थित कित्ता नं. ५४६४, ३३००, ५४६३ र ३२९८ को क्षे.फ. क्रमशः ५०९, ८०, १८० र ११४ (व.मी) को घरजग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत। २. ऋणी **कोसिस होटल एण्ड खाजा घर**को सम्पूर्ण चल अचल श्रीसम्पत्ति तथा अन्य आसामीहरुसंग लेना रकम उपर उल्लेखित कर्जा रकम तथा सोबाट उत्पन्न दायित्वको हदसम्म धनि बैंकको हक रहने गरी धितो सुरक्षण लिखत वा हाईपोथिकेशन तमसुक।

व्यक्तिगत जमानीकर्ताहरूको विवरण

१. **तारा कार्की** ना.प्र.नं.- २२९०१४/२५८१ जारी मिति - २०६९/०४/०८, जि.प्र.का. दोलखा बाबु - दिल बहादुर रेग्मी ससुरा - दल बहादुर कार्की स्थायी ठेगाना- दोलखा जिल्ला, भिमेश्वर न.पा वडा नं. १० हालको ठेगाना- दोलखा जिल्ला भिमेश्वर न.पा वडा नं. ०६	२. **गणेश बहादुर कार्की** ना.प्र.नं.- ३७०५४/२४७५ जारी मिति - २०६१/०७/१५, जि.प्र.का. दोलखा बाबु - दल बहादुर कार्की बाजे - वृप बहादुर कार्की स्थायी ठेगाना- दोलखा जिल्ला, भिमेश्वर न.पा वडा नं. १० हालको ठेगाना- दोलखा जिल्ला भिमेश्वर न.पा वडा नं. ०६

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैका लागि

शाखा कार्यालय चरिकोट, दोलखा फोन नं.०४९-४२१८०८/८०९

धितोमा रहेको चल अचल सम्पत्ति लिलाम डाँक बढाबढद्वारा लिलाम बिक्री गरिने बारेको प्रथम पटकको सार्वजनिक सूचना

सूचना प्रकाशित मितिः २०८१/०१/१०)

तपसील बमोजिमका कर्जा ग्राहकहरुले यस संस्थाबाट देहाय बमोजिम कर्जा/सुविधाहरुको संस्थालाई बुझाउनु पर्ने साँवा, ब्याज, हर्जाना तथा अन्य लेना रकम बुझाउन पटक पटक मौखिक तथा लिखित रुपमा तर ताकेता तथा कर्जा बुझाउने बारे २१ (एक्काईस) दिने सूचना प्रकाशन गर्दा समेत कर्जा भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकाले यो सूचना प्रकाशित भएको मितिले ३५(पैंतीस) दिन भित्र संस्थाको सम्पूर्ण लेना रकम चुक्ता गर्नुहुन कर्जा ग्राहक, धितो सुरक्षण मन्जुरीनामा दिने, जमानत दिनुहुने व्यक्ति/संस्थालाई यो सार्वजनिक सूचना जारी गरीएको छ। उल्लेखित ३५(पैंतीस) दिन भित्र कर्जा चुक्ता नगरेमा कर्जा ग्राहक, धितो सुरक्षण मन्जुरी दिने, जमानत दिनुहुने व्यक्ति/संस्था र सम्बन्धित पक्षलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा राखिने र संस्थालाई लेखिदिएको चल अचल सम्पत्ति/परियोजना सहकारी संस्था सम्बन्धी ऐन, २०७४ र यस संस्थाको प्रचलित कर्जा असुली कार्यविधि अनुसार देहाय बमोजिमको मितिमा धितो लिलाम डाँक बढाबढ गरिने हुँदा ईच्छुक व्यक्ति/संस्था तथा सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। साथै, उपरोक्त अनुसार डाँक बढाबढद्वारा धितो लिलाम बिक्री हुन नसकेमा धितो सुरक्षणमा रहेको चल अचल सम्पत्ति संस्था आफैले सकार गरि लिन सक्ने व्यहोरा समेत जानकारी गराईन्छ।

तपसील

ऋणिको विवरण

ग्राहकको नाम : **मिरा ताम्राकार**
ना. प्र.नं. १७०५/०४०/०४१
जारी मितिः २०४०/०९/०३
जारी भएको कार्यालय : जिल्ला प्रशासन कार्यालय, ललितपुर
बाजे/ससुराको नामः चिनिया दास ताम्राकार
पति/पत्नीको नाम : बसन्त ताम्राकार
कर्जा शिर्षक/कर्जा नं. :व्यावसायिक कर्जा

व्यक्तिगत तथा धितो जमानीकर्ताको विवरणः

नाम : **विमल ताम्राकार** ठेगाना : का.म.न.पा.१३ ना. प्र.नं.: ८०७९/३३४६५/४६२४५ नागरिकता जारी भएकोजिल्ला/मिति/कार्यालयः जि.प्र.का., काठमाडौं मिति :२०६१।१०।०७ पति/बाबुः बसन्त ताम्राकार बाजे/ससुराः चिनिया दास ताम्राकार	नाम : **विवेक ताम्राकार** ठेगाना : का.म.न.पा.१३ ना. प्र.नं.: ८५०८/२२६९६ नागरिकता जारी भएकोजिल्ला/मिति/कार्यालयः जि.प्र.का., काठमाडौं मिति :२०५५।१०।२१ पति/बाबुः बसन्त ताम्राकार बाजे/ससुराः चिनिया दास ताम्राकार

लिलाम हुने अचल सम्पत्तिको विवरणः मिरा ताम्राकारको नाममा रहेको काठमाडौं जिल्ला का.म.न.पा वडा नं. १३ मा रहेको कि.नं. २३२, क्षेत्रफल : १५५.५० को न्यूनतम मूल्य रु. : १,२५,८८,०००

शर्तहरु :

१) धितो लिलाम डाँक बढाबढ हुने तोकिएको दिन लिलामी कार्य सम्पन्न हुन नसकेमा वा सार्वजनिक बिदा परेमा सोको लगतै संस्था खुलेको दिन उक्त लिलामी कार्य हुनेछ।
२) धितो लिलाम डाँक बढाबढमा कम्तिमा ३(तीन) जना व्यक्ति/संस्थाहरुले भाग लिएको हुनु पर्नेछ।
३) धितो लिलाम डाँक बढाबढमा सबै भन्दा बढी बोलकबोल गर्ने व्यक्ति/संस्थाले बोलेको अंकको कम्तिमा १० (दश) प्रतिशत हुने रकम धरौटी बापत त्यसै दिन यस संस्थाको प्राइम बैंकमा रहेको खाता नम्बर ००९०१०००००००७०८००१३० मा जम्मा भएको हुनु पर्नेछ।
४) लिलाम सकार गर्ने व्यक्ति/संस्थाले लिलाम सदर भएको ७ (सात) दिन भित्र बाँकी रकम बुझाउनु पर्नेछ। बुझाउनु पर्ने बाँकी रकम तोकिएको मितिमा बुझाउन नसकेमा जम्मा भएको रकम स्वतः जफत हुनेछ।
५) लिलाम सदर/बदरको निर्णय नभए सम्म धरौटी रकम फिर्ता माग गर्न र सोमा ब्याज दावी गर्न पाईने छैन।
६) डाँक बढाबढको शुरुवात अंक उक्त चल अचल सम्पत्तिको मूल्यांकनबाट शुरुवात गरिनेछ।
७) धितो लिलाम डाँक बढाबढ सदर वा बदर गर्नु अगावै सम्बन्धित ग्राहकले संस्थालाई भुक्तानी गर्नु पर्ने सम्पूर्ण रकम बुझाएमा लिलामी कारवाही हुने छैन।
८) लिलाम सदर भए पश्चात दाखिल/खारेज नामसारी गर्दा सम्बन्धित निकायमा तिर्न बाँकी कर, राजश्व, मालपोत, रजिष्ट्रेशन दस्तुर लगायतका सम्पूर्ण राजश्व, कर, दस्तुर एवं अन्य भैपरी खर्च बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ।
९) डाँक बढाबढमा सबै भन्दा बढी बोलकबोल गर्ने व्यक्ति/संस्थालाई दिने वा नदिने सम्पूर्ण अधिकार संस्थामा सुरक्षित रहनेछ।
१०) अन्य जानकारीको लागि यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ।

धितो लिलाम बिक्री हुने मिति :- २०८१ साल जेठ महिना १४ गते समय : १२:३० बजे
संस्थाको कार्यालय : जोइन बचत तथा ऋण सहकारी संस्था लि.
लिलाम हुने स्थान : सोह्रखुट्टे, काठमाडौं

जोइन बचत तथा ऋण सहकारी संस्था लि.
Join Saving & Credit Co-operative Ltd.
सोह्रखुट्टे, काठमाडौं, फोन नं. ०१-४९५६६२४,९८५११३३३६४८

विकेन्द्रीकृत भ्रष्टाचार न्यूनीकरणका उपाय

विकेन्द्रीकरणले स्रोतको प्रवाहलाई कर्मचारी र जनप्रतिनिधिको मिलेमतोमार्फत स्थानीय स्वार्थ समूहतर्फ मोडेर भ्रष्टाचारका निम्ति अवसर र 'च्यानल' सिर्जना गर्छ



● डा. कृष्णराज पन्त

अग्रलेख



अर्थशास्त्रका प्राध्यापक रबर्ट लिटगार्ड भन्छन्- भ्रष्टाचार एक आर्थिक अपराध हो। सार्वजनिक भूमिकामा निजी स्वार्थको हस्तक्षेप नै भ्रष्टाचारको कारक हो। जब कुनै व्यक्ति/अधिकारीले पारदर्शितासहितको जवाफदेहिताविनाको एकाधिकार शक्ति र वस्तु तथा सेवाको प्रबन्धमा स्वविवेकीय अधिकारको अभ्यास गर्न खोज्छ, त्यसले भ्रष्टाचारलाई निम्त्याउँछ। समाजको बदलिँदो संरचनासँगै परिवर्तित सापेक्षित रुचि र आवश्यकता परिपूर्ति खातिर मानिस (नैतिक निष्ठामा अडिन नसक्ने व्यक्ति वा समूह) अतिरिक्त आम्दानीका लागि गैरकानुनी आर्थिक आर्जनको बाटो समाउँछन् अर्थात् भ्रष्टाचारमा संलग्न हुन्छन्। यस्ता भ्रष्टाचारका निम्ति प्रायः राजनीतिज्ञ, कर्मचारी र निजी क्षेत्र (व्यवसायी)को त्रिपक्षीय मिलेमतोले काम गरेको हुन्छ। साथै, खर्चिलो राजनीतिक प्रणाली, सम्पत्तिको मोह, भड्किला उपभोग प्रवृत्ति र अनैतिक तथा असामाजिक चरित्रको प्रभुत्वले भ्रष्टाचार प्रवर्द्धनमा मद्दत पुऱ्याउँछ। परिणामतः सार्वजनिक स्रोतमा बाठाटाठाको कब्जा र स्रोतको दुरुपयोगको माध्यमबाट भ्रष्टाचारले सार्वजनिक सेवाको प्रभावकारिता (लागत, गुणस्तर र परिमाण सबैमा) कमजोर बनाउँछ र मुलुकलाई उच्च लागत र कम गुणस्तरको अर्थतन्त्रमा रुपान्तरित गरिदिन्छ।

नागरिक सचेतनामा अभिवृद्धि, पत्रकारिता र सञ्चार क्षेत्रको अत्यधिक विस्तारसँगै नेपालमा भ्रष्टाचारका घटना व्यापक रूपमा उजागर भएका छन्। दिनहुँझैँ नयाँनयाँ काण्डका समाचार आइरहेका छन्। ट्रान्सपरेन्सी इन्टरनेसनलको प्रतिवेदनअनुसार सन् २०२३ को भ्रष्टाचार अनुभूति सूचकांक (करप्सन पर्सेप्सन इन्डेक्स)मा विश्वका १८० मुलुकमध्ये नेपाल ३५ स्कोरसाथ १०८औँ स्थानमा छ। दक्षिण एसियाली मुलुकमध्ये नेपाल यस मामिलामा भुटान, भारत र माल्दिभ्सभन्दा पछाडि छ भने श्रीलंका, पाकिस्तान, बंगलादेश र अफगानिस्तानभन्दा अगाडि छ। यसैगरी, स्विस बैंकमा नेपालीको खातामा निक्षेपको मात्रा सन् २०१५ यता ह्वात्तै बढेको देखिन्छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प्रतिवेदनअनुसार, आयोगमा प्राप्त भ्रष्टाचारसम्बन्धी उजुरी र फर्स्योटको प्रवृत्ति बढ्दो छ। आयोगमा प्राप्त उजुरी र अनुसन्धानअनुसार, घुस (रिसवत), सार्वजनिक सम्पत्तिको हानि-नोक्सानी, गैरकानुनी लाभ वा हानि, गैरकानुनी सम्पत्ति आर्जनजस्ता वर्गमा पर्ने भ्रष्टाचार अधिक देखिन्छन्। त्यस्तै, झुट्ठा-नक्कली शैक्षिक प्रमाणपत्रको प्रयोग, राजस्व चुहावट वा हानि-नोक्सानी र अन्य (गैरकानुनी रूपमा सार्वजनिक जमिन आफ्नो नाममा गर्ने, सार्वजनिक खरिद तथा निर्माणमा अनुचित लाभ लिने, गलत लिखत र कागजात बनाउनेलगायत) भ्रष्टाचार पनि विद्यमान छन्।

भ्रष्टाचारको विकेन्द्रीकरण : शासनको विकेन्द्रीकरणले प्रणालीगत परिवर्तन हुँदा तल्ला तहको सामाजिक-राजनीतिक शक्ति संरचनामा पनि परिवर्तन ल्याउँछ। यस्तो प्रक्रियाले सरकारको संघीय तहबाट तल्ला (प्रदेश र स्थानीय) तहमा अधिकार र शक्तिको प्रवाह गर्ने मात्र नभई कर्मचारीतन्त्रमा रहने आधिपत्यको संरचनामा समेत परिवर्तन गर्छ। स्थानीय पहिचानमा आधारित शक्ति र प्रतिस्पर्धाको उदयका निम्ति सामाजिक राजनीतिक अवसरसमेत प्रदान गर्छ। परिणामतः स्थानीय तहमा पनि अभिजात वर्गको परिसंचरण (सर्कुलेसन) गर्छ र तिनका निम्ति निर्बाध भ्रष्टाचारको ढोका खोल्छ। अर्थात् विकेन्द्रीकरणले स्रोतको प्रवाहलाई कर्मचारी र जनप्रतिनिधिको मिलेमतोमार्फत स्थानीय स्वार्थ समूहतर्फ मोडेर भ्रष्टाचारका निम्ति अवसर र 'च्यानल' सिर्जना गर्छ। अनि स्रोत र भ्रष्टाचारका पात्र तथा प्रवृत्तिको पनि केन्द्रबाट प्रदेश र स्थानीय तहतर्फ विकेन्द्रीकरण हुन्छ।

मुलुकले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली अवलम्बन गरिसकेपछि संवैधानिक व्यवस्थामार्फत नै तीन तहको सरकारको अधिकार र कर्तव्यको बाँडफाँडसहित प्रदेश र स्थानीय तहलाई एकल अधिकारसमेत प्रदान गरिएको छ। त्यसैगरी, राजस्वको अधिकार, राजस्व बाँडफाँड र अनुदानका रूपमा तल्ला तहमा स्रोतको हस्तान्तरण गर्ने गरिएको छ। तल्ला तहमा जनशक्ति व्यवस्थापन गर्ने अधिकार प्रत्यायोजनदेखि कर्मचारी समायोजनसम्मका प्रक्रियाबाट केन्द्रबाट प्रदेश र स्थानीय तहमा जनशक्तिको विकेन्द्रीकरण गरिएको छ। विकेन्द्रीकरणको यिनै पृष्ठभूमिमा स्रोत र जनशक्तिसँगै भड्किला आचरण, एकाधिकारी प्रवृत्ति र निर्णयमा स्वेच्छाचारिताको अनुसरणसहित भ्रष्टाचारको देखासिकी गर्ने प्रवृत्ति पनि तल्ला तहका सरकारमा सरेर आएको छ। विकेन्द्रित अधिकार र स्रोतमा टेकेर माथि उल्लेख गरिएझैँ राजस्व संकलन, सार्वजनिक खर्च र सार्वजनिक वस्तु तथा सेवा प्रवाहका क्षेत्रका कार्यसम्पादनको सिलसिलामा तल्ला तहका कर्मचारी र जनप्रतिनिधि (निर्वाचित/मनोनीत) मौद्रिक वा गैरमौद्रिक भ्रष्टाचारमा संलग्न हुन्छन्, जसले गर्दा स्थानीय सरकारको 'स्रोतको बाँडफाँड र उत्पादनको प्रभावकारिता'लाई कमजोर बनाउँछ। अन्ततः नागरिकको दैलोअघिको सरकारले प्रभावकारी, किफायती र गुणस्तरीय सार्वजनिक सेवा प्रदान गर्छ र स्थानीय सरकारमाथि नागरिकको प्रत्यक्ष निगरानी हुन्छ भन्ने विकेन्द्रीकरणको मान्यतालाई नेपालजस्ता विकासोन्मुख मुलुकमा विद्यमान बढ्दो भ्रष्टाचारको दृष्टान्तले फिक्का तुल्याइदिन्छन्।

संघ, प्रदेश र स्थानीय तहमा भ्रष्टाचार : संघ, प्रदेश र स्थानीय तहमा सार्वजनिक आय (राजस्व संकलन) र खर्च, सार्वजनिक सम्पत्ति, सार्वजनिक खरिद, सार्वजनिक निर्माण, नक्कली/किर्ते कागजात, सार्वजनिक सेवा प्रवाहलगायतका क्षेत्रमा विभिन्न स्वरूप र आयामका भ्रष्टाचार देखिने गरेका छन्। यसमा विभिन्न तहका कर्मचारी, निर्वाचित/मनोनीत पदाधिकारी (जनप्रतिनिधिसमेत), उद्योगी व्यवसायी, बिचौलिया र अन्य नागरिकको संलग्नता रहने गरेको पाइएको छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोगका अनुसार ०७९/८० मा तहगत सरकारको सन्दर्भमा प्राप्त उजुरीमध्ये संघीय तहको ३६ प्रतिशत (९,१२१), प्रदेश तहको १३ प्रतिशत (३,२९३) र स्थानीय तहको ५१ प्रतिशत (१३,१४२) छन्। त्यस्तै, गैरकानुनी लाभ हानिसम्बन्धी मुद्दामा ४० प्रतिशत प्रतिवादी निर्वाचित/मनोनीत अधिकारी छन् भने २६ प्रतिशत प्रतिवादी स्थानीय तहसँग मात्र सम्बन्धित छन्। सार्वजनिक सम्पत्तिको हानि-नोक्सानी मुद्दामा १९ प्रतिशत र राजस्व हिनामिनामा ३५ प्रतिशत प्रतिवादी स्थानीय तहका मात्र छन्। यसरी, करिब दुईतिहाइ उजुरी प्रदेश र स्थानीय तहको हुनु र मुद्दामा प्रतिवादीको उल्लेख्य संख्या स्थानीय तहका हुनुले मुलुकमा सिंहदरबारबाट अधिकार, स्रोत र जनशक्तिको विकेन्द्रीकरणसँगै भ्रष्टाचारी प्रवृत्तिको पनि विकेन्द्रीकरण भएको अनुभूति दिन्छ। स्थानीय र प्रदेश तहमा हुने धेरै भ्रष्टाचार आयाममा साना भए पनि केन्द्रीय तहमा हुने अधिकांश प्रकृतिको भ्रष्टाचारको पुनरावृत्ति भएझैँ देखिन्छन्। केन्द्रीय तहमा बिगोको आकार र प्रतिवादीको संख्या ठूलो भएका ठूला भ्रष्टाचारका काण्डको पुनरावृत्ति भएको पाइन्छ भने तल्ला तहमा प्रायः बिगो कम हुने साना भ्रष्टाचारको प्रभाव देखिन्छ।

बहुदलीय प्रजातन्त्रको पुनर्स्थापना र संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनापछि साधारण र मध्यम प्रकारका भ्रष्टाचारबाहेक केन्द्रीय/संघीय तहमा विभिन्न बखतका लाउडा, धमिजा, चेज एयर, चाइना साउथ वेस्ट, वाइडबडीलगायतका विमान खरिद प्रकरण, सुडान घोटालाकाण्ड, एनसेल करछली काण्ड, सुन तस्करीकाण्ड, क्यान्टोन्मेन्ट घोटाला प्रकरण, यती/ओम्नी प्रकरण, सेक्युरिटी प्रिन्टिङ प्रेस खरिद प्रकरण, नेपाल ट्रस्टको जग्गाभाडा प्रकरण, ललितानिवास प्रकरण, गिरीबन्धु टी-स्टेट प्रकरण, नक्कली भुटानी शरणार्थी प्रकरण, कर फर्स्योट आयोगको अनियमितताजस्ता थुप्रै ठूला भ्रष्टाचारका काण्ड बाहिर आएका छन्।

अर्कातर्फ, स्थानीय तहमा पनि योजना छनोट, कार्यान्वयन र फर्स्योट, अनुदान वितरण, घरबाटो सिफारिस, पञ्जीकरणजस्ता सेवा प्रवाह, निर्माण उपभोक्ता समितिको गठन र कार्यसम्पादन, सार्वजनिक निर्माणको अनुगमन र भुक्तानी प्रक्रिया, परामर्शदाताको छनोट र डिपिआर निर्माणलगायत अध्ययन-अनुसन्धानजस्ता क्षेत्रका कार्यसम्पादनको सिलसिलामा घुस/कमिसनजस्ता खुद्रा भ्रष्टाचारमा स्थानीय तहका कर्मचारी र पदाधिकारी संलग्न भएको पाइएको छ। विभिन्न सरकारी अनुसन्धान प्रतिवेदनअनुसार, अनुचित आर्थिक लाभका निम्ति किर्ते कागजमार्फत भुक्तानी, दोहोरो योजना छनोट र भुक्तानीजस्ता गैरकानुनी काम पनि स्थानीय तहमा भएका पाइन्छन्। यसैगरी, अनधिकृत सल्लाहकार नियुक्ति, क्षेत्राधिकारबाहिर करशुल्क लगाउने वा मिनाहा गर्ने, सामाजिक सुरक्षा भत्ताको दुरुपयोग गर्नेजस्ता काममा पनि कतिपय स्थानीय अधिकारी संलग्न रहेको पाइन्छ। माटो र नदीजन्य पदार्थ (ढुंगा, गिट्टी, बालुवा)को जथाभावी उत्खनन/दोहन र यससम्बन्धी राजस्व संकलन (ठेक्का) प्रक्रिया, अवैध क्रसर दर्ता र सञ्चालन, सार्वजनिक भवन निर्माण, सवारीसाधन खरिद वा भाडामा लिनेजस्ता विषयमा हुने भ्रष्टाचार स्थानीय तहमा मौलाएका छन्। त्यस्तै, प्रदेश तहमा पनि भ्रष्टाचारका घटना उजागर भएका छन्। कृषि अनुदानमा कमिसन, पूर्वाधार योजना छनोटमा सेटिङ र फर्स्योटमा कमिसन, यातायात कार्यालयमा हुने घुस लेनदेनजस्ता भ्रष्टाचार प्रदेश तहमा देखिएका छन्।

> भ्रष्टाचार नियन्त्रणका निम्ति सरकारले अधिकारीहरूको एकाधिकार न्यूनीकरण र प्रतिस्पर्धाको प्रवर्द्धन गर्नुपर्छ, तिनको तजबिजी अधिकारलाई सीमित गर्नुपर्छ र कानुनी प्रावधानको स्पष्टतासहित कर्तव्यप्रति जवाफदेहिता प्रवर्द्धन गर्नुपर्छ

भ्रष्टाचार न्यूनीकरणका उपाय : प्राध्यापक लिटगार्डको सूत्रका अनुसार, एकाधिकार र स्वविवेकको जोडबाट जवाफदेहिता घटाउँदा आउने प्रतिफल नै भ्रष्टाचार हो। यसकारण, भ्रष्टाचार नियन्त्रणका निम्ति सरकारले अधिकारीहरूको एकाधिकार न्यूनीकरण र प्रतिस्पर्धाको प्रवर्द्धन गर्नुपर्छ, तिनको तजबिजी अधिकारलाई सीमित गर्नुपर्छ र कानुनी प्रावधानको स्पष्टतासहित कर्तव्यप्रति जवाफदेहिताको प्रवर्द्धन गर्नुपर्छ। यसैगरी, झन्झटिलो र कठोर प्रशासनिक प्रक्रियामा सुधार र प्रभावकारी नियमनको व्यवस्था गरिनुपर्छ। कम जोखिम, हल्का दण्ड सजाय र उच्च लाभको परिस्थितिमा मात्र भ्रष्टाचार मौलाउने भएकाले भ्रष्टाचारबाट प्राप्त लाभभन्दा धेरै दण्ड-सजाय र बिगो हुने गरी भ्रष्टाचारसम्बन्धी कडा कानुनको तर्जुमा, कार्यान्वयन र अनुगमन गरिनुपर्छ। नीतिगत वा आर्थिक जुनसुकै भ्रष्टाचारमा संलग्न उच्च तहका अधिकारीसमेत उन्मुक्तिविहीन हुने व्यवस्था हुनुपर्छ। स्वतन्त्र, शक्तिशाली र प्रभावकारी संयन्त्रसहितको विकेन्द्रीकृत कार्यसम्पादन अनुगमन र मूल्यांकन प्रणाली, भ्रष्टाचार नियन्त्रणमा पुरस्कार र दण्डको निष्पक्ष नीतिको अवलम्बन, भ्रष्टाचार नियन्त्रणसम्बन्धी संयन्त्रको स्पष्ट अधिकार र कार्यक्षेत्रसहितको विकेन्द्रीकरण आवश्यक हुन्छ। साथै, खर्चिलो निर्वाचन प्रणालीका कारण निर्वाचनमा उम्मेदवारले लाखौँ खर्च गर्ने र निर्वाचित भएपछि सो खर्च असुलीका निम्ति भ्रष्टाचार गर्ने प्रवृत्ति देखिएकाले विद्यमान निर्वाचन प्रणालीको पुनरावलोकन जरुरी छ।

विकासोन्मुख मुलुकमा आमनागरिकमा चेतना र सूचनामा पहुँचको कमीले निर्वाचनमा उम्मेदवार र दलको व्यवहार एवं कार्यसम्पादनभन्दा पनि पद, पैसा र बलजस्ता बाह्य तत्त्व हाबी हुन जाँदा प्रतिस्पर्धामा आधारित भ्रष्टाचार नियन्त्रणको मोडेल पनि फिक्का हुन पुग्छ। यसकारण, भ्रष्टाचार नियन्त्रणका निम्ति उपचारात्मक विधिसँगै शासन सञ्चालनमा नीतिगत सुधार, नयाँ प्रविधिको प्रयोग, पद्धतिमा सुधार, कार्यशैली तथा प्रवृत्तिगत सुधार, नागरिक चेतनाको अभिवृद्धि, नागरिक निगरानी संयन्त्रको व्यवस्थाजस्ता निरोधात्मक र प्रवर्द्धनात्मक विधिसमेत अवलम्बन गरिनु आवश्यक छ। अख्तियार, महालेखा, सतर्कता केन्द्र, सम्पत्ति शुद्धीकरण तथा अनुसन्धान विभागलगायत निकायलाई व्यवहारमै स्वतन्त्र, निष्पक्ष, पारदर्शी, पूर्वाधारसम्पन्न, दक्ष जनशक्तिसहित किफायती र प्रभावकारी बनाइनु आवश्यक छ।

यसरी, आवधिक नीतिगत र कानुनी सुधार, शासकीय संरचनामा सुधार, चुस्त र आधुनिक सार्वजनिक सेवा प्रवाह प्रणालीको विकास, सुशासनको प्रवर्द्धन, माग, आवश्यकता र मापदण्डमा आधारित योजना तर्जुमा, सार्वजनिक खरिद प्रणालीमा सुधार, अनलाइन भुक्तानी प्रणाली र शासन एवं सेवा प्रवाहका हरेक क्षेत्रमा सूचना प्रविधिको प्रयोगको प्रवर्द्धन, निर्वाचन प्रणालीमा सुधार, पारदर्शी र उत्पादनमा आधारित अनुदान प्रणालीको अवलम्बन, दक्षता र आवश्यकतामा आधारित किफायती मानव स्रोत व्यवस्थापन, प्राकृतिक स्रोतको वैधानिक, व्यवस्थित र पारदर्शी उपयोगको नीति अवलम्बन, नागरिक र अधिकारीमा सदाचार तथा नैतिकता प्रवर्द्धनममार्फत भ्रष्टाचार न्यूनीकरण गर्न सकिन्छ।

(डा. पन्त प्रदेश नीति तथा योजना आयोग, बागमती प्रदेशका पूर्वउपाध्यक्ष हुन्)

३ प्रश्न

राजनीतिक विश्लेषक **श्याम श्रेष्ठलाई**



एमाले किन तत्काल वाम ध्रुवीकरणको विपक्षमा उभिएको होला ?

यो एउटा बुझिनसक्नुको परिदृश्य हो। यो सरकार बनेकै वाम ध्रुवीकरणका लागि हो। प्रधानमन्त्री तथा माओवादी अध्यक्ष प्रचण्ड र एमाले अध्यक्ष ओलीले समेत पटक-पटक भन्दै आएको पनि यही हो। तर, अहिले एकाएक एमालेको दस्तावेजमा तत्काल वाम ध्रुवीकरण नगर्ने भन्ने प्रस्ताव आएको छ। सम्भवतः यो सब एकीकृत समाजवादी र क्रान्तिकारी 'नेचर'का ससाना वामपन्थी दलहरूसँग एकता गर्नु नपरोस् भन्ने सोचबाट 'गाइडेड' हुन सक्छ। यसबाहेक त यसको अर्को कुनै अर्थ लाग्दैन। ध्रुवीकरण गर्दैनौँ भनेर सरकार नै गिराउन त ओलीले पक्कै चाहँदैनन् होला।

भविष्यमा चाहिँ वाम ध्रुवीकरणको सम्भावना कति देख्नुहुन्छ ?

नेपालमा दुई-तीन खालको ध्रुवीकरण हुन सक्ने सम्भावना देखिन्छ। एउटा माओवादी र एमालेजस्ता सुधारवादी दलहरूबीच ध्रुवीकरण हुन सक्छ। अर्को नेमकिपा, मोहन विक्रमको पार्टीजस्ता समूहबीच ध्रुवीकरण हुन सक्छ। अर्कोचाहिँ क्रान्तिकारी नेचर भएका दल या समूहबीच ध्रुवीकरण हुन सक्छ। यसबाट वाम वृत्तमा जम्मा तीन शक्ति कायम रहन सक्ने देखिन्छ। ध्रुवीकरणको प्रयास सबैले गरेको देखिन्छ, तर भनेजस्तो हुन सकेकोचाहिँ देखिन्न।

वाम ध्रुवीकरण भएमा त्यसको जवाफमा लोकतान्त्रिक शक्तिबीच ध्रुवीकरण हुने सम्भावना छ त ?

लोकतान्त्रिक ध्रुवीकरणको प्रयास गरे कांग्रेसले गर्ने हो। तर, नेपालमा कांग्रेसबाहेक लोकतान्त्रिक शक्ति भनेकै एमाले र माओवादी त बाँकी रहे। कि त तिनैसँग ध्रुवीकरण गर्नुपऱ्यो। होइन भने, राप्रपा या रास्वपासँग ध्रुवीकरण गर्नुपऱ्यो। राप्रपासँगको ध्रुवीकरण त कसरी लोकतान्त्रिक होला र ?

प्रेरक प्रसंग

मानिसको चमत्कारी शक्ति

एकपटक देवताहरूमा हरेक मनोकामना पूरा गर्न सक्ने मानिसको गोप्य चमत्कारी शक्तिलाई कहाँ लुकाउने भन्ने विषयमा गम्भीर बहस चलिरहेको थियो। एक देवताले त्यस्तो शक्तिलाई जंगलको घना गुफामा लगेर लुकाउने प्रस्ताव राखे। उनको प्रस्ताव राम्ररी पूरा हुनसमेत नपाउँदै अर्का देवताले भने- यसलाई गुफा या पहाडको शिखरमा लुकाउनुको साटो समुद्रको पिँधमा लुकाउनु सबैभन्दा उपयुक्त हुन्छ।



सबैको आ-आफ्ना तर्क सकिएपछि एक बुद्धिमान् देवताले प्रस्ताव पेस गर्दै भने- हामीले यस्तो चमत्कारी शक्ति लुकाउन दश ठाउँ खोजी बस्नुभन्दा त बरु यस्तो शक्तिलाई मानव मनको गहिराइमा लुकाइदिऊँ। यसै पनि मान्छेको मन बाल्यावस्थादेखि नै यताउता दौडिरहन्छ। मान्छेले यस्तो अद्भूत शक्ति आफैँभित्र लुकाइएको छ भन्ने कल्पनासम्म गर्न सक्दैन। ऊ संसारभर यसलाई खोज्दै यताउता भौँतारिइरहनेछ। त्यसैले, यस्तो अमूल्य शक्तिलाई हामी उसको मनको भित्री तहमा लुकाऔँ।

बाँकी सबै देवता उनको प्रस्तावमा सहमत भए। मान्छेको त्यस्तो चमत्कारी शक्तिलाई उसको मनको भित्री कुनामा लुकाइयो। जसलाई आजसम्म मान्छेले कुनै पनि गहनभन्दा गहन उत्खननबाट पत्ता लगाउन सकेको छैन। यस प्रसंगको सार मानव मन असीम ऊर्जाको भण्डार हो भन्ने नै हो। मानिस जे चाहन्छ, उसले त्यो प्राप्त गर्न सक्छ। तर, उसमा आफैँमाथि विश्वास हुँदैन, यो नै सबैभन्दा विडम्बनाको विषय हो। उसलाई आफैँभित्र यति ठूलो शक्ति लुकाइएको छ भन्ने विश्वास नै छैन। त्यसैले, अब सबैले आफूभित्र रहेको असीमित ऊर्जाको खोजी गरी जीवनलाई उज्ज्वल बनाउन सक्नुपर्छ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

खानेपानीको अनुगमन गरियोस्

सुक्खायामसँगै काठमाडौं उपत्यकामा एकातिर खानेपानीका मुहान र बोरिङसमेत सुक्न थालिसकेका छन् भने अर्कातिर काठमाडौं उपत्यका खानेपानी लिमिटेड (केयुकेएल)बाट उपत्यकाका सबै ठाउँमा नियमित रूपमा खानेपानी वितरण हुनसकेको छैन। सर्वसाधारणले उपभोग गर्ने जार तथा बोतलको पानी पनि पिउनका लागि आधिकारिक रूपमा प्रमाणित भएको देखिँदैन। सबैसँग महँगो पानी किन्न सक्ने हैसियत पनि देखिँदैन। यस्तो अवस्थामा औँसी, पूर्णिमामा मात्रै आउने धाराको पानीमा पनि समाजमा आफूलाई जान्नेसुन्ने भन्न रुचाउने अगुवाले नै मेसिन लगाएर तान्ने प्रवृत्तिले गर्दा छिमेकको धारामा पानी नजाने परिस्थिति छ। यति हुँदा पनि सबैले महसुल भने बुझाउनैपर्ने बाध्यता छ। तसर्थ, सम्बन्धित निकायले यस विषयमा नियमित अनुगमन र निरीक्षण गर्न जरुरी छ।

● **माधव पुडासैनी**, जोरपाटी, काठमाडौं

समयमै सचेत बनौँ

इसिगरेट र हुक्कासम्बन्धी समाचार पढियो। पछिल्लो समयमा युवा पुस्ताका लागि 'फेसन' बनिरहेको इसिगरेट र हुक्काका कारण एकातिर देशको राजस्व बाहिरिइरहेको छ भने अर्कातिर युवाको स्वास्थ्यमा गम्भीर नकारात्मक असर परिरहेको छ। राज्यले समयमै यसमाथि भरपर्दो नियमन गरी नियन्त्रण गर्न सकेन भने यसबाट कुनै दिन नेपाली युवाले गम्भीर स्वास्थ्य चुनौती झेल्नुपर्ने हुन सक्छ। यसतर्फ राज्य र आमअभिभावक तथा युवा स्वयं समयमै सचेत हुन जरुरी छ।

● **गौरिका तुलाचन**
घट्टेकुलो, काठमाडौं

न्यूनीकरणमा काम गरौँ

बितेको नौ महिनाको समयमा काठमाडौं उपत्यकाभित्र मात्र साढे सात हजार दुर्घटना भएको र त्यसबाट एक सय २७ ले ज्यान गुमाएको पीडादायी समाचार पढियो। वास्तवमा कुनै पनि दुर्घटना अन्य विभिन्न कारणले भन्दा पनि मानवीय त्रुटि या लापरबाहीका कारण हुने गर्छ। त्यसैले, हामी सबै सचेत हुनु जरुरी छ। यसका लागि सबैभन्दा पहिले चालकले आफ्नो सवारीसाधनको गति नियन्त्रणमा राख्नुपऱ्यो। सवारीसाधनको अवस्था सही सलामत राख्नुपऱ्यो।

● **भुवन तिमल्सिना**
सतुंगल, काठमाडौं

चुनावी एजेन्डा के हो ?


निर्वाचनमा मलाई भोट भन्ने, एकले अर्कालाई आरोप लगाउनेबाहेक दलका नेताहरूसँग कुनै चुनावी एजेन्डा छैन। आफैँले लेखेको घोषणापत्रको कुरा त निर्वाचन जितेपछि भुल्छन् भने तिनले जनताका समस्या कसरी सम्झनु ? मैले जिते यसो गर्छु, उसो गर्छु भनेर भाषण दिन्छन्। निर्वाचन जितेपछि भोट हाल्ने तिनै जनतालाई चिन्दैनन्। यही १५ वैशाखमा इलाममा निर्वाचन हुनगइरहेको छ। कांग्रेस, एमाले, माओवादी केन्द्र, रास्वपालगायत दलबीच प्रतिस्पर्धा हुने देखिन्छ। चुनाव जसले जिते पनि जनताले चाहिँ हार्ने नै हो। जनचाहना बुझ्ने नेता भए पो जनताका लागि केही हुन्थ्यो। दलको प्रस्ट नीति, प्रस्ट भिजन चाहियो। राष्ट्रिय नीति बन्नुपऱ्यो। सधैँ एकले अर्कालाई हिलो छ्यापेर आफूले आफैँलाई राम्रो भनेर कहिलेसम्म जनतालाई ढाँट्ने ? देशको अवस्था दिनानुदिन बिग्रँदो छ। आर्थिक अवस्था भयावह छ। हरेक वस्तु परनिर्भर हुनुपरेको छ। समृद्धिको भाषण गरेर मात्र हुँदैन। समृद्धिका लागि आधारशिला निर्माण गर्नुपऱ्यो। जनता सिटामोल खान नपाएर मरिरहेको अवस्थाप्रति नेताको ध्यान जानुपऱ्यो। राजधानी मात्र नेपाल होइन, त्यो कर्णाली पनि नेपालकै भूभाग हो भनेर ध्यान दिनुपऱ्यो। एक गाग्री पानी लिन दिनभरि हिँड्नुपर्ने नेपालीको दैनिकी कति कष्टकर होला, एकपटक मनन गरौँ त।

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

किन प्रतिबन्ध लगाइयो मलाई जर्मनीमा ?

जर्मन नीति यहुदीको रक्षा गर्न नभई इजरायललाई मनलाग्दी युद्ध अपराध गर्ने अधिकार रक्षा गर्नु हो



देश/विदेश

● यानिस भारुफाकिस

यी पंक्ति लेख्दै गर्दा मलाई जर्मन माटोमा पाइला राख्न मात्र नभई जर्मनीको कुनै पनि कार्यक्रममा भिडियो लिंकमार्फत जोडिन पनि प्रतिबन्ध लगाइएको छ। किन ?

एकताको सान्त्वना : ८ अक्टोबरका दिन हमासले इजरायलमा आक्रमण गरेको एक दिनपछि म बर्लिनमा थिएँ र टिभी अन्तर्वार्तामा अघिल्लो दिनका घटनाबारे थाहा पाएको थिएँ। मलाई प्रश्न गरियो, 'के तपाईं हमासको निन्दा गर्नुहुन्छ ?' प्रश्नको जवाफमा मैले यसो भनेको थिएँ-

'जोकोही अपराधी होस् वा पीडित होस्, म हरेक अत्याचारको निन्दा गर्छु। तर, म अपर्थाइड प्रणाली (नश्लीय एवं जातीय विभेद लागू गर्ने व्यवस्था) जसले जातीय सफायाको कार्यक्रम चलाइरहेको छ त्यसका विरुद्ध भइरहेको सशस्त्र प्रतिरोधको निन्दा गर्दिनँ। एक युरोपेलीका नाताले हामीले इजरायली वा प्यालेस्टिनीको निन्दा गर्नबाट जोगिनुपर्छ किनभने हामी युरोपेलीले नै कहिले अन्त्य नहुने त्रासदी निम्त्याएका हौँ। हामीले शताब्दीयौँसम्म घृणित यहुदी द्वेषको अभ्यास गरेका थियौँ जसले एक घिनलाग्दो यहुदी नरसंहार (हलोकस्ट) निम्त्यायो त्यसपछि हामी दशकौँदेखिको प्यालेस्टिनी जनताको नरसंहारमा भागीदार बन्यौँ, मानौँ कि दुई गलतले एकलाई सही ठहऱ्याओस्।'

यो अभिव्यक्ति दिएको केही दिनपछि भियनाको एकेडेमी अफ फाइन आर्ट्सले आयोजना गरेको प्रतिष्ठित ओटो वाग्नर प्रवचनमा मलाई दिइएको आमन्त्रण खारेज गरियो। त्यसपछि १६ फेब्रुअरीमा बर्लिनको बेबिलोन थिएटरमा 'इन द आई अफ द स्टर्म : द पोलिटिकल ओडिसी अफ यानिस भारुफाकिस'को प्रिमियर थियो। र, यो ६ भागको वृत्तचित्रको निर्माण बेलायती फिल्म निर्माता एवं दार्शनिक राउल मार्टिनेजले गरेका थिए। प्रिमियर रद्द गर्न पुलिसले बेबिलोनका मालिकलाई दबाब दिएका थिए। रद्द गर्नुको कारण खोज्दा अधिकारीले 'भारुफाकिस' भन्ने मात्रै जवाफ दिएका थिए। प्रहरीको अवज्ञा गर्दै बेबिलोनका मालिकले आफूले प्रिमियर रद्द नगर्ने जनाए। उनको अडान र यहुदी, प्यालेस्टिनी एवं जर्मन समर्थकले एक ठाउँमा आएर प्रिमियरमा प्रहरी हस्तक्षेप रोकेको देख्दा म निकै गदगद भएको थिएँ।

'स्तात्सरासोन'को युग : एक महिनाअघि मैले मेरो जर्मन प्रकाशक भेर्लाग आन्त्जे कुन्स्तम्यानबाट इमेल पाएको थिएँ। जसमा मलाई १३ र १४ अप्रिलको सप्ताहन्तमा हुने प्यालेस्टाइन कंग्रेसमा मेरो सहभागिता भए जर्मनीमा प्रकाशित हुने मेरो अर्को पुस्तक 'ओफ्रेल'मा पर्ने चेतावनी दिइएको थियो। यो कार्यक्रम जर्मनीमा रहेको मेरो राजनीतिक पार्टी मेरा २५ र जर्मनिज ज्युज भोइस फर पिसले सहआयोजन गरेको थियो। यसपछि एक दशकभन्दा धेरै समययतादेखि जर्मनीमा मेरा ६ पुस्तक प्रकाशन गर्ने प्रकाशकसँगको मेरो सम्बन्धको दुःखद अन्त्य भयो।

गाजामा मारिनेको संख्या बढ्दै जाँदा र अन्तर्राष्ट्रिय न्यायालयको सुनुवाइले जर्मनीको 'स्तात्सरासोन' (इजरायलको सुरक्षा जर्मनीको उद्देश्य हो) भन्ने आधिकारिक नीतिलाई चुनौती दियो। नतिजा जर्मन अधिकारी आक्रोशित हुन थाले। मेरा सहकर्मी इरिस हेफेत्समाथिको व्यवहारले यो आक्रोशलाई पुष्टि गर्थ्यो। इजरायली मनोविश्लेषक इरिसलाई सडकमा एक्लै 'एक इजरायली एवं यहुदीका नाताले गाजामा भइरहेको नरसंहार रोक' भन्ने नारा भएको प्लेकार्ड बोकेका कारण यहुदी द्वेषका आरोपमा पक्राउ परेका थिए।

प्रहरी घेराभित्र : १२ अप्रिलका दिन ग्लासगो विश्वविद्यालयका बेलायती-प्यालेस्टिनी रेक्टर घसान अबु-सित्ताहलाई प्यालेस्टाइन कांग्रेसमा हामीसँग सामेल हुन जर्मनीमा प्रवेश गर्नबाट रोकियो। विमानस्थलमा केही घन्टाको केरकारपछि उनलाई बेलायत पठाइएको थियो। यसैबीच कार्यक्रमबाहिर दुई हजार पाँच सय प्रहरी परिचालन गरी सहभागीमाथि दुर्व्यवहार गरिएको थियो। कार्यक्रममा 'नरसंहारविरुद्ध यहुदी' लेखिएको प्लेकार्ड बोकेका एक युवा यहुदी कार्यकर्तालाई गिरफ्तार गरिएको थियो। जसै उनलाई प्रहरीले लछारपछार गर्दै लागिरहेका थिए उनले ठट्यौली पारामा 'के त्यसो भए प्लेकार्डमा 'यहुदी नरसंहारलाई समर्थन गर्छन्' भनेर लेखेको भए सही हुन्थ्यो' भन्दै प्रश्न गरेका थिए।



तस्बिर : हेसम एलसेरिफ/गेटी इमेजेस

प्रहरी घेरा तोड्न सफल सहभागीको सानो हिस्साबाट मात्र हाम्रो कार्यक्रम सुरु भएको थियो। मैले भिडियो लिंकमार्फत सहभागीलाई सम्बोधन गर्नुभन्दा केही समयअघि प्रहरीले सभागृहमा आक्रमण गर्दै माइक्रोफोन खोस्दै कार्यक्रमको प्रत्यक्ष प्रसारण गर्ने उपकरणको तार चुँडालेको थियो। मैले प्रस्तुत गर्न नसकेको भाषणलाई रेकर्ड गर्दै मेरो व्यक्तिगत ब्लगमा पोस्ट गरेको थिएँ। मैले यसो गर्दा जर्मन अधिकारी खुसी थिएनन्।

१३ अप्रिल शनिबारका दिन मविरुद्ध 'बेटाटीगुंग्सभर्बोट' जारी गरियो अर्थात् मेरो राजनीतिक गतिविधिमा प्रतिबन्ध लगाइयो। यसअघि यस्ता प्रतिबन्ध इस्लामिक स्टेट्सका शाखाविरुद्ध मात्रै लाग्थे। हाम्रा वकिलले जर्मन अधिकारीलाई म एक युरोपियन युनियनको नागरिक हुनुको अलावा सन् २०१९ मा म जर्मनीमा युरोपेली संसद्का लागि उम्मेदवार थिएँ जहाँ मैले सम्मानजनक एक लाख ३५ हजार मत प्राप्त गरेको स्मरण गराएका थिएँ। लामो लाजमर्दो मौनतापछि 'बेटाटीगुंग्सभर्बोट'लाई 'आइनरिसभर्बोट' अर्थात् 'नरम' प्रवेश प्रतिबन्धले प्रतिस्थापित गरियो। आजसम्म जर्मन अधिकारीले प्रतिबन्धका पछाडिको लिखित कारण मैले पटक-पटक अनुरोध गर्दा पनि उपलब्ध गराएका छैनन्।

अत्याचारी 'ड्युसल्यान्ड' : जर्मनीको 'स्तात्सरासोन' को नीति यहुदीको सुरक्षाका लागि हुँदै होइन भन्ने स्पष्ट भएको छ। यो त इजरायललाई मनलाग्दी युद्ध अपराध गर्ने अधिकारको रक्षा गर्ने बारेमा हो। बढ्दो प्रहसनात्मक अधिनायकवादलाई अँगाल्नु एक गिर्दो आर्थिक शक्तिको दुःखद प्रतिबिम्ब हो।

(भारुफाकिस ग्रिसका पूर्वअर्थमन्त्री एवं अर्थशास्त्री हुन्)
न्यु स्टेट्समेनबाट

एआईको बढ्दो प्रभावले न्युजरुममा कस्तो असर गर्ला ?

आर्टिफिसियल इन्टेलिजेन्स (कृत्रिम बौद्धिकता/एआई) को वृद्धिले बढ्दो संख्यामा पत्रकारलाई प्रविधिबाट उत्पन्न हुने चुनौतीको सामना गर्न बाध्य पारेको छ। एआईले केही पत्रकारलाई प्रतिस्थापन गर्न सक्ने जोखिम पनि बढाएको छ।

इटलीको सहर पेरुगियामा हालै भएको अन्तर्राष्ट्रिय पत्रकारिता महोत्सवका क्रममा सहभागीले यस्तै धारणा राखे। सो अवसरमा न्युजरुमलाई एआईको सहयोग र तिनीहरूलाई पूर्ण रूपमा रुपान्तरण गर्न एआईको भूमिकाबारे चर्चा गरिएको थियो।

मानव बौद्धिकताको नक्कल गर्ने एआई उपकरण विश्वभरका न्युजरुममा ध्वनि फाइल ट्रान्सक्राइब गर्न, टेक्स्ट संक्षेप गर्न र अनुवाद गर्न व्यापक रूपमा प्रयोग गरिन्छ। सन् २०२३ को प्रारम्भमा जर्मनीको एक्सेल स्प्रिंगर समूहले बिल्ड र डाइ वेल्ट अखबारहरूमा जागिर कटौती गरिरहेको घोषणा गरेको र एआईले अब आफ्ना केही पत्रकारलाई प्रतिस्थापन गर्न सक्ने जनाएको छ।


जेनेरेटिभ एआईको घट्यो लागत

सन् २०२२ को उत्तरार्द्धमा च्याटजिपिटी देखा परेपछि जेनेरेटिभ एआईको लागत घटेको र 'युएस स्टार्ट-अप ओपेन एआई'द्वारा डिजाइन गरिएको उपकरण अब साना न्युजरुममा पहुँचयोग्य बनेका छन्।

कोलम्बियाली खोज आउटलेट क्युसन पब्लिकाले इन्जिनियरहरूलाई एउटा उपकरण विकास गर्न प्रयोग गरेको छ, जसले अभिलेखमा खोजी गर्न र ब्रेकिङ न्युजको घटनामा पृष्ठभूमि जानकारी फेला पार्न सक्नेछ। 'तर, धेरै मिडिया संगठनले एआई इन्टरफेसको केन्द्रमा रहेको आफ्नै भाषा मोडेलहरू बनाउँदैनन्,' एम्स्टर्डम विश्वविद्यालयका प्राध्यापक नताली हेलबर्गरले भने, 'तिनीहरू सुरक्षित र भरपर्दो प्रविधि बन्न आवश्यक छ।'

गलत सूचनाको जोखिम

एथ्रिपिक्सेल जर्नलले गत वर्ष गरेको अनुमानअनुसार एक सय ५० वर्षमा फोटोग्राफीमार्फत सार्वजनिक हुने तस्बिर एआईले एक वर्षमै सिर्जना गरेको छ। यसले गहिरो प्रश्न खडा गरेको छ। मिडिया र प्राविधिक संगठनले



तस्बिर : रोयटर्स

खतरालाई सम्बोधन गर्न टोली बनाउँदै गरेको र विशेषगरी 'कन्टेन्ट प्रोभेनेन्स एन्ड अथेन्सिटी'का लागि साझा मापदण्ड तय गर्न खोजेको छ।

'हाम्रो मुख्य काम भनेको समाचार संकलन, प्रत्यक्ष स्थलगत रिपोर्टिङ हो,' हालै एएफपी सम्पादकीय नवप्रवर्तन र कृत्रिम बौद्धिकताका लागि विश्वव्यापी समाचार निर्देशकमा नियुक्त गरिएकी सोफी ह्युटनले भनिन्, 'हामी मानव रिपोर्टरहरूमा केही समयका लागि निर्भर हुनेछौं। तर, यो कृत्रिम बौद्धिकताको सहयोगले हुन सक्छ।'

> मानव बौद्धिकताको नक्कल गर्ने एआई उपकरण न्युजरुममा ध्वनि फाइल ट्रान्सक्राइब गर्न, टेक्स्ट संक्षेप पार्न र अनुवाद गर्न व्यापक रूपमा प्रयोग गरिन्छ

पारदर्शितामा जोड र नियमन आवश्यक

विश्वसनीय समाचारको रक्षा गर्न आफ्नो मिडिया अधिकार संक्षिप्त विस्तार गरेको मिडिया अधिकार वाचडग रिपोर्टस विदाउट बोडर्सले गत वर्षको अन्तमा एआई र पत्रकारिताबारे पेरिस चार्टर सार्वजनिक गरेको थियो। बोडर्सले पारदर्शितामा जोड दिएको थियो। 'पेरिस चार्टरबारे मलाई साँच्चै मनपर्ने कुरामध्ये एउटा पारदर्शितामा जोड थियो,' अमेरिकाको कोलम्बिया विश्वविद्यालयमा ग्लोबल मिडिया, इनोभेसन र मानवअधिकारका लेक्चरर आन्या सिफ्रिनले भने।

मार्चमा युरोपेली संसद्ले नवप्रवर्तनलाई नरोकी एआई मोडेललाई नियमन गर्ने लक्ष्य राखेको एउटा कानुन अंगिकार गऱ्यो। तर, दिशानिर्देश र चार्टर न्युजरुममा द्रुत रूपमा सामान्य भइरहेका छन्।

भारतको अनलाइन न्युज मेडिया क्विन्टिलियनमा हरेक तीन महिनामा एआई सम्पादकीय दिशानिर्देश अध्यावधिक गर्ने गरिएको उक्त मिडियाका मालिक रितु कपुरले बताए। संस्थाको कुनै पनि लेख एआईमार्फत लेख्न सकिँदैन र यसले सिर्जना गर्ने तस्बिरले वास्तविक जीवनलाई प्रतिध्वनित गर्न सक्दैन।

एआई मोडेलहरूले डाटा उपलब्ध गराउँछन्। तर संगसँगै समस्या पनि बढाएका छन्। डिसेम्बरमा न्युयोर्क टाइम्सले प्रतिलिपि अधिकार उल्लंघन गरेको भन्दै ओपनएआई र यसको मुख्य लगानीकर्ता माइक्रोसफ्टविरुद्ध मुद्दा दायर गरेको थियो।

यसविपरीत अन्य मिडिया संगठनले ओपनएआईसँग सम्झौता गरेका छन्। एक्सेल स्प्रिंगर, अमेरिकी समाचार एजेन्सी एपी, फ्रान्सेली दैनिक मोन्डे र स्पेनी समूह प्रिसा मिडियाले ओपनएआईसँग सम्झौता गरेका हुन्। यिनीहरूको शीर्षकमा एल पेस र एएस अखबारहरू समावेश भएका छन्।

कोलम्बिया विश्वविद्यालयको पत्रकारिता स्कुलका प्राध्यापक एमिली बेलले मिडिया उद्योगमा स्रोत-साधनको अभाव भएकाले नयाँ प्रविधिसँग सहकार्य गर्न आकर्षक रहेको बताउँछन्।

-एएफपी

चिनियाँ वैज्ञानिकहरूले पत्ता लगाए ४६ सबग्लेसियल ताल

बेइजिङ/ चिनियाँ वैज्ञानिकहरूले एक नयाँ विश्लेषण विधि प्रयोग गरी पूर्वी अन्टार्कटिकामा बरफको पत्रमुनि ४६ वटा सबग्लेसियल ताल फेला पारेका छन्।

अन्टार्कटिका दुई हजार चार सय मिटरभन्दा बढीको औसत मोटाइसहित विशाल बरफले ढाकिएको छ। यस बरफको पत्रमुनि असंख्य सबग्लेसियल ताल रहेका छन्। पोलार रिसर्च इन्स्टिच्युट अफ चाइना (पिआरआइसी)को अनुसन्धान समूहका नेता ताङ जुयुआनका अनुसार पग्लिँदै गरेको बरफका धारा यसको पत्रमुनिको खाडलमा बग्दा सबग्लेसियल बन्छन्।

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५११११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

NIC ASIA
एन आई सी एशिया बैंक लि.

ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित चल अचल सम्पति सुरक्षण बापत धितो राखी तपसिलका ऋणीले लिनुभएको ऋण कर्जाको साँवा, व्याज लगायतका अन्य रकम समेत यस बैंकसँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा सो नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएकोले कर्जा चुक्ता भुक्तानी गर्न अनुरोध गरी पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत कुनै चासो नदेखाई बेवास्ता गर्नु भएकोले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी बैंकबाट लिनुभएको ऋण कर्जाको सम्पूर्ण साँवा, व्याज र अन्य दैं-दस्तुर चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन कानुन तथा यस बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको आफ्नो लेना रकम असुल उपर गरिनुका साथै नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम ऋणी लगायत सम्बद्ध सबैलाई कर्जा सूचना केन्द्र लि.को कालोसूचीमा नाम समावेश गर्ने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ। साथै तपसिलमा रहेको धितोबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा नेपाल राष्ट्र बैंकको निर्देशनमा रहेको व्यवस्था बमोजिम जमानीकर्तालाई कर्जा चुक्ता गर्न समय प्रदान गर्दा समेत कर्जा चुक्ता भुक्तानी नगरेमा जमानतकर्तालाई समेत कालोसूचीमा समावेश गरी बाँकी रहेको कर्जा असुल उपर गर्न बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली, २०५९ तथा प्रचलित कानुन अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पतिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ।

तपसिल

क्र.सं.	ऋणीको विवरण
१)	१) नेपाल सरकार, वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य विभाग, वाणिज्य आपुर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य कार्यालय, भैरहवा, रुपन्देहीमा प्रा.फ.र.नं. ३०६९६ अन्तर्गत मिति २०७०/०२/२० मा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०७४ बमोजिम दर्ता भएको रुपन्देही जिल्ला बुटवल न.पा. वडा नं. ५ स्थित **ॐ ज्ञवाली फेशन स्टोर्स** **प्रोप्राईटर तथा जमानीकर्ता: थानेश्वर ज्ञवाली** स्थायी ठेगाना: गुल्मी जिल्ला, वलेटक्सार गा.वि.स. वडा नं. ९ हालको ठेगाना: रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. ५ बाबु: खगेश्वर ज्ञवाली बाजे: शोभाखर ज्ञवाली	**२) थानेश्वर ज्ञवाली** स्थायी ठेगाना: गुल्मी जिल्ला, वलेटक्सार गा.वि.स. वडा नं. ९ हालको ठेगाना: रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. ५ बाबु: खगेश्वर ज्ञवाली बाजे: शोभाखर ज्ञवाली
	जमानीकर्ताको विवरण
	१) अनु घिमिरे स्थायी ठेगाना: पाल्पा जिल्ला, कसेनी गा.वि.स. वडा नं. ७ हालको ठेगाना: रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. ५ बाबु: राम प्रसाद घिमिरे ससुरा: खगेश्वर ज्ञवाली पति: थानेश्वर ज्ञवाली
	धितोको विवरण
	१) राम प्रसाद घिमिरेकी छोरी, खगेश्वर ज्ञवालीकी बुहारी, थानेश्वर ज्ञवालीको पत्नी, पाल्पा जिल्ला, कसेनी गा.वि.स. वडा नं. ७ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. ५ बस्ने अनु घिमिरेको नाममा मालपोत कार्यालय बुटवल, रुपन्देहीको लगतमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, सेमलार गा.वि.स. वडा नं. ८/क (हाल बुटवल उ.म.न.पा. वडा नं. १४) स्थित कित्ता नं. १२२० को क्षेत्रफल ३८०.९५ (व.मी.) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत। २) ॐ ज्ञवाली फेशन स्टोर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण।
२)	नेपाल सरकार, उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय बाँकेमा प्रा.फ.र.नं. १७/८१/०७५/०७६ अन्तर्गत मिति २०७५/०६/१४ मा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०७४ बमोजिम दर्ता भएको बाँके जिल्ला, बैजनाथ गा.पा. वडा नं. १ स्थित न्यू अमृत पशु पालन फार्म प्रोप्राईटर तथा जमानीकर्ता: तुल बहादुर खत्री	
	धितोको विवरण
	१) दरे खत्रीको नाति, पठे खत्रीको छोरा, बाँके जिल्ला, चिसापानी गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल बाँके जिल्ला, बैजनाथ न.पा. वडा नं. १ बस्ने तुल बहादुर खत्रीको नाममा भूमिसुधार तथा मालपोत कार्यालय नेपालगञ्ज, बाँकेको लगतमा दर्ता कायम रहेको बाँके जिल्ला, चिसापानी गा.वि.स. वडा नं. ५/क (हाल बैजनाथ गा.पा. वडा नं. १) स्थित कित्ता नं. ३२४ को क्षेत्रफल ०-४-४-० (बिगाहा) को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत। २) न्यू अमृत पशु पालन फार्मको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण।
	जमानीकर्ताहरुको विवरण
	१) तुल बहादुर खत्री स्थायी ठेगाना: बाँके जिल्ला, चिसापानी गा.वि.स. वडा नं. ५ हालको ठेगाना: बाँके जिल्ला, बैजनाथ न.पा. वडा नं. १ बाबु: पठे खत्री बाजे: दरे खत्री	२) अमृता खत्री स्थायी ठेगाना: बाँके जिल्ला, चिसापानी गा.वि.स. वडा नं. ५ हालको ठेगाना: बाँके जिल्ला, बैजनाथ न.पा. वडा नं. १ बाबु: भद्र बहादुर चन्द ससुरा: पठे खत्री पति: तुल बहादुर खत्री
३)	१) नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य विभाग, तानसेन नगर कार्यपालिकाको कार्यालय, उद्योग विकास शाखा, तानसेन, पाल्पामा प्रा.फ.र.नं. ३४१९/०७४-७५, स्थानीय व्यापार, अन्तर्गत मिति २०७४/०४/२५ मा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०७४ बमोजिम दर्ता भएको पाल्पा जिल्ला, तिनाउ गा.पा. वडा नं. ३ स्थित **न्यू तिनाउ मल्टी सप्लायर्स** **प्रोप्राइटर तथा जमानीकर्ता: यम प्रसाद पौडेल**	
	जमानीकर्ताहरुको विवरण	
	१) यम प्रसाद पौडेल स्थायी ठेगाना: पाल्पा जिल्ला, दोभान गा.वि.स. वडा नं. ५ हालको ठेगाना: रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. १३ बाबु: रबिलाल पौडेल बाजे: बालकृष्ण पौडेल	२) चक्रपाणी पौडेल स्थायी ठेगाना: पाल्पा जिल्ला, दोभान गा.वि.स. वडा नं. ५ हालको ठेगाना: रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. १३ बाबु: रबिलाल पौडेल बाजे: बालकृष्ण पौडेल
	३) दिपा बस्याल स्थायी ठेगाना: स्याङ्जा जिल्ला, पिंडिखोला गा.वि.स. वडा नं. ९ हालको ठेगाना: रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. १३ बाबु: बासुदेव बसेल ससुरा: रबिलाल पौडेल पति: यम प्रसाद पौडेल	४) भागिरथा पौडेल स्थायी ठेगाना: पाल्पा जिल्ला, दोभान गा.वि.स. वडा नं. ५ हालको ठेगाना: रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. १३ बाबु: वैकुण्ठ प्रसाद बस्याल ससुरा: रबिलाल पौडेल पति: चक्रपाणी पौडेल
	धितोको विवरण	
	१) बालकृष्ण पौडेलको नाती, रबिलाल पौडेलको छोरा, पाल्पा जिल्ला, दोभान गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. १३ बस्ने यम प्रसाद पौडेलको नाममा मालपोत कार्यालय परासी, नवलपरासी(ब.सु.प)को लगतमा दर्ता कायम रहेको नवलपरासी जिल्ला, दाउन्नेदेवी गा.वि.स. वडा नं. ७ख (हाल बर्दघाट न.पा. वडा नं. १५) स्थित कित्ता नं. ८७२ र ८७५ को क्षेत्रफल क्रमश: १२०२.१२ र १३५४.५२ (ब.मी.) को जग्गा तथा नवलपरासी जिल्ला, दाउन्नेदेवी गा.वि.स. वडा नं. ५क (हाल बर्दघाट न.पा. वडा नं. १४) स्थित कित्ता नं. ११५४ को क्षेत्रफल २५३.९५ (ब.मी.) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत। २) बालकृष्ण पौडेलको नाती, रबिलाल पौडेलको छोरा, पाल्पा जिल्ला, दोभान गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. १३, बस्ने यम प्रसाद पौडेलको नाममा मालपोत कार्यालय बुटवल, रुपन्देहीको लगतमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, बुटवल न.पा. वडा नं. ९क (हाल बुटवल उ.म.न.पा. वडा नं. ११) स्थित कित्ता नं. ५७२९ को क्षेत्रफल ११८.५१ (ब.मी.) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत। ३) न्यू तिनाउ मल्टी सप्लायर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण।
	ऋणीको विवरण	
	२) नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, रुपन्देही, सिद्धार्थनगरमा प्रा.फ. नं.घ.उ.का. ६२९१/०६५/६६ अन्तर्गत मिति २०६६/०२/१९ मा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०७४ तथा औद्योगिक व्यवसाय ऐन २०४९ को दफा ३(क) र सोही ऐनको दफा ५ अनुसार साना उद्योग अन्तर्गत सोही ऐनको दफा १० बमोजिम दर्ता भएको रुपन्देही जिल्ला, बुटवल न.पा. वडा नं. १३ स्थित **न्यू अस्मिता स्टील तथा काठ फर्निचर उद्योग** **प्रोप्राइटर तथा जमानीकर्ता: चक्रपाणी पौडेल**	
	जमानीकर्ताहरुको विवरण	
	१) यम प्रसाद पौडेल स्थायी ठेगाना: पाल्पा जिल्ला, दोभान गा.वि.स. वडा नं. ५ हालको ठेगाना: रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. १३ बाबु: रबिलाल पौडेल बाजे: बालकृष्ण पौडेल	२) चक्रपाणी पौडेल स्थायी ठेगाना: पाल्पा जिल्ला, दोभान गा.वि.स. वडा नं. ५ हालको ठेगाना: रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. १३ बाबु: रबिलाल पौडेल बाजे: बालकृष्ण पौडेल
	३) दिपा बस्याल स्थायी ठेगाना: स्याङ्जा जिल्ला, पिंडिखोला गा.वि.स. वडा नं. ९ हालको ठेगाना: रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. १३ बाबु: बासुदेव बसेल ससुरा: रबिलाल पौडेल पति: यम प्रसाद पौडेल	४) भागिरथा पौडेल स्थायी ठेगाना: पाल्पा जिल्ला, दोभान गा.वि.स. वडा नं. ५ हालको ठेगाना: रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. १३ बाबु: वैकुण्ठ प्रसाद बस्याल ससुरा: रबिलाल पौडेल पति: चक्रपाणी पौडेल
	धितोको विवरण	
	१) बालकृष्ण पौडेलको नाती, रबिलाल पौडेलको छोरा, पाल्पा जिल्ला, दोभान गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. १३ बस्ने चक्रपाणी पौडेलको नाममा मालपोत कार्यालय परासी, नवलपरासी(ब.सु.प)को लगतमा दर्ता कायम रहेको नवलपरासी जिल्ला, दाउन्नेदेवी गा.वि.स. वडा नं. ७ख (हाल बर्दघाट न.पा. वडा नं. १५) स्थित कित्ता नं. ८७१ र ८७४ को क्षेत्रफल क्रमश: १२०२.१२ र १३५४.५२ (ब.मी.) को जग्गा तथा नवलपरासी जिल्ला, दाउन्नेदेवी गा.वि.स. वडा नं. ५क (हाल बर्दघाट न.पा. वडा नं. १४) स्थित कित्ता नं. ११५५ को क्षेत्रफल २४५.४५ (ब.मी.) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत। २) बालकृष्ण पौडेलको नाती, रबिलाल पौडेलको छोरा, पाल्पा जिल्ला, दोभान गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. १३, बस्ने चक्रपाणी पौडेलको नाममा मालपोत कार्यालय बुटवल, रुपन्देहीको लगतमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, बुटवल न.पा. वडा नं. ९ख (हाल बुटवल उ.म.न.पा. वडा नं. ११) स्थित कित्ता नं. ८३४२ को क्षेत्रफल ६३.४९ (ब.मी.) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत। ३) बालकृष्ण पौडेलको नाती, रबिलाल पौडेलको छोरा, पाल्पा जिल्ला, दोभान गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. १३ बस्ने चक्रपाणी पौडेल-१ तथा वैकुण्ठ प्रसाद बस्यालकी छोरी, रबिलाल पौडेलकी बुहारी, चक्रपाणी पौडेलकी पत्नी, पाल्पा जिल्ला, दोभान गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. १३, बस्ने भागिरथा पौडेल-१ गरी जम्मा २ जनाको संयुक्त नाममा मालपोत कार्यालय बुटवल, रुपन्देहीको लगतमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, बुटवल न.पा. वडा नं. ९ख (हाल बुटवल उ.म.न.पा. वडा नं. ११) स्थित कित्ता नं. ११०८ को क्षेत्रफल ८४.६६ (ब.मी.) को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत। ४) न्यू अस्मिता स्टील तथा काठ फर्निचर उद्योगको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण।

नोट: ऋणी तथा जमानीकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको।

अर्थ पत्रिका
नयाँ पत्रिका
सोमबार १० वैशाख ०८१

वैदेशिक व्यापारमा भारतको हिस्सा ६३.०२ प्रतिशत

नौ महिनामा १० खर्ब ८३ अर्बको व्यापार घाटा

नयाँ पत्रिका

चालू आर्थिक वर्षको नौ महिनामा नेपालले गरेको कुल वैदेशिक व्यापारमा भारतको मात्रै हिस्सा ६३.०२ प्रतिशत रहेको छ। भन्सार विभागका अनुसार कुल यो अवधिमा कुल वैदेशिक व्यापार १२ खर्ब ८१ अर्बको भएको छ। त्यसमध्ये भारतसँगको मात्रै व्यापार आठ खर्ब सात अर्बको व्यापार भएको छ।

त्यस्तै, बढी आयात-निर्यात हुने दोस्रो मुलुक चीनसँगको व्यापारको हिस्सा १७.०८ प्रतिशत छ। नेपालसँगको वैदेशिक व्यापारमध्ये चीनको व्यापार दुई खर्ब १८ अर्ब भएको विभागको तथ्यांक छ।

भौगोलिक रूपमा सिमाना जोडिएका दुई देश भारत र चीनसँगै नेपालको वैदेशिक व्यापारमा वर्चस्व कायम छ। सबैभन्दा बढी वस्तु आयात हुने र बढी निर्यात हुने दुवै देशमा भारत र चीन पर्छन्। भारतबाट सात खर्ब २९ अर्बको वस्तु आयात भएकोमा नेपालको भारततर्फ ७७ अर्ब ८५ करोडको वस्तु निर्यात भएको छ। यस अवधिमा भारतसँग नेपालको १० खर्ब ५३ अर्ब व्यापार घाटा देखिएको छ। चीनबाट दुई खर्ब १६ अर्बको वस्तु आयात भएकोमा नेपालले चीनतर्फ दुई अर्ब ११ करोडको वस्तु निर्यात गरेको छ। चीनसँग नेपालको व्यापार घाटा ६ खर्ब ५१ अर्ब पुगेको छ।

भारतसँगको व्यापार आठ खर्ब सात अर्ब

- **आयात : सात खर्ब २९ अर्ब**
- **निर्यात : ७७ अर्ब ८५ करोड**
- **व्यापार घाटा : १० खर्ब ५३ अर्ब**

चीनसँग दुई खर्ब १८ अर्बको व्यापार

- **आयात : दुई खर्ब १६ अर्ब**
- **निर्यात : दुई अर्ब ११ करोड**
- **व्यापार घाटा : ६ खर्ब ५१ अर्ब**

सबैका लागि बैंक
Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक
Global Remit इजिली रेमिट

■ आयातमा २.८४ प्रतिशतको ह्रास

चालू आर्थिक वर्षको नौ महिनामा कुल वस्तु आयात २.८४ प्रतिशतले घटेको छ।

भन्सार विभागका अनुसार यस अवधिमा ११ खर्ब ६७ अर्बको वस्तु आयात भएको छ। गत आवको चैतसम्म यस्तो आयात १२ खर्ब एक अर्ब थियो। यस अवधिमा सबैभन्दा धेरै एक खर्ब तीन अर्बको डिजेल आयात भएको छ। त्यस्तै, ५० अर्ब २५ करोडको पेट्रोल र ४१ अर्बबराबरको खाना पकाउने एलपिजी ग्यास आयात भएको छ।

आयातमा ह्रास आएसँगै निर्यात पनि घटेको छ। यस अवधिमा निर्यात एक खर्ब १४ अर्ब पुगेको छ। यो गत आवको तुलनामा ३.६६ प्रतिशत कम हो। गत आर्थिक वर्षको नौ महिनामा एक खर्ब १८ अर्ब पुगेको थियो।

बढी निर्यात हुने वस्तुमा कार्पेट र गलैँचा अग्रस्थानमा छ। यस अवधिमा सात अर्ब ८१ करोडको गलैँचा र ६ अर्ब २८ करोडको अलैँची निर्यात भएको छ। त्यसबाहेक फलामको पाता, स्टिल, जुस, धागो निर्यात भएको छ।

आयात र निर्यातमा देखिएको असन्तुलनले व्यापार घाटा १० खर्ब ५३ अर्ब कायम भएको छ। यो गत आर्थिक वर्षको नौ महिनाको तुलनामा २.७५ प्रतिशत कम हो। गत आवमा १० खर्ब ८३ अर्ब व्यापार घाटा कायम थियो। आयात र निर्यातमा ह्रास आएसँगै कुल वैदेशिक व्यापारमा समेत कमी आएको छ। गत आर्थिक वर्षको चैतसम्म १३ खर्ब १९ अर्ब कायम भएको वैदेशिक व्यापार घटेर चालू आवको सोही अवधिमा १२ खर्ब ८१ अर्ब कायम भएको छ।

■ ५२ करोड थान लाइटर आयात

संख्यात्मक हिसाबले सबैभन्दा बढी पकेट लाइटर आयात भएको देखिन्छ। नौ महिनामा ५२ करोड पाँच लाख १५ हजार सात सय ९५ थान लाइटर आयात भएको छ। २३ करोड ६२ लाख थान पेन तथा पेन्सिल होल्डर आयात भएको छ। १७ करोड थान सेनेटरी प्याड र १० करोड थान डाइपर आयात भएको छ।

किलोमा सबैभन्दा बढी खाना पकाउने ग्यास आयात भएको छ। त्यस्तै, फलाम तथा फलामजन्य वस्तु, भटमासको पिना, मकै, धान, चामल, रासायनिक मल, बिटुमिन, स्याउ बढी आयात भएका छन्। ग्राममा सबैभन्दा बढी सुनचाँदी र गरगहना आयात भएको छ।

ठूला पूर्वाधार बनाउँदै आयल निगम

तीन महिनालाई धान्ने पेट्रोलियम भण्डारणगृह बनाउने सरकारी नीति कार्यान्वयन गरिँदै

अजित अधिकारी/नयाँ पत्रिका

न्यूनतम तीन महिनालाई धान्ने गरी पेट्रोलियम भण्डारणगृह वृद्धि गर्ने सरकारी नीतिलाई कार्यान्वयन गर्न नेपाल आयल निगमले ठूला पूर्वाधार निर्माणलाई तीव्रता दिएको छ। गत ६ फागुनमा आयल निगमको प्रबन्ध निर्देशकमा नियुक्त भएका डा. चण्डिकाप्रसाद भट्टले ६ वर्षदेखि रोकिएका र नयाँ परियोजनालाई सँगसँगै अघि बढाउन लागेका हुन्।

आयल निगमले बजार मूल्यभन्दा १० गुणासम्म बढी रकम खर्चेर झापा, चितवन, सर्लाही र भैरहवामा खरिद गरेको जग्गा प्रयोगविहीन अवस्थामा छन्। अख्तियार दुरुपयोग अनुसन्धान आयोग, संसदीय समिति र उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट समेत छानबिन टुंगिएर निगमको स्वामित्वमा आएको सोही जग्गामा ठूलो क्षमताको भण्डारणगृह र आधुनिक डिपो निर्माण गर्न लागिएको प्रबन्ध निर्देशक भट्टले जानकारी दिए। 'विवाद टुंगिएर निगमको स्वामित्वमा आइसकेको जग्गा प्रयोग गर्दै छौं। अहिले सबैतिरको जग्गाको रेखांकन गर्ने, सम्याउने र पर्खाल लगाउने काम भइरहेको छ,' उनले भने। झापा र चितवनको जग्गामा पाइपलाइनसहितको भण्डारणगृह बन्दै छ भने भैरहवाको १४ बिघा जमिनमा नयाँ डिपो निर्माण हुने उनले बताए।

लुम्बिनीमा इन्धन वितरण गर्ने भलबारीस्थित डिपोआसपास घनाबस्ती भई जोखिम बढेकाले निगमले रोहिणी नदी-किनारको १४ बिघा जमिनमा नयाँ डिपो बनाउन लागेको हो।

निगमका उपनिर्देशक तथा ठूला परियोजना निर्माणका संयोजक प्रदीप यादवले रोहिणी नदी-किनारमा तीन अर्बमा पेट्रोल, डिजेल र मट्टीतेल अटाउने १० हजार १० किलोलिटर क्षमताको भण्डारणगृहसहित कार्यालय भवन, ट्यांकरमा तेल लोड-अनलोड गर्ने टिएलफ सेड, अन्डर ग्राउन्ड र भण्डारणगृहको तेल प्रवाह हुने पाइपलाइन, पानीको स्टोरेजलगायतका पूर्वाधार निर्माण हुने बताए।

त्यस्तै, रासायनिक मल कारखानाका लागि गोरखपुरेदेखि भैरहवासम्म प्राकृतिक ग्यासमेत आयात गर्ने पाइपलाइन निगमले बनाइदिने भएको छ। त्यस्तै, सुदूरपश्चिम क्षेत्रमा इन्धन वितरण गर्ने धनगढी डिपोसमेत बस्तीको बीचमा रहेकाले स्थानान्तरण गर्न लागिएको छ। भट्टका अनुसार कञ्चनपुरको पुनर्वास नगरपालिकामा राष्ट्रिय आवास कम्पनीको जग्गा प्राप्ति गर्नेबारे छलफल थालिएको छ। 'सरकारी जग्गा नै प्राप्ति गरेर धनगढी डिपो स्थानान्तरण गर्ने योजनामा छौं,' उनले भने। हाल डिपो रहेको धनगढीस्थित २८ कट्ठामा भने आधुनिक पेट्रोलपम्प खोल्ने योजना छ।

त्यस्तै, सर्लाहीमा रहेको जग्गामा ग्यास भण्डारणगृह बनाउने र मोतीहारीदेखि पाइपलाइनसमेत ल्याउने योजना रहेको परियोजना प्रमुख यादवले जानकारी दिए। 'ग्यास ढुवानीमा वार्षिक ६ अर्ब रुपैयाँ भारतीय ट्रान्सपोर्टरलाई दिइरहेका छौं। यो रकम जोगाउन आवश्यक छ,' यादवले भने।

पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल परिसरमा ३६ सय किलोलिटर क्षमताका दुईवटा भण्डारणगृह र एउटा पानीट्यांकी निर्माण भने आगामी असोजमा सम्पन्न हुने निगमले जनाएको छ। त्यस्तै, मधेश प्रादेशिक कार्यालय, अमलेखगन्जमा पाइपलाइनबाट पेट्रोल ल्याउन एक वर्षदेखि निर्माण भइरहेको पूर्वाधार असारसम्म सकिने यादवले जानकारी दिए।

काठमाडौं उपत्यकासहित बागमतीमा इन्धन वितरण गर्ने थानकोट डिपोमा पाँच-पाँच हजार किलोलिटरको पेट्रोल र डिजेल भण्डारणगृह बनाउन यही वर्ष ५४ करोड विनियोजन भए पनि काम सुरु भएको छैन। आगामी आर्थिक वर्ष ०८१/८२ को सुरुवातबाटै थानकोटमा दुई ठूला भण्डारणगृह बनाइने प्रबन्ध निर्देशक भट्टले जानकारी दिए।



झापाको चारआलीस्थित आयल निगमको २३ बिघा तीन कट्ठा १३ धुर जग्गाको प्लट। यहाँ सिलगुडीबाट पाइपलाइनका माध्यमबाट ल्याएको तेल राख्न ४५ हजार किलोलिटर क्षमताको भण्डारणगृह बनाइनेछ। **तस्बिर सौजन्य : आयल निगम**

यी हुन् मुख्य पूर्वाधार योजना

- **भैरहवामा तीन अर्ब लागतमा आधुनिक डिपो निर्माण**
- **रासायनिक मल कारखानाका लागि गोरखपुर-भैरहवा प्राकृतिक ग्यासको पाइपलाइन**
- **मोतीहारी-सर्लाही ग्यासको पाइपलाइन र सर्लाहीमा ग्यासको भण्डारणगृह**
- **भारतको सिलगुडीदेखि झापासम्म पाइपलाइन र झापामा भण्डारणगृह**
- **अमलेखगन्ज-चितवन पाइपलाइन र चितवनमा भण्डारणगृह**
- **पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलमा हवाई इन्धन भण्डारणगृह**
- **पेट्रोलियम आयातका लागि अमलेखगन्जमा निर्माणाधीन पूर्वाधार अन्तिम चरणमा**
- **धनगढी डिपो स्थानान्तरण गर्न कञ्चनपुरको पुनर्वासमा सरकारी जग्गा प्राप्तिको गृहकार्य**
- **भरतपुर विमानस्थलमा हवाई इन्धन सेवा सुचारु गरिने**
- **थानकोट डिपोमा पेट्रोल र डिजेल भण्डारणगृह**

■ आयल निगमको टोली मंगलबार दिल्ली जाँदै

भारतीय सहयोगमा बन्ने परियोजनाबारे छलफल हुने

आयल निगमका प्रबन्ध निर्देशक डा. चण्डिकाप्रसाद भट्ट, नायब कार्यकारी निर्देशकद्वय वीरेन्द्र गोइत र दीपक बराल तथा उपनिर्देशक मनोज ठाकुर मंगलबार इन्डियन आयल कर्पोरेसनका अधिकारीलाई भेट्न दिल्ली जाँदै छन्।

नायब कार्यकारी निर्देशक गोइतका अनुसार अमलेखगन्ज-चितवन र सिलगुडी-झापा पाइपलाइन तथा झापामा भण्डारणगृह भारतीय सहयोगमा बनाउने विषयमा छलफल हुनेछ। दुईवटा पाइपलाइन र एउटा भण्डारणगृह भारतीय सहयोगमा बनाउने विषयमा गत जेठमा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को भारत भ्रमणकै वेला समझदारी बनिसकेको छ।

शान्ति सन्देश उपप्रधानमन्त्री श्रेष्ठलाई हस्तान्तरण

काठमाडौं/ लुम्बिनी सम्मेलनले पारित गरेको शान्ति सन्देश उपप्रधान तथा विदेशमन्त्री नारायणकाजी श्रेष्ठलाई हस्तान्तरण गरिएको छ। लुम्बिनी शान्ति सन्देशको क्यानभासलाई अवैतनिक वाणिज्यदूतको संस्था अनररी कन्सुलर कर्प्स नेपाल (एचसिसिएन)का अध्यक्ष विष्णु अग्रवालले उपप्रधानमन्त्री श्रेष्ठलाई हस्तान्तरण गरेका हुन्।

'समृद्धिका लागि विश्व शान्ति' भन्ने नारासहित ९ र १० चैतमा लुम्बिनी सम्मेलन आयोजना गरिएको थियो। सम्मेलनले पारित गरेको सन्देशमा उपप्रधानमन्त्री श्रेष्ठ, परराष्ट्र सचिव सेवा लम्सालसहित नेपालका कार्यरत सबै अवैतनिक वाणिज्यदूतले हस्ताक्षर गरेका छन्। लुम्बिनी सम्मेलनले अन्तर्राष्ट्रिय शान्ति र समृद्धिका लागि विश्व समुदायलाई आह्वान गरेको छ। मानवीय शान्ति, विकास तथा सामूहिकताका लागि शान्ति अपरिहार्य रहेको सम्मेलनको ठहर छ।

शान्ति शन्देश ग्रहण गर्दै उपप्रधानमन्त्री श्रेष्ठले नेपालको हित प्रवर्द्धन गर्ने कार्यक्रम आयोजना गरिरहन एचसिसिएनलाई आग्रह गरे। उनले सम्मेलनले विश्व शान्ति, नेपालमा लगानी प्रवर्द्धन तथा पर्यटन विकासमा महत्त्वपूर्ण भूमिका खेलेको बताए। एचसिसिएनका डिन विष्णु अग्रवालले विश्व शान्तिको सन्देश दिन सम्मेलन सफल भएको बताए।

सम्मेलनमा ग्रिस, साइप्रस, आयरल्यान्ड, स्पेन, लात्भिया, कोस्टारिका, मरिसस, इन्डोनेसिया, मंगोलिया, सर्बिया, अस्ट्रिया, बुल्गेरिया र इस्टोनियाका साथै चेक रिपब्लिक, तान्जानिया, स्लोभेनिया, पोल्यान्ड र डोमिनिकन रिपब्लिक रोमानियालगायत १९ मुलुकका गैरआवासीय राजदूत सहभागी थिए। सम्मेलनमा नेपालमा कार्यरत ४५ देशका अवैतनिक वाणिज्यदूत, परराष्ट्र मन्त्रालय, लगानी बोर्ड, नेपाल पर्यटनका उच्च अधिकारीलगायतको उपस्थिति थियो।

प्रभु बैंक लिमिटेड शाखा कार्यालय कमलादी, काठमाण्डौंका
तपसिलमा उल्लेखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने तथा धितोमा रहेको सम्पत्ती गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित मिति २०८१/०१/१० गते सोमबारको नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा)

यस बैंक (साविक सेञ्चुरी कमर्सियल बैंक लि.) बाट तपसिलमा उल्लेखित ऋणीले लिनुभएको कर्जा रकम चुक्ता भुक्तान गर्ने मिति समाप्त भईसक्दा पनि बैंकसँग गर्नुभएको सम्झौता बमोजिम कर्जा चुक्ता फछ्यौंट नगर्नु भएको र यस बैंकबाट पटक-पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता फछ्यौंट गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुनाले बैंकले कर्जा असुलीका लागि मिति २०८०/०१/०७ गते बिहिवारको नयाँ पत्रका राष्ट्रिय दैनिकमा ऋणी तथा जमनतकर्तालाई कर्जा चुक्ता गर्ने ३५ दिने सार्वजनिक सूचना तथा धितो लिलाम बिक्री गर्ने बारेको ७ (सात) दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम कर्जा चुक्ता नभएको र धितो बापतको सम्पत्ति लिलाम बिक्री हुन नसकेकोले मिति २०८०/०४/२६ गते शुक्रवारको कारोवार राष्ट्रिय दैनिक पत्रिकामा ऋणी तथा जमनतकर्तालाई कर्जा चुक्ता गर्ने तथा धितो लिलाम बिक्री गर्ने बारेको १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम समेत कर्जा चुक्ता तथा धितो लिलाम बिक्री नभएकोले कर्जा असुलीका लागि कर्जा सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ, सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ति के कति दर भाउ र मुल्यमा खरिद गरी लिने हो सो व्यहोरा खुलाई यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र गोप्य शिलबन्दी बोलपत्र बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौमा दाखिल गर्नु हुन ईच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ८ औं दिन अर्थात मिति २०८१/०१/१७ गते सोमबार (सो दिन सार्वजनिक विदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौमा दिनको ठीक ३:०० (तीन) बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, ईच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैमा अनुरोध छ। प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाई स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराइन्छ। पुनश्चः यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र उक्त बांकी सम्पूर्ण कर्जाको साँवा ब्याज तथा हर्जाना लगायतका अन्य दै दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता फछ्यौंट गर्न गराउनको लागि सम्बन्धित ऋणी, धितो सुरक्षण धनी तथा जमानतकर्ता समेतलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई अन्य कुनै पनि सूचना नदिई नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराउन सकिने व्यहोरा जानकारी गराउँदै कर्जाको सूरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लिखित अचल जायजेथा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने र कुनै कारणवश तपसिलमा उल्लिखित जायजेथा लिलाम बिक्री नभएमा सो जायजेथा अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा नियमानुसार बैंकले आफ्नो नाममा सकार गरी लिन सक्ने तथा उक्त जायजेथाबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराइन्छ।

तपसिल

क. ऋणी तथा जमानतकर्ताको विवरण :

ऋणी : नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी ऐन २०६३ को दफा ५ को उपदफा (१) बमोजिम मिति २०७४/०९/१२ मा दर्ता भई दर्ता नं. १ मा दर्ता कायम भई नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजश्व विभाग, आन्तरिक राजश्व कार्यालय, ललितपुरबाट मिति २०७४/१०/०३ मा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६०६८२०७५३ को प्रमाणपत्र प्राप्त **सनराइज इलेक्ट्रोनिक्स प्रा.लि.। रजिष्ट्रर्ड ठेगाना :** जिल्ला ललितपुर, ललितपुर महानगरपालिका वडा नं. २०, कुमारीपाटी।

संचालक तथा जमानतकर्ता : सफाकत अली	**संचालक तथा जमानतकर्ता : इशरत अलि**
(ना.प्र.न. २७१९/१६०३१६८३६ जारी मिति २०४१/०६/०२ जि.प्र.का.पर्सा)।	(ना.प्र.नं.३७१३ जारी मितीः २०५८/१२/१२ जि.प्र.का.पर्सा)।
ठेगाना : पर्सा जिल्ला बिरगंज उ.म.न.पा./गा.बि.स. वडा नं.७ स्थाई ठेगाना भई हाल ललितपुर जिल्ला ललितपुर महानगरपालिका वडा नं.९ बालकुमारी।	ठेगाना : पर्सा जिल्ला बिरगंज उ.म.न.पा./गा.बि.स. वडा नं.७ स्थाई ठेगाना भई हाल ललितपुर जिल्ला ललितपुर महानगरपालिका वडा नं.९ बालकुमारी।
बाबु : अब्दुल जन्बार मियाँ। बाजे : सहिद मियाँ।	बाबु : मोहम्मद अस्फाक। ससुरा : अब्दुल जन्बार मिया पति : सफाकल अली।

ख. लिलाम बिक्री हुने सम्पत्तिको विवरण :

१. सफाकत अलीको नाममा मालपोत कार्यालय बिरगंज, पर्सामा दर्ता श्रेष्ठा कायम रहेको पर्सा जिल्ला बिरगंज नगरपालिका/गा.बि.स.वडा नं.६ नक्सा सिट नं. ०३९०/१० स्थित कि.नं.८१ को क्षेत्रफल १४४.०० ब.मि.घर/जग्गा लगायत लिगलगापात समेत १
२. ऋणी **सनराइज इलेक्ट्रोनिक्स बजार प्रा.लि.को** स्वमित्वमा रहेको चालु सम्पत्तिहरु उपर हाइपोथिकेसन सुरक्षण १

पुनश्च :

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम **बैंकको प्रधान कार्यालय बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग**बाट प्राप्त गर्न सकिनेछ।
२. सम्पत्ति दाखेल खारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायतका सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ।
३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली बिभागमा** सम्पर्क राख्न सकिनेछ ।

prabhu Bank
प्रभु बैंक लिमिटेड
प्रधान कार्यालयः बबरमहल, काठमाडौं, नेपाल
फोन नं. ०१-४७८८५००, फ्याक्स नं. ०१-४७८०५८८

PRiME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

को

शाखा कार्यालय विराटचोक, मोरङ्गको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८१/०१/१० गते)

तपसिलमा उल्लेखित ऋणीले यस बैंकको शाखा कार्यालय विराटचोक, मोरङ्गबाट लिनु भएको ऋण कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम समेत नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएकोले तपसिलका ऋणी र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित तरताकेता गर्दासमेत कर्जाको साँवा तथा सोमा लाग्ने ब्याज र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको हुनाले तपसिलमा उल्लेखित ऋणी तथा व्यक्तिगत जमानतकर्ताहरुका नाममा बाँकी रहेको ऋण कर्जा चुक्ता भुक्तानी गर्नु हुन यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखि आफूले लिएको कर्जा, कर्जाको बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज र हर्जाना ब्याज रकम अविलम्ब चुक्ता भुक्तानी गर्नु होला । अन्यथा ऋणी र बैंक बीच भए गरेका शर्त सम्झौता, नेपाल राष्ट्र बैंकबाट बैंकहरुलाई जारी एकीकृत निर्देशन, बैंकको नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा प्रचलित नियम कानूनले दिएको अधिकार प्रयोग गरी सम्बन्धित सबैलाई कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा नाम समावेश गर्न लेखि पठाई कर्जा असुल उपर गर्ने तर्फ आवश्यक कारवाही गरिने व्यहोरा सूचित गरिन्छ । साथै, असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुली गर्ने तर्फ कानूनी प्रकृया अगाडि बढाईने व्यहोरासमेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

ऋणीको विवरण

प्रदेश सरकार, १ नं. प्रदेश, घरेलु तथा साना उद्योग कार्यालय, मोरङ्ग (विराटनगर)मा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०७४ बमोजिम मिति २०७७/०८/२१ मा दर्ता नं. १७३३६/०७७/०७८ कायम भई दर्ता भएको मोरङ्ग जिल्ला, सुन्दर हरैचा न.पा. वडा नं. २ स्थित **कौशिला कृषि फर्म प्रोप्राइटर : कौशिला खवास**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. साम्झीलाल खवासको नाति, झडी लाल खवासको छोरा, मोरङ्ग जिल्ला, मृगौलिया गा.वि.स./न.पा. वडा नं. ४ स्थित स्थायी ठेगाना भई हाल मोरङ्ग जिल्ला, सुन्दरहरैचा न.पा. वडा नं. २ बस्ने **प्रताप कुमार खवास (ना.प्र.प.नं.: ११२७/२१५७, मोरङ्ग)**
२. झडी लाल खवासको बुहारी, प्रताप कुमार खवासको पत्नी, मोरङ्ग जिल्ला, मृगौलिया गा.वि.स./न.पा. वडा नं. ४ स्थित स्थायी ठेगाना भई हाल मोरङ्ग जिल्ला, सुन्दरहरैचा न.पा. वडा नं. २ बस्ने **कौशिला खवास (ना.प्र.प.नं.: ६/४१४, मोरङ्ग)**
३. साम्झीलाल खवासको बुहारी, झडी लाल खवासको पत्नी, मोरङ्ग जिल्ला, मृगौलिया गा.वि.स./न.पा. वडा नं. ४ स्थित स्थायी ठेगाना भई हाल मोरङ्ग जिल्ला, सुन्दरहरैचा न.पा. वडा नं. २ बस्ने **सुधि खवास (ना.प्र.प.नं.: ८०७/०३७/३८, मोरङ्ग)**
४. झडी लाल खवासको नाति, प्रताप कुमार खवासको छोरा, मोरङ्ग जिल्ला, मृगौलिया गा.वि.स./न.पा. वडा नं. ४ स्थित स्थायी ठेगाना भई हाल मोरङ्ग जिल्ला, सुन्दरहरैचा न.पा. वडा नं. २ बस्ने **किङ्गाकङ्गा सिंह खवास (ना.प्र.प.नं.: ०५-०१-६९-०६९९०, मोरङ्ग)**
५. झडी लाल खवासको नाति, प्रताप कुमार खवासको छोरा, मोरङ्ग जिल्ला, सुन्दर हरैचा न.पा. वडा नं. २ स्थित स्थायी ठेगाना भएको **लिञ्चाङ खवास (ना.प्र.प.नं.: ०५-०१-७६-१००५५, मोरङ्ग)**
६. झडी लाल खवासको नाति, प्रताप कुमार खवासको छोरा, मोरङ्ग जिल्ला, सुन्दरहरैचा न.पा. वडा नं. २, स्थित स्थायी ठेगाना भएको **लिफङ खवास (ना.प्र.प.नं.: ०५-०१-७४-०३७३०, मोरङ्ग)**

१२ वैशाखदेखि काठमाडौंमा हिमालयन हाइड्रो एक्स्पो

नयाँ पत्रिका

चौथो संस्करणको 'हिमालयन हाइड्रो एक्स्पो, २०२४' यही १२ वैशाखबाट सुरु हुँदै छ। स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (इप्पान) र एक्स्पो एन्ड इभेन्ट म्यानेजमेन्ट सर्भिसेज प्रालिको संयुक्त रूपमा गर्न लागेको एक्स्पो काठमाडौंको भृकुटीमण्डपमा हुनेछ।

लगानी सम्मेलनको पूर्वसन्ध्यामा १२, १३ र १४ वैशाखमा हुने एक्स्पोको सबै तयारी सकिएको छ। सरकारले आगामी १६ र १७ वैशाखमा गर्न लागेको लगानी सम्मेलनलाई समेत सहयोग हुने गरी 'समृद्धिका लागि हरित ऊर्जा' भन्ने नारासहित एक्स्पो गरिँदै छ। वैशाख १२ गते बिहान ६:३० बजे विद्युतीय सवारी र्‍याली गर्दै एक्स्पोको सुरुवात हुनेछ भने वैशाख १३ गते राष्ट्रपति रामचन्द्र पौडेलबाट एक्स्पोको समुद्घाटन गर्ने कार्यतालिका तय भएको छ । एक्स्पोमा जलविद्युत् निर्माणसम्बन्धी आवश्यक सामग्री तथा सेवाको जानकारी तथा प्रदर्शनी हुनेछ।

'समृद्धिका लागि हरित ऊर्जा' भन्ने नारासहित आयोजना गर्न लागिएको हो। एक्स्पोमा विभिन्न विषयमा अन्तर्क्रिया र उच्चस्तरीय बिजनेस मिटिङहरू पनि आयोजना गरिएको छ। जसमा भारतका प्रतिष्ठित अडानी ग्रुप, पिटिसीलगायतका कम्पनीका प्रतिनिधिसँग बिजनेस मिटिङ हुनेछन्। एक्स्पोमा अहिलेसम्म १२ भन्दा बढी देशका सयभन्दा धेरै स्टलहरूको बुकिङ सम्पन्न भइसकेको छ। ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय र लगानी बोर्ड नेपालको संरक्षकत्वमा आयोजना हुने हाइड्रो एक्स्पोको कन्ट्री पार्टनरमा भारतीय राजदूतावास रहेको छ।

इप्पानका अध्यक्ष गणेश कार्कीले यो एक्स्पो ऊर्जा विकासका लागि कोसेढुंगा हुने बताए। 'सरकारलले १२ वर्षमा साढे २८ हजार मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य लिएको छ। आगामी १० वर्षमा भारतमा १० हजार मेगावाट विद्युत् निर्यात गर्ने गरी दीर्घकालीन सम्झौता भइसकेको छ।

यसैगरी, बंगलादेशमा पनि विद्युत् निर्यात गर्ने योजना छ। त्यो लक्ष्य प्राप्ति गर्न नेपालमा द्रुतगतिमा जलविद्युत् आयोजना बनाउनुपर्नेछ,' उनले भने, 'सोहीअनुसार ऊर्जा क्षेत्रलाई अगाडि बढाउन यसले सहयोग पुग्नेछ।'

यस्तै, एक्स्पो एन्ड इभेन्ट म्यानेजमेन्ट सर्भिसेजका प्रबन्ध निर्देशक विजयसागर प्रधानले एक्स्पो प्रवर्द्धकलाई पनि बढी फाइदाजनक हुने बताए। 'एक्स्पोमा विदेशी कम्पनीले जलविद्युत् परियोजनासम्बन्धी मेसिन तथा सामग्री प्रदर्शनीमा राख्छन्। त्यो अवस्थामा स्वदेशी प्रवर्द्धकलाई छनोटको अवसर हुन्छ। साथै, सम्बन्धित कम्पनीसँग प्रत्यक्ष रूपमा भेटघाट गर्ने अवसर पनि हुन्छ,' उनले भने, 'यसैगरी जलविद्युत् परियोजनासम्बन्धी सामग्री तथा मेसिस बनाउने कम्पनीलाई पनि बजार विस्तार गर्ने अवसर हुन्छ।'

यस्तै, लगानी सम्मेलनका लागि पनि यो कार्यक्रम फाइदाजनक हुने उनको भनाइ छ। 'सम्मेलनमा सोकेस हुने परियोजनामा अधिकांश ऊर्जासम्बन्धी नै छन्। त्यो अवस्थामा सम्मेलनकै पूर्वसन्ध्यामा एक्स्पो गर्दा लगानीकर्तालाई यहाँको ऊर्जा क्षेत्रबारे विस्तृत रूपमा जानकारी हुन्छ,' उनले भने, 'त्यो अवस्थामा यो कार्यक्रमले लगानीसमेत प्रवर्द्धन गर्छ।' नेपालमा उत्पादित बिजुलीको खपत वृद्धि गर्न तथा निर्यात बजारीकरणको ठूलो सम्भावनाबारे ज्ञान र सूचना आदान-प्रदान गर्न पनि एक्स्पो उचित हुने बताइएको छ।

सरकारको लक्ष्य पूरा गर्न एक्स्पोले सहयोग गर्छ

● **गणेश कार्की**, अध्यक्ष, स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल



सरकारले १२ वर्षमा साढे २८ हजार मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य लिएको छ। आगामी १० वर्षमा भारतमा १० हजार मेगावाट विद्युत् निर्यात गर्ने गरी दीर्घकालीन सम्झौता भइसकेको छ। त्यो लक्ष्य प्राप्ति गर्न र सोहीअनुसार ऊर्जा क्षेत्रलाई अगाडि बढाउन यसले सहयोग पुग्नेछ।

लगानी सम्मेलनलाई पनि सहयोग पुग्छ

● **विजयसागर प्रधान**, प्रबन्ध निर्देशक, एक्स्पो एन्ड इभेन्ट म्यानेजमेन्ट सर्भिसेज



लगानी सम्मेलनमा सोकेस हुने परियोजनामा अधिकांश ऊर्जासम्बन्धी नै छन्। त्यो अवस्थामा सम्मेलनकै पूर्वसन्ध्यामा एक्स्पो गर्दा लगानीकर्तालाई यहाँको ऊर्जा क्षेत्रबारे विस्तृत रूपमा जानकारी हुन्छ। त्यो अवस्थामा यो कार्यक्रमले लगानीसमेत प्रवर्द्धन गर्छ।

कुमारी बैंकले गर्‍यो १० लाख बिमा रकम भुक्तानी



काठमाडौं/ कुमारी बैंक लिमिटेडले १० लाख रुपैयाँको दुर्घटना बिमा रकम भुक्तानी गरेको छ। 'परिवार सुरक्षा बचत खाता योजना'अन्तर्गत खाताधारकलाई सो रकम हस्तान्तरण गरिएको बैंकले जनाएको छ।

खाताधारकको परिवारको तर्फबाट कावासोती नगरपालिका वडा नं २ निवासी निज खाताधारक लक्ष्मी पाण्डे र उनका श्रीमान् विश्वनाथ पाण्डेलाई संयुक्त रूपमा रकम हस्तान्तरण गरिएको थियो।

उक्त रकम कुमारी बैंक लिमिटेडको कावासोती शाखाबाट हस्तान्तरण गरिएको बैंकले जनाएको छ। नेको इन्स्योरेन्सबाट बिमा दाबी रकम प्राप्त भई कुमारी बैंक लिमिटेडमार्फत सो रकम भुक्तानी गरिएको बताइएको छ।

कुमारी बैंकले कुमारी परिवार सुरक्षा बचत खातामा आकर्षक बिमा सुविधा उपलब्ध गराउँदै आएको छ। यस खातामा खातावालासहित परिवारका चारजना सदस्यले २६ लाख रुपैयाँसम्मको बिमा सुविधा प्राप्त गर्न सक्छन्।

सो खातामा आकस्मिक दुर्घटना, मृत्यु, पूर्ण शारीरिक अशक्तता, चिकित्सा उपचार र घातक रोगका लागि बिमा सुविधा प्रदान गरिने बैंकले जनाएको छ। बैंकले विगत चार वर्षदेखि ग्राहकका सुविधाका लागि 'परिवार सुरक्षा बचत खाता योजना'मार्फत बिमालगायत अन्य सुविधा प्रदान गर्दै आएको छ।

टान सदस्यले गरिमा विकास बैंकमा सहुलियतमा सरल कर्जा पाउने



काठमाडौं/ गरिमा विकास बैंक लिमिटेड र ट्रेकिङ एजेन्सी एसोसिएसन अफ नेपाल (टान) गण्डकीबीच सदस्य संस्थालाई कर्जामा सहुलियतसहितको सेवा उपलब्ध गराउने सम्झौता भएको छ। उक्त सम्झौतापत्रमा बैंकको तर्फबाट क्षेत्रीय कार्यालय पोखराका क्षेत्रीय प्रबन्धक भोलाप्रसाद तिवारी र टान गण्डकीको तर्फबाट अध्यक्ष धर्मराज पन्थीले हस्ताक्षर गरेका छन्।

सम्झौताअनुसार टानका सदस्यलाई गरिमा बैंकले अधिकतम ५० लाख रुपैयाँसम्म गरिमा सरल एसएमई आवधिक र ओभरड्राफ्ट कर्जा सहुलियत ब्याजदरका साथ उपलब्ध गराउनेछ। साथै, पाँच लाख रुपैयाँसम्मको बैंक ग्यारेन्टी मात्र १० प्रतिशतको नगद मार्जिनमा उपलब्ध गराउने पनि जनाएको छ। यो सेवाले टान सदस्यलाई व्यापार-व्यवसायमा सहजीकरण हुने बैंकले विश्वास लिएको छ। टानले बैंकलाई बैंकिङ पार्टनरका रूपमा अघि बढाउने प्रतिबद्धता व्यक्त गरेको छ। यसअघि बैंकले टानको केन्द्रीय संगठनसँग काठमाडौंमा यसै किसिमको सम्झौता गरिसकेको छ।

बालबालिकालाई मुक्तिनाथ विकास बैंकको कृत्रिम हात सहयोग



काठमाडौं/ मुक्तिनाथ विकास बैंकले गैरनाफामूलक संस्था इनेबल नेपालसँगको साझेदारीमा कृत्रिम हातको आवश्यकता पर्ने बालबालिकालाई त्यस्ता हातहरू वितरण गरेको छ।

बैंकका सहायक नायब प्रमुख कार्यकारी अधिकृत तिलबहादुर गरुङ र इनेबल नेपालका पदाधिकारीले कृत्रिम हात वितरण गरेका हुन्। अहिले बैंकले पाँच थान कृत्रिम हात वितरण गरिसकेको र निकट भविष्यमा थप वितरण गर्ने बैंकका गुरुङले बताए।

यस सहयोगबाट लाभकारी बालबालिकाको जीवनमा सकारात्मक परिवर्तन हुने र आत्मविश्वास बलियो गर्न मद्दत पुग्ने विश्वास बैंकले लिएको छ।

सर्टिफिकेट हरायो

मिति २०८०/११/२० गते भक्तपुर लोकन्थलीदेखि नयाँठिमिसम्म जाँदा **NEB** बाट जारी भएको मेरो निम्न व्यहोरा भएको माइग्रेशन सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनुहुन अनुरोध गर्दछु।

Name : Bibek Gauro
Reg.No : 783310030263
Symbol No. : 93147207
Contact : 9829081003

सर्टिफिकेट हरायो

मिति २०८०/९/१५ गते भक्तपुर लोकन्थलीदेखि नयाँठिमिसम्म जाँदा **NEB** बाट जारी भएको मेरो निम्न व्यहोरा भएको माइग्रेशन सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनुहुन अनुरोध गर्दछु।

Name: Dipendra Thakur Bhrahi
Reg.No : 782170550059
Symbol No. : 21707223
Contact : 9815836416

अनरको 'म्याजिक भी-२' सार्वजनिक

काठमाडौं/ अनर नेपालले 'अनर म्याजिक भी-२' फोन सार्वजनिक गरेको छ। नेपालका लागि अधिकारिक विक्रेता, सेलट्रोन नेपाल प्रालिले यो पातलो फोल्डेबल फोन नेपाल ल्याउन पहल गरेको बताइएको छ।



पातलो डुअल सिलिकन कार्बन ब्याट्री मात्र २.७२ एमएमको औसत मोटाइका साथ डेब्यु गर्ने र पाँच हजार एमएएचको ब्याट्री क्षमता रहेको छ। यसले फोन बारम्बार चार्ज गर्नुपर्ने झन्झटबाट मुक्ति दिने कम्पनीले जनाएको छ।

दुई सय ३१ ग्राम तौल भएको र फोल्ड गर्दा ९.९ एमएम मोटाइ भएको यो फोन अहिलेसम्मकै सबैभन्दा पातलो र हलुका फोल्डेबल फोन भएको कम्पनीको दाबी छ। सुपर लाइट टाइटेनियम हिन्ज फिचर भएको उक्त फोनमा १० वर्षसम्म दिनको सयपटक फोल्ड गर्दा पनि केही नहुने कम्पनीले दाबी गरेको छ।

अनर म्याजिक भी-२ पर्पल र ब्ल्याक गरी दुई रङमा उपलब्ध रहेको बताइएको छ। यसको बजारमूल्य १६/५१२ जिबीको भेरियन्टका लागि दुई लाख ३९ हजार ९९ रुपैयाँ तोकिएको छ। आकर्षक अफरहरू र उपहारसहित देशभरि उपलब्ध रहेको कम्पनीले जनाएको छ।

महालक्ष्मी विकास बैंकको महिला सशक्तीकरण अभियान

काठमाडौं/ महालक्ष्मी विकास बैंकले महिला उद्यमीलक्षित सशक्तीकरण अभियान सुरुवात गरेको छ। बैंकले सार्वजनिक यातायातको क्षेत्रमा विद्युतीय सवारीका माध्यमबाट महिला सशक्तीकरण गर्ने अभियानको सुरुवात गरेको हो।

यसै सन्दर्भमा महिला उद्यमीलाई इभीको साँचो हस्तान्तरण गरिएको बैंकले जनाएको छ। पर्यावरणमैत्री यातायातको बढ्दो माग र आवश्यकतालाई सम्बोधन बैंकले हरित कर्जाअन्तर्गत यस्तो अभियान विस्तार गर्ने जनाएको छ।



नबिल बैंक लिमिटेड, भैरहवा शाखा, रुपन्देही तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्ने बारेको ३५ (पैंतिस) दिने सार्वजनिक सूचना

(मिति २०८१/०१/१० गतेको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित)

यस बैंकबाट ऋणकर्जा उपभोग गरेको तपसिल बमोजिमका ऋणीले बैंकबाट ऋणकर्जा लिंदा बैंकलाई गरिदिएको लिखत र कर्जा स्वीकृति पत्र लगायतका लिखतहरुको शर्तमा तोकिए अनुसार तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा जे जो लागेको हर्जाना ब्याज समेतको सम्पूर्ण लेना बक्यौता रकम नबुझाई ऋणकर्जा लिंदा बैंकसाग गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट बिभिन्न मितिहरुमा मौखिक एवम् लिखित रुपमा पटक-पटक तर-ताकेता गर्दा समेत सो को प्रति बेवास्ता गरी, चासो नदेखाई बैंकको ऋणकर्जाको दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै आलटाल, अटेरी, किचलो गरी तदारुक्ता नदेखाएको हुँदा उक्त सम्पुर्ण ऋणकर्जा चुक्ता भुक्तान गर्नकोलागि तपाईं ऋणी, जमानीकर्ता तथा अन्य सम्वद्ध सम्पुर्ण पक्षहरुको नाममा बैंकको बाँकी बक्यौता रहे भएको सम्पुर्ण **"ऋणकर्जा चुक्ता भुक्तान गर्ने बारेको यो ३५ दिने सार्वजनिक सूचना"** प्रकाशित गरिएको छ।

अत: तपाईं ऋणी, जमानीकर्ताहरुले यस बैंकमा अविलम्व सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्रमा बैंकलाई तिर्नु बुझाउनु पर्ने बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दै-दस्तुरहरु समेतको र कम चुक्ता भुक्तान गरी बैंकको कर्जा फर-फारक फछ्यौंट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ताहरु एवं सम्वद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। उक्त तोकिएको म्यादै भित्र बक्यौता रहेको सम्पूर्ण ऋणकर्जा चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितोजमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर-बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुल उपर गरिनेछ। कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजहरुको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्र लि. को **कालो सूची**मा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधि भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सो को ब्याज दै-दस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको **कालो सूची**मा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

तपसिल

ऋणी कम्पनीको विवरण

कम्पनी ऐन २०६३ बमोजिम नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०६७/०६/२७ मा दर्ता नं. ७७०७५/०६७/०६८ अन्तर्गत दर्ता भएको **गणपति सिमेन्ट इन्डष्ट्रिज प्रा. लि।**
ठेगाना: कपिलवस्तु जिल्ला वीरपुर गा.वि.स वडा नं. ८, वीरपुर, कपिलवस्तु।

कम्पनीका सञ्चालकहरु तथा व्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण

१. बलराम गैरेको नाति मुकुन्द प्रसाद गैरेको छोरा स्याङ्जा जिल्ला पेखु बाघखोर गा.वि.स वडा नं २ स्थायी घर भई हाल काठमाडौं जिल्ला बुढानिलकण्ठ न.पा. वडा नं ६ बस्ने ना.प्र.नं. ४७९९/६०५ (जारी मिति २०४१/०२/२८, जिल्ला प्रशासन कार्यालय, स्याङ्जा) भएका **पिताम्बर गैरे।**
२. समर बहादुर श्रेष्ठकी नातिनी राम प्रकाश श्रेष्ठकी छोरी काभ्रेपलाञ्चोक जिल्ला धुलिखेल न.पा. वडा नं ३ बस्ने ना.प्र.नं. ३०-०१-६९-००६३५ (जारी मिति २०६९/०१/२१, जिल्ला प्रशासन कार्यालय, काभ्रेपलाञ्चोक) भएकी **सुश्री जेनी श्रेष्ठ।**
३. घनश्याम न्यौपानेकी छोरी मुकुन्द प्रसाद गैरेकी बुहारी, पिताम्बर गैरेकी श्रीमती, स्याङ्जा जिल्ला वालिङ न.पा. वडा नं. ९ स्थायी घर भई हाल काठमाडौं जिल्ला बुढानिलकण्ठ न.पा. वडा नं. ६ बस्ने ना.प्र.नं. ६०७७ (जारी मिति २०५८/१२/१९, जिल्ला प्रशासन कार्यालय, स्याङ्जा) भएकी **श्रीमती कृष्ण कुमारी गैरे।**
४. समर बहादुर श्रेष्ठको नाति राम प्रकाश श्रेष्ठको छोरा काभ्रेपलाञ्चोक जिल्ला धुलिखेल न.पा. वडा नं. ३ बस्ने ना.प्र.नं. ३०१०३७/१६७८०१ (जारी मिति २०६४/१२/१८, जिल्ला प्रशासन कार्यालय, काभ्रेपलाञ्चोक) भएका **रोहित श्रेष्ठ।**
५. फत्त बहादुर गौतमको नाति जिव नाथ गौतमको छोरा रामेछाप जिल्ला गुन्सी भदौरे गा.वि.स. वडा नं. १ स्थायी घर भई हाल काठमाडौं जिल्ला काठमाडौं म.न.पा. वडा नं ३२ बस्ने ना.प्र.नं. २७८०६ (जारी मिति २०५२/०५/०७, जिल्ला प्रशासन कार्यालय, रामेछाप) भएका **टंक प्रसाद गौतम।**
६. मुक्तिनाथ चौलागाईको नाति गंगा प्रसाद चौलागाईको छोरा काभ्रेपलाञ्चोक जिल्ला कात्तिके देउराली गा.वि.स. वडा नं. ९ स्थायी घर भई हाल काठमाडौं जिल्ला काठमाडौं म.न.पा. वडा नं. ६ बस्ने ना.प्र.नं. ५६५७० (जारी मिति २०५२/०३/२०, जिल्ला प्रशासन कार्यालय, काभ्रे) भएका **सोम प्रसाद चौलागाई।**
७. बाला बक्श अग्रवालको नाति सत्यनारायण अग्रवालको छोरा कपिलवस्तु जिल्ला कृष्णनगर गा.वि.स. वडा नं. ३ स्थायी घर भई हाल कपिलवस्तु जिल्ला कृष्णनगर न.पा वडा नं. ३ बस्ने ना.प्र.नं. २१९८/५१४ (जारी मिति २०४०/०२/३१, जिल्ला प्रशासन कार्यालय, कपिलवस्तु) भएका **सुशिल कुमार अग्रवाल।**

धितो सुरक्षणहरुको विवरण

१. **गणपति सिमेन्ट इन्डष्ट्रिज प्रा. लि.** को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको कपिलवस्तु जिल्ला, साविक जवाभारी गा.वि.स वडा नं ८क हाल कपिलवस्तु जिल्ला, शिवराज न.पा वडा नं ६ मा अवस्थित कि.नं.९१९ क्षेत्रफल ४-३-७ विगाहा घर जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।
२. **गणपति सिमेन्ट इन्डष्ट्रिज प्रा. लि.** को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको कपिलवस्तु जिल्ला, साविक वीरपुर गा.वि.स वडा नं १ ख हाल कपिलवस्तु जिल्ला, शिवराज न.पा वडा नं ६ मा अवस्थित कि.नं.३२७ क्षेत्रफल ०-०-१० विगाहा घर जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

सम्बन्धित धितोदिनेको सहमति अनुसार रोक्का रहेको अचल सम्पत्तिको विवरण:
स्याङ्जा जिल्ला पेखु बाघखोर गा.वि.स वडा नं २ स्थायी घर भई हाल काठमाडौं जिल्ला बुढानिलकण्ठ न.पा. वडा नं ६ बस्ने **पिताम्बर गैरे**को नाममा दर्ता भई कपिलवस्तु जिल्ला, लालपुर गा.वि.स वडा नं ९ सिट नं ९ मा अवस्थित कि.नं. क्रमश: ५३६, ५४४, ४३१, ४७५, ५४२ र ४३० क्षेत्रफल क्रमश: ०-५-१०-०, ०-५-०-०, ०-३-१९-०, ०-१०-०-०, ०-९-०-० र ०-३-७-० विगाहा घर जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।
स्याङ्जा जिल्ला वालिङ न.पा. वडा नं. ९ स्थायी घर भई हाल काठमाडौं जिल्ला बुढानिलकण्ठ न.पा. वडा नं. ६ बस्ने **कृष्ण कुमारी गैरे**को नाममा दर्ता भई कपिलवस्तु जिल्ला, लालपुर गा.वि.स वडा नं ९ सिट नं ९ मा अवस्थित कि.नं. ४५९ क्षेत्रफल ०-६-०-० विगाहा घर जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-५९७१८७१

Kwholasothar Rural Municipality
Office of the Rural Municipal Executive
Maling, Lamjung

Invitation for Bids

First Date of publication : 22th April 2024 (2081/01/10)

1. Kwholasothar Rural Municipality invites **only electronic bids** from Nepalese eligible bidders for the project mention below under National Competitive Single Stage, Double Envelope Bidding procedures. All other information and Bid Document can be downloaded from PPMO website www.bolpatra.gov.np/egp. All eligible bidders are requested to submit only E-bid as per instruction within mention period.

Name of Project	Contract ID	Bid Security Amount/ Validity	Bid Validity Period	Bid Document Fee
Kamro & Lamkyu Khola Motor Pul Nirman	03-NCB/ BRIDGE/ KGP/2080/81	18,00,000/ 120 day	90 days	5,000

Last Date and Time for Bid Submission	22th May 2024 (2081/02/09) till 12.00 hrs
Pre-Bid Meeting Date, Time and Location	14th May 2024 (2081/02/01) 11.00 hrs at Office
Bid Opening Date, Time and Location	22th May 2024 (2081/02/09) 14.00 hrs at Office
Account Details for Bid Document Fee	**Account Details for Bid Security Deposit**
Bank : Himalayan Bank Limited, Maling, Lamjung Office : Kwholasothar Rural Municipality, Maling, Lamjung Account Name. : Ga-1-1 Antarik Rajaswo Account Number : 25650335660152 Rajaswa (revenue) Shirshak no. : 14229 Office Code No :	Bank : Himalayan Bank Limited, Maling, Lamjung Office : Kwholasothar Rural Municipality, Maling, Lamjung Account Name : Ga-3 Stha. Taha Dhar Kh Account Number : 25650335660063

Chief Administrative Officer

धितोमा रहेको चल/अचल सम्पत्तिको गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्रीको १५ दिने सूचना

प्रकाशित मिति : २०८१/०१/१० गते

यस माछापुच्छ्रे बैंक लि. आबुखैरेनी शाखा कार्यालयबाट तपसिलमा उल्लेखित ऋणीले आफ्नो उद्योग/व्यापार, व्यवसाय सञ्चालन गर्न लिनु भएको ऋण कर्जाको यस बैंकसँग गरेको सम्झौता बमोजिम समय समयमा तिर्न बुझाउनुपर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्न पटक पटक मौखिक, लिखित तरताकेता गरिएको एवं मिति २०८०/०५/२७ गतेको आर्थिक राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने सूचना प्रकाशित गर्दा समेत नतिरी नबुझाई बैंकसँग गरेको ऋण कर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गर्नु भएकोले बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिल बमोजिमको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ, सोहि अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी बैंक नियमानुसार विभिन्न मितिको राष्ट्रिय दैनिक पत्रिकामा धितो लिलाम बिक्रीको गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरी लिलाम बिक्री गर्दा समेत धितो सम्पत्ति लिलाम बिक्री नभएकोले पुन: गोप्य शिलबन्दी बोलपत्रद्वारा बिक्री गरिने भएको हुँदा लिन इच्छुक व्यक्ति तथा संस्थाहरुले बैंकबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी तपसिलमा उल्लेखित शर्त बन्देजहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ। प्राप्त हुन आएका बोलपत्रहरु १६ (सोह्रौं) दिनका दिन सोही स्थानमा खोलिने हुँदा तपसिलमा उल्लिखित मिति, समय र स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता/बोलपत्रवाला वा निजको आधिकारीक प्रतिनिधि, ऋणी, प्रोप्राइटर तथा सम्बद्ध सबैलाई सूचित गरिएको छ। तर उक्त दिन निजहरु अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न/धितो लिलाम बिक्रीको प्रकृया गर्न कुनै बाधा पुग्ने छैन। साथै कर्जा असुलीको कारवाही अन्तर्गत ऋणी, प्रोप्राइटर तथा सम्बद्ध सबैलाई कालोसूचीमा समावेश गरिने तथा सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम कारबाही गरी असुल उपर गरी लिइने व्यहोरा ऋणी तथा सरोकारवालाहरु सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री गरिने उपरोक्त व्यहोरा अनुरोध गर्दै सूचनाको म्यादभित्र धनी बैंकमा सम्पर्क राखी यथाशिघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्न समेत विशेष अनुरोध गरिन्छ।

तपसिल

ऋणीको नाम, ठेगाना

नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय, तनहुँमा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता कायम रहेको **काठमाडौं मोडेल टेलर्स**।
प्रा.फ.नं. घ तथा सा.उ.दि.स. ३१९८/०६९/०७०, दर्ता मिति : २०६९/०५/१३, पान नं. ३०४०२८७६०, दर्ता मिति : २०६७/०४/२३
ठेगाना : तनहुँ जिल्ला, आबुखैरनी गा.वि.स. वडा नं. ६, हाल : तनहुँ जिल्ला, आबुखैरनी गा.पा. वडा नं. १

व्यक्तिगत जमानतकर्ताहरू

१. मिठु परियार	२. जिवन बाबु परियार
ना.प्र.नं. ४४१०२०/२०१, जि.प्र.का. गोरखा	ना.प्र.नं. ३७६९८, जि.प्र.का. गोरखा
जारी मिति : २०६५/०९/१३	जारी मिति : २०५० /०३/२७
बाबु : किता बहादुर परियार	बाबु : जिते दमाई, बाजे : धुर्व दमाई
पति : जिवन बाबु परियार, ससुरा : जिते दमाई	ठेगाना : गोरखा जिल्ला, धुवाकोट गा.वि.स. वडा नं. ४
ठेगाना : गोरखा जिल्ला, धुवाकोट गा.वि.स. वडा नं. ४	हाल : तनहुँ जिल्ला, आबुखैरनी गा.पा. वडा नं. १
हाल : तनहुँ जिल्ला, आबुखैरनी गा.पा. वडा नं. १	

धितोमा रहेको सम्पत्तिको विवरण

१. जिते दमाईको बुहारी, जिवन बाबु परियारको पत्नि, गोरखा जिल्ला, धुवाकोट गा.वि.स. वडा नं. ४ स्थाई ठेगाना भई हाल तनहुँ जिल्ला, आबुखैरनी गा.पा. वडा नं. १ बस्ने मिठु परियारको नाममा मालपोत कार्यालय तनहुँमा दर्ता कायम रहेको तनहुँ जिल्ला, सत्रसय आबु गा.वि.स. वडा नं. १ स्थित कि.नं. १५५४ को क्षेत्रफल ०-३-२-१ (रो.आ.पै.दा.) को जग्गा तथा उक्त जग्गामा निर्मित सम्पूर्ण लिगलगापात समेत।
२. काठमाडौं मोडेल टेलर्सले बैंकलाई लेखिदिएको मौज्दात तथा चल सम्पत्तिको धितो सम्बन्धी सम्झौता (Hypothecation Agreement) बमोजिमको सम्पत्ति र हक हस्तान्तरण सम्बन्धी सम्झौता पत्र (Assignment Agreement) बमोजिम भुक्तानी प्राप्त गर्ने रकमहरु।

लिलाम बिक्रीको शर्त तथा बन्देजहरू

१. बोलपत्र फारम यस बैंकबाट कार्यालय समयभित्र रु. १०००/- (फिर्ता नहुने) तिरी प्राप्त गर्न सकिनेछ।
२. शिलबन्दी बोलपत्र यो सूचनामा तोकिए बमोजिमको मिति, स्थान र समयमा प्राप्त भइसक्नु पर्नेछ। म्याद नाघि वा रित नपुगी आएको तथा शर्त सहितको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
३. बोलपत्र बुझाउने अन्तिम दिन/खोल्ने दिन बैंक विदा परेमा विदाको लगतै बैंक खुलेको दिनमा बोलपत्र बुझाउन/खोल्न सकिनेछ। सो तोकिए अनुसारको दिन विदा परेमा त्यसपछिको लगतै बैंक खुलेको दिन दिउँसो ठीक १२:०० बजे सम्ममा कारोबार गरी बोलपत्र खोल्न सकिनेछ।
४. बोलपत्रमा आफुले सकार गरिलिन चाहेको सम्पत्तिको विवरण खुलाई के कति रकममा सकार गरी लिन चाहेको हो अंक तथा अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनुपर्नेछ।
५. बोलपत्रमा आफुले कबोल गरेको रकमको १० प्रतिशतले हुन आउने धरौटी रकम यस बैंकको नाममा खिचिएको ड्राफ्ट/नगद जम्मा बैंक भौचर/गुडफर पेमेन्ट चेक समेत शिलबन्दी बोलपत्र साथ समावेश गरी पेश गर्नुपर्नेछ।
६. बढी रकम कबोल गर्नेको बोलपत्र स्वीकृत भएमा सो सूचनाको जानकारी दिएको ७ (सात) दिन भित्र बाँकी सम्पूर्ण रकम बुझाई उक्त सम्पत्ति आफ्नो नाममा नामसारी गर्ने प्रकृया अगाडि बढाउनुपर्नेछ। उक्त बाँकी रकम तोकिएको समयमा नबुझाएमा धरौटी बापत रहेको १० प्रतिशत रकम स्वत: जफत हुनेछ।
७. कुनैपनि अवस्थामा लिलाम प्रकृया रद्द गर्ने वा बोलपत्र स्वीकृत गर्ने/नगर्ने वा नेगोशियसन गर्ने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ।
८. इच्छुक खरिदकर्ताले खरिद गर्न चाहेको सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा खरिद गर्नुपर्नेछ। लिलाम बिक्री हुने सम्पत्ति र अन्य कुरा बुझ्न हेर्न वा स्थलगत निरीक्षण गर्न चाहनु हुने महानुभावहरुले यस बैंकमा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नुहुनेछ।
९. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ को उपदफा (७/८) अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम बैंकलाई चित्त बुझ्दो नभएमा प्रचलित ऐन कानून तथा आफ्नो नियम अनुसार बैंकले उक्त सम्पत्ति सकार गरी स्वामित्व आफुमा लिन/अधिनमा राख्न सक्नेछ।
१०. उक्त लिलाममा राखेको सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, रजिष्ट्रेशन दस्तुर, सम्पत्ति कर, स्थानिय कर र धारा/विजुली शुल्क (बाँकी बक्यौता समेत) सम्पूर्ण दायित्व आदि सकार गर्ने व्यक्ति वा पार्टी आफैले तिर्नुपर्नेछ।
११. उल्लेखित सम्पत्ति लिइसकेपछि सोको सम्पूर्ण जवाफदेही स्वयं खरिदकर्ताको हुनेछ। धनी बैंकसँग पछि कुनै कैफियत देखाउन वा दाबी गर्न पाईने छैन।
१२. लिलाम बोलकबोल गरेको रकम वा धरौटी वापत बुझाएको रकममा कुनै ब्याज प्रदान गरिने छैन। साथै लिलाम सदर/बदरको निर्णय नभएसम्म धरौटी रकम फिर्ता माग गर्न पाइने छैन।
१३. शिलबन्दी बोलपत्र यस बैंकले उपलब्ध गराए बमोजिमको तोकिदिएको ढाँचामा पेश गर्नुपर्नेछ। साथै बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ।

पुनश्च : उल्लेखित धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दा साविकमा बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा उक्त सम्पत्तिको उचित मूल्य प्राप्त नभै कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कहि कतै उजुरवाजुर गर्न पाउनुहुने छैन।

बोलपत्र पेश गर्ने अन्तिम मिति, समय र स्थान :	बोलपत्र खोलिने मिति, समय र स्थान :
२०८१/०१/२४ सोमबार कार्यालय समय सम्म शाखा कार्यालय, आबुखैरेनी	२०८१/०१/२५ मंगलबार दिनको ३:३० बजे शाखा कार्यालय, आबुखैरेनी

माछापुच्छ्रे बैंक
सबल, उत्कृष्ट एवं विस्तारित
शाखा कार्यालय, आबुखैरेनी

सोमबार १० वैशाख ०८१
www.nayapatrikadaily.com
का.जि.द.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.द.न. १७/०६९/०७०
नयाँ पत्रिका

त्रिवि मैदानमा फ्लड लाइट जडान गर्न नयाँ सम्झौताको तयारीमा राखेप



फाइल तस्बिर

रमेश सुवेदी/नयाँ पत्रिका

राष्ट्रिय खेलकुद परिषद्ले त्रिवि क्रिकेट मैदानमा फ्लड लाइट जडान गर्न एक साताभित्र नयाँ कम्पनीसँग सम्झौता गर्ने तयारी गरेको छ। अहिले टेन्डर मूल्यांकन भइरहेको राखेपले जनाएको छ। निर्माण कम्पनी छनोटका क्रममा देखिएको विवादका कारण त्रिभुवन विश्वविद्यालय अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा 'फ्लड लाइट' जडान गर्ने कार्य अन्योलमा परेको हो। फ्लड लाइट जडानका लागि प्रक्रिया अगाडि बढाइए पनि ठेक्का प्रक्रियामा संलग्न निर्माण कम्पनीबीच विवाद देखिएपछि निर्माण कार्य अगाडि बढ्न सकेको थिएन। यसअघि ठेक्का पाएको कम्पनीलाई अर्को कम्पनीले उजुरी दिएको थियो।

त्यसपछि उच्च अदालत पाटनमा रिट दायर भएको थियो। अदालतले पुनरावेदन समितिकै निर्णय सदर गरिदियो। त्यसपछि यो मुद्दा सर्वोच्च अदालतमा पुगेको छ। राखेपले सार्वजनिक खरिद पुनरावेदन समिति र उच्च अदालतको आदेशपछि पुरानो सम्झौता खारेज गरी नयाँ प्रक्रिया अगाडि बढाएको हो। राष्ट्रिय खेलकुद परिषद् (राखेप)ले नयाँ टेन्डरका लागि २१ दिने सूचना जारी गरेको छ। राखेपले टेन्डर मूल्यांकन गरिरहेको र एक साताभित्र सम्झौता गर्ने तयारी भइरहेको सदस्यसचिव टंकलाल घिसिङले जानकारी दिएका छन्।

'यो समय भनेको मौन बस्ने हो। एक साताभित्र मूल्यांकन भएर सम्झौता गर्ने योजनामा छौं,' घिसिङले नयाँ पत्रिकासँग भने, 'कम्पनीहरूका मापदण्ड पूरा भएका छन् वा छैनन्, टेन्डर राखेका कम्पनी के-कस्ता छन्, बुझ्ने प्रक्रियामा छौं।' गत वर्ष प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले एसिसी प्रिमियर कपको फाइनलपछि त्रिवि क्रिकेट मैदानमा फ्लड लाइट राख्न निर्देशन दिएका थिए। त्यसपछि पहिलोपटक टेन्डर आह्वान गरिएको थियो, जसमा पाँचवटा निर्माण कम्पनीले टेन्डर भरेका थिए। राखेपले फ्लड लाइट जडान गर्न २७ करोड ४० लाख दुई हजार २२ रुपैयाँमा टेन्डर आह्वान गरेको थियो।

मापदण्ड पूरा नगरेका कम्पनीले टेन्डर भरेपछि राखेपले फेरि टेन्डर आह्वान गरेको थियो। जसमा एमएसआईपिएल-एएससी पावर जेभी, सूर्योदय ऊर्जा-बुद्धिराज इलेक्ट्रिक्स जेभी, पशुपति रोयल जेभी र इन्फा कार्की बन्धु जेभीले टेन्डर भरेका थिए। टेन्डर भरेकामध्ये सबै प्रक्रिया र मापदण्ड पूरा गरेको जनाउँदै राखेपले एमएसआईपिएल-एएससी जेभीलाई नै फ्लड लाइट जडान गर्ने ठेक्का दियो। तर, सूर्योदय ऊर्जा-बुद्धिराज इलेक्ट्रिक्स जेभीले आफूमाथि अन्याय भएको भन्दै उजुरी दियो। यो उजुरी सार्वजनिक पुनरावलोकन समितिमा पुग्यो। समितिले छानबिन गरी सूर्योदय ऊर्जा-बुद्धिराज इलेक्ट्रिक्स जेभीकै पक्षमा निर्णय दियो। समितिले सूर्योदय ऊर्जा-बुद्धिराज इलेक्ट्रिक्सलाई पनि समेटेर पुनः मूल्यांकन गर्न निर्देशन दिएको थियो। समितिको निर्णय चित्त नबुझेको भन्दै एमएसआईपिएल-एएससी पावर जेभीले आफूहरूले सबै प्रक्रिया पूरा गरेर 'फ्लड लाइट' जडानको जिम्मेवारी पाएकाले काम गर्ने पाऊँ भनी उच्च अदालत पाटनमा रिट दर्ता गऱ्यो। अदालतले सार्वजनिक पुनरावलोकन समितिको निर्णय नै सदर गरिदियो। फ्लड लाइट जडानका सम्बन्धमा टेन्डर भरेका अघिल्ला दुई पक्षबीचको मुद्दा अहिले सर्वोच्च अदालत पुगेको छ। राखेपले त्यो सम्झौता रद्द गर्दै नयाँ टेन्डर आह्वान गरेको हो। राखेपले नयाँ टेन्डरमाथि मूल्यांकन गरिरहेको हो। फ्लड लाइट जडानका सम्बन्धमा राखेपमा कतिवटा कम्पनीले टेन्डर भरे भन्ने खुलाइएको छैन।



राखेपका सदस्यसचिव टंकलाल घिसिङ भन्छन्–

हामीले नयाँ प्रक्रिया अगाडि बढाएका छौं। यस अवधिमा मौन बस्नुपर्छ। टेन्डर परेका कम्पनीको मूल्यांकन एक साताभित्र गर्छौं। यसअघि निर्माण सम्झौता भइसकेको अवस्थामा सार्वजनिक खरिद पुनरावेदन समितिमा छानबिनका लागि निवेदन परेको थियो। समिति र उच्च अदालतको आदेशपछि टेन्डर खारेज गरी नयाँ प्रक्रिया अगाडि बढाएका हौं।

फेरि टेन्डर रद्द भए के हुन्छ ?

पहिलोपटक आह्वान गर्दा कुनै नपरेपछि राखेपले पुनः टेन्डर आह्वान गरेको थियो। ४५ दिनपछि खोलिएको टेन्डरमा चार कम्पनीले दाबी गरेका थिए। अदालतसम्म मुद्दा पुगेपछि राखेपले सम्झौता नै रद्द गऱ्यो। त्यसपछि रिटेन्डरका लागि २१ दिनको सूचना निकालिएको छ। यसमा पनि विवाद भए पुनः सम्झौता रद्द हुनेछ। त्यसछि फेरि सात दिनको सूचना निकालेर अर्को टेन्डर आह्वान हुनेछ।

■ चौथो मिल्स गोल्डकप

झापाको कन्काई सेमिफाइनलमा



विराटनगर/ झापाको कन्काई स्पोर्टिङ क्लबले घरेलु टोली टिडब्लू विराटनगरलाई २-१ ले हराउँदै चौथो मिल्स गोल्डकप फुटबल प्रतियोगिताको सेमिफाइनलमा स्थान सुरक्षित गरेको छ। विराटनगर जुटमिलमा भएको खेलमा कन्काईका सन्दीप रसाइलीले दुई गोल गरेका थिए। जितसँगै कन्काईले फाइनल प्रवेशका बुधबार एपिएफको सामना गर्नेछ। टिडब्लूका आशिष राईले एक गोल गरे। खेलको २७औं मिनेटमा आशिषले डिबक्सभित्रबाट गोल गर्दै टिडब्लूलाई १-० को अग्रता दिलाए।

डिबक्सभित्र झापाका खेलाडीबाट रिबाउन्ड भएको बलमै आशिषले गोल गरेका हुन्। पहिलो हाफमा झापाले बराबरी गोल प्रयास गरेको थियो। मध्यान्तरअघिसम्म टिडब्लू बलियो देखियो। खेलको ५०औं मिनेटमा कन्काईले बराबरी गोल फर्काएको थियो। सन्दीपले डिबक्सभित्र सहजै गोल गर्दै कन्काईलाई १-१ को स्थितिमा पुऱ्याए।

खेल सकिन दुई मिनेटअघि कन्काईले पेनाल्टीमा गोल गर्दै जित निकाल्यो। कन्काईका श्याम मुर्मूलाई टिडब्लूका खेलाडीले डिबक्सभित्र फल खेलेपछि रेफ्री मदन काफ्लेले पेनान्टी दिए। सन्दीपले सहजै गोल गरे। यसअघि खेलको नवौं मिनेटमा टिडब्लूका मनोज खड्काको सशक्त प्रहार कन्काईका गोलरक्षक सन्तोष दनुवारले क्लियर गरेका थिए। खेलको ४१औं मिनेटमा कन्काईका श्यामले डिबक्सभित्रबाट प्रहार गरेको बल क्रसबार हुँदै बाहिरियो।

भोजपुर गोल्डकप आजदेखि

भोजपुर/ सातौं अन्तर्राष्ट्रिय आमन्त्रित मेयर भोजपुर गोल्डकप प्रतियोगिता आजदेखि हुँदै छ। प्रतियोगिताको सम्पूर्ण तयारी पूरा भएको आयोजक भोजपुर जिल्ला फुटबल संघले जनाएको छ। भोजपुर रंगशालामा हुने गोल्डकपमा 'ए' डिभिजनका दुई क्लबसहित आठ टोलीको सहभागिता रहने संघका अध्यक्ष प्रवीण सुवाललले बताए।

लिग विजेता चर्च ब्वाइज युनाइटेड र त्रिभुवन आर्मी क्लबले सहभागिता जनाउनेछन्। जर्जियन फुटबल क्लब भारत, राजारानी फुटबल क्लब धनकुटा, डाँगीहाट युथ क्लब मोरङ, सलहेश युवा क्लब सिराहा, खोटाङ भगवती स्पोर्टस् क्लब र आयोजक टिम मैदानमा उत्रिनेछन्। प्रतियोगिताका विजेताले पाँच लाख र उपविजेताले तीन लाख पाउने सुवाललले बताए।

कोलकाताले बेंग्लोरलाई १ रनले हरायो

एजेन्सी

१७औं इन्डियन प्रिमियर लिग (आइपिएल)को आइतबारको ३६औं खेलमा कोलकाता नाइट राइडर्सले रोयल च्यालेन्जर्स बेंग्लोरलाई रोमाञ्चक १ रनले हराएको छ। आइपिएल इतिहासमा १ रनको यो जित १३औं हो। इडेन गार्डेन मैदानमा पहिले ब्याटिङ गरेको कोलकाताले २० ओभरमा ६ विकेट गुमाएर २२२ रनको योगफल खडा गऱ्यो। प्रत्युउत्तरमा बेंग्लोरले २० ओभरमा सबै विकेट गुमाएर २२१ रन बनाएको थियो। खेलमा कोलकाताका एन्ड्रे रसेल म्यान अफ दी म्याच भए। उनले ब्याटिङमा २० बलमा २७ रन र बलिङमा २५ रन खर्चेर तीन विकेट लिए। जितसँगै कोलकाताले सात खेलबाट १० अंक बटुली दोस्रो स्थान रक्षा गरेको छ। बेंग्लोरले आठ खेलमा २ अंक मात्र जोडेको छ। बेंग्लोर पुछारमा छ। शीर्ष स्थानको राजस्थान रोयल्सले १२ अंक जोडेको छ।



अन्तिम ओभरमा २१ रन आवश्यक

बेंग्लोरलाई अन्तिम ओभरमा २१ रन आवश्यक थियो। कोलकाताबाट मिचेल स्टार्कले बलिङ गरेका थिए। उनले पहिलो चार बलमा १६ रन खर्चेका थिए। बेंग्लोरका कर्ण शर्माले १९.३ र १९.४ ओभरमा छक्का प्रहार गरी बेंग्लोरलाई सनसनी जिततर्फ उन्मुख गराए। इनिङ्सको १९.५ ओभरमा स्टार्कले कर्णको उत्कृष्ट क्याच लिए। कर्णले स्ट्रेट ड्राइभ प्रहार गरेको बललाई स्टार्कले उत्कृष्ट क्याच लिएका हुन्। इनिङ्सको अन्तिम बलमा बेंग्लोरलाई ३ रन आवश्यक रह्यो। लोकी फर्गुसनले २ रन लिने प्रयास गरे। उनी दोस्रो रन लिने चक्करमा विकेटकिपर साल्टबाट रनआउट भए। फर्गुसन रनआउट भएसँगै कोलकाताले बेंग्लोरमाथि सनसनी १ रनको जित निकाल्यो। स्टार्कले तीन ओभरमा ५५ रन खर्चेर एक मात्र विकेट हात पारे। हर्षित रानाले ३३ रन खर्चेर दुई विकेट लिए। वरुण चक्रवर्ती र सुनील नारिनले समान एक विकेट हात पारे।

प्रतिओभर ११ रनरेट बनाउन पर्ने इनिङ्समा बेंग्लोरले ३.१ ओभरमा दुवै ओपनर गुमाएको थियो। विराट कोहली १८ तथा फा डु प्लेसिस ७ रनमा आउट भए। विल ज्याक्स र रजत पतिदरले तेस्रो विकेटका लागि १०२ रनको शतकीय साझेदारी गर्दै बेंग्लोरलाई बलियो स्थितिमा पुऱ्याए। दुवैले बेंग्लोरलाई ११.१ ओभरमा १३७-३ को स्थितिमा राखे। रसेलले एकै ओभरमा बेंग्लोरका ज्याक्स र रजतका विकेट लिँदै खेल कोलकातातर्फ ल्याए।

महावीरको पहिलो जित

नयाँ पत्रिका

महावीर क्लबले सहिद स्मारक 'सी' डिभिजन लिगमा पहिलो जित निकालेको छ। अखिल नेपाल फुटबल संघ (एन्फा) मुख्यालय सातदोबाटोको मैदानमा महावीरले आइतबार समाज कल्याण खेलकुद केन्द्रलाई ३-२ ले हराएको हो। महावीरको जितमा सन्दीप श्रेष्ठले दुई गोल गरे। महावीरका सुरज थारूले एक गोल गरेका थिए। समाज कल्याणका लागि मनोज नेपाली र शरद राईले समान एक गोल गरेका हुन्। लिगमा आफ्नो चौथो खेलमा पहिलो जित निकालेको महावीर ५ अंकका साथ तालिकाको सातौं स्थानमा छ। महावीर यसअघिका दुई खेलमा १ अंकमा सीमित भएको थियो। महावीर एक खेलमा पराजित भएको छ।

समाज कल्याण समान ५ अंकका साथ छैटौं स्थानमा छ। समाज कल्याणको यो पहिलो हार हो। तीन खेल खेल्दा ९ अंकका साथ पुल्चोक पहिलो र आरसी ३२ दोस्रो स्थानमा छन्। महावीरले पहिलो खेलमा बाजुराको रानीवन स्पोर्टस् क्लबसँग १-१ को बराबरी खेलेको थियो।

सुदूरपश्चिम ३ रनले विजयी

काठमाडौं/ सुदूरपश्चिम र कर्णालीले वीर गणेशमान सिंह राष्ट्रिय पुरुष टी-२० क्रिकेट प्रतियोगितामा जित निकालेका छन्। आइतबार भएको पहिलो खेलमा सुदूरपश्चिमले कोशीमाथि ३ रनको रोमाञ्चक जित निकाल्यो। सुदूरपश्चिम र कोशीले समान तीन खेल खेलका छन्। सुदूरपश्चिमको यो जित र कोशीको लगातार तेस्रो हार हो। पहिलो ब्याटिङ गरेको सुदूरपश्चिमले २० ओभरमा ७ विकेट गुमाएर १५४ रन जोडेको थियो। सुदूरपश्चिमका अभिषेक पालले ४१ बलमा ६० रन जोडे। उनले तीनमध्ये दुई खेलमा अर्धशतक बनाएका छन्। सुदूरपश्चिमका दीपक बोहराले ३२ तथा गजेन्द्र बोहराले २९ रन जोडे। कोशीका ज्ञानेन्द्र श्रेष्ठ र कप्तान अंकित सुवेदीले समान दुई विकेट लिए।

प्रत्युत्तरमा कोशी २० ओभरमा पाँच विकेट गुमाउँदै १५१ रनमा समेटियो। कोशीका श्रवण यादवले २७ बलमा अविजित ४६ रन बनाए। दीपेश कँडेलले १० बलमा अविजित २१ रन जोडे। मिनस थापाले ३८ बलमा ३४ तथा समीर कार्कीले १४ बलमा २२ रन बटुले। सुदूरपश्चिमका नारायण जोशीले दुई विकेट लिए। अर्को खेलमा कर्णालीले मधेशमाथि ६ विकेटको जित दर्ता गऱ्यो। मांयनले ३२ बलमा ३६ रन जोडे। आक्रामक ब्याटिङ गरेका विशालले १९ बलमा ३२ रन बनाए।

कोशीका सदस्यसचिवमाथि प्रशिक्षकलाई अभद्र व्यवहार गरेको आरोप

विराटनगरमा गणेश लम्साल

कोशी प्रदेश खेलकुद परिषद्का सदस्यसचिव हंसराज वाग्लेले सार्वजनिक स्थलमा उसुका प्रशिक्षक विनोद मरिकमाथि अभद्र व्यवहार गरेको आरोप लागेको छ। मोरङका अधिकृत स्तरका उसु प्रशिक्षक मरिकलाई गत साता सम्पन्न केन्द्रीय स्तरको राष्ट्रपति रनिङ सिल्डमा सहभागी हुने टोलीको बिदाइ कार्यक्रममा सदस्यसचिव वाग्लेले गालीगलौज गरेको आरोप विभिन्न खेलका प्रशिक्षक, कर्मचारी र खेलकुद संघहरूले लगाएका हुन्। उनीहरूले वाग्लेलाई कारबाहीको मागसमेत राखेका छन्।

मोरङ प्रशिक्षक संघ, उसु, एथलेटिक्स, ब्याडमिन्टन, कराँते, तेक्वान्दो, सुटिङ, भलिबल, बास्केटबललगायत एक दर्जन संघले राष्ट्रिय खेलकुद परिषद्, कोशी प्रदेश सरकार, उसु महासंघ र जिल्ला प्रशासन कार्यालय मोरङमा छानबिन गरी दोषीलाई कारबाही गर्न उजुरी दिएका छन्। काठमाडौंमा ४ देखि ६ वैशाखमा भएको राष्ट्रपति रनिङ सिल्डमा कोशीबाट उसुका प्रशिक्षकका रूपमा मरिक थिए। तर, उनको स्थानमा सदस्यसचिव वाग्लेले आफ्नै मातहतको प्रशिक्षकलाई पठाएका थिए।



हंसराज वाग्ले
सदस्यसचिव, कोशी

विनोद मरिक
प्रशिक्षक, उसु

सदस्यसचिव वाग्लेले राष्ट्रपति गोल्डकपमा प्रशिक्षकका रूपमा पठाइनुपर्ने मरिकलाई उल्टै सार्वजनिक स्थलमा गालीगलौजसँगै अभद्र व्यवहार गरेको दाबी खेलकुद संघहरूले लगाएका छन्। सदस्यसचिव वाग्लेले आफूमाथिको आरोपको खण्डन गरेका छन्। उनले प्रतियोगिताका लागि प्रदेशअन्तर्गतका प्रशिक्षकलाई जिम्मेवारी दिएको र खेलमा राजनीति गर्न नचाहेको उनले बताए। 'यहाँको प्रशिक्षक नपठाएर अन्तको प्रशिक्षक कहाँ पठाउँछु ? मलाई तर्साउने काम गरिएको हो,' उनले भने, 'ठगी खानेले नै खेलकुदमा राजनीति गर्न खोजेका छन्, राखेपमा अझै बलबहादुर केसीको अवशेष छन्।' यसैबीच, प्रशिक्षक मरिकले सदस्यसचिव वाग्लेविरुद्ध दिएको कारबाही निवेदन फिर्ता लिएका छन्।

कर्मचारी संघद्वारा कारबाही माग

राष्ट्रिय खेलकुद परिषद् कर्मचारी संघले विज्ञप्ति जारी गर्दै प्रशिक्षक मरिकलाई न्याय दिलाउन माग गरेको छ। संघले घटनाप्रति ध्यानाकर्षण भएको जनाएको छ। 'घटनाप्रति केन्द्रीय कर्मचारी संघको गम्भीर ध्यानाकर्षण भएको छ,' संघकी अध्यक्ष सरस्वती केसीले जारी गरेको विज्ञप्तिमा भनिएको छ।

थाक्रे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
महादेवबेसी, धादिङ
बागमती प्रदेश, नेपाल

आशयको सूचना

(प्रकाशित मिति : २०८१/०१/१०)

यस कार्यालयको मिति २०८०/११/२३ गते सिलबन्दी दरभाउपत्र आह्वानको सूचना अनुसार पेश भएका प्रस्तावहरूको Technical Evaluation / Financial Evaluation बाट तपसिलमा उल्लेखित प्रस्तावदाताको प्रस्ताव स्वीकृतका लागि छनौट गरिएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ को प्रयोजनार्थ सबैको जानकारीको लागि ७ (सात) दिने आशयको सूचना प्रकाशित गरिएको छ।

तपसिल :

सि. नं.	छनौट भएको प्रस्तावदाता	कामको विवरण	कोवल अङ्क
१.	डालीमा मेडिसेल्स, काठमाडौं	01/THAKRE/HEALTH/GOODS/2080/081	रु 15,73,931.80 (अक्षरेपी पन्ध्र लाख त्रिहत्तर हजार नौ सय एकतिस रुपैयाँ असी पैसा मात्र।

प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार
शहरी विकास मन्त्रालय
शहरी विकास तथा भवन निर्माण बिभाग
सघन शहरी तथा भवन निर्माण आयोजना चितवन

बोलपत्र छनौट सम्बन्धी आशयको सूचना

सूचना प्रकाशन मिति २०८१/०१/१० (April 22, 2024)

यस आयोजनाबाट मिति २०८०/१२/०१ मा प्रकाशित सूचना अनुसारको बोलपत्रहरुको मुल्यांकन हुँदा सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ बमोजिम तल तालिकामा उल्लेखित बोलपत्रदाताको प्रस्ताव न्युनतम मुल्यांकित तथा सारभूत रुपमा प्रभावग्राही बोलपत्र (Lowest Evaluated and Substantial Responsive Bidders) निर्धारण भई स्वीकृतिका लागि छनौट गरिएकोले ऐ. ऐनको दफा २७(२), ४७ तथा नियमावलीको नियम १०० को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ।

खरिद नं.	खरिदको बिषय	सफल बोलपत्रदाताको नाम	मु.अ.क. सहितको कबोल अंक रु
PUDBC/CHITWAN/NCB/WORKS/34/080/ 081	Upgradation of Jugedi khola Road at Bharatpur-29, Chitwan	Sonal Construction Company Pvt Ltd	20,71,196.32
PUDBC/CHITWAN/NCB/WORKS/35/080/ 081	Construction of Infrastructure at Binayi triveni Rural Municipality-6, Nawalparasi east	Susta Construction Company Pvt. Ltd.	86,30,028.09
PUDBC/CHITWAN/NCB/WORKS/36/080/ 081	Construction of Footpath railing at buddhachowk-katahar chowk, Bharatpur-7, chitwan	Akashnanda Construction and Interior PVT.LTD	20,89,323.81
PUDBC/CHITWAN/NCB/WORKS/37/080/ 081	Construction and Beautification of kerunga Drain Corridor at Bharatpur Metropolitan city, Chitwan	Sonal Construction Company Pvt Ltd	99,91,999.01

आयोजना प्रमुख

दोरम्बा शैलुंग गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
टोकरपुर रामेछाप, बागमती प्रदेश

बोलपत्र स्वीकृतिको आशयपत्र जारि गरिएको बारे सूचना

प्रकाशित मिति : २०८१/०१/१०

यस दोरम्बा शैलुंग गाउँपलिकबाट रास्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र सूचना अनुसार e-bid मार्फत कार्यालयमा दर्ता भएका बोलापत्रहरु मध्ये तपसिल बमोजिमको बोलपत्रदाताको बोलपत्र न्यूनतम मुल्यांकित सारभुतरुपमा प्रभावाग्राही भएको हुदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ बमोजिम बोलपत्र स्वीकृत गर्ने प्रयोजनार्थ आशयको सूचना प्रकाशित गरिएको छ।

क.स	ठेक्का नं.	विवरण	बोलपत्रदाताको नाम	स्वीकृत रकम	कैफियत
१	DSRM/Works/NCB/080/81-16	Brihat Shailung Khanepani Yojana	R. Kho Magar Construction	64,57,686.30	

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com